# बुद्धधर्मको विकासमा युवाहरूको भूमिका



तिलकमान गुभाजु

Downloaded from http://www.dhamma.digital




# फोर नाईन ज्वेलरीज ९९९९

Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्मको विकासमा युवाहरुको भूमिका

(बुद्धधर्म संबन्धी लेखहरुको संग्रह)

लेखक

**तिलकमान गुभाजू**

**प्रकाशक**

उत्तममान बुद्धाचार्य

मोहरियाटोल, पोखरा

Downloaded from http://www.dhamma.digital

**प्रकाशक**

**उत्तममान बुद्धाचार्य**

**मोहरिया टोल, पोखरा**

**पहिलो संस्करण**: १००० प्रति

**अवसर**:

**पूजनीय पिता तेजमान बुद्धाचार्य तथा**

**ममतामयी माता सरस्वती बुद्धाचार्यको दाम्पत्य जीवनको स्वर्ण महोत्सवको सुखद अवसरमा प्रकाशित**

**विक्रम संवत्** : २०६४ फागुन १८ गते शनिवार

**बुद्ध संवत्** : २५५१

**नेपाल संवत्** : ११२७

**निःशुल्क वितरण**

मुद्रण:

हिमालय अफसेट प्रेस

नयाँ बजार, पोखरा

Downloaded from http://www.dhamma.digital

# दिवंगत बाजे खेलेन्द्रमान बुद्धाचार्य
# तथा
# बज्यै वेन कुमारी बुद्धाचार्य



जन्म १९६९-५-२२
दिवंगत २०४४-१२-२८

जन्म १९७२-८-३
दिवंगत २०५५-८-१७

Downloaded from http://www.dhamma.digital

# पूजनीय पिता तेजमान बुद्धाचार्य
तथा
# ममतामयी माता सरस्वती बुद्धाचार्यको

सुखद दाम्पत्य जीवनको स्वर्ण महोत्सवको
शुभ उपलक्ष्यमा उहाँहरूको सुख, सु-स्वास्थ्य र दिर्घायुको
मंगलमय कामना गर्दछौ ।




**छोरा/बुहारी**
ीतममान बुद्धाचार्य
त्तममान बुद्धाचार्य/नीता बुद्धाचार्य
प्रितममान बुद्धाचार्य/यमुना बुद्धाचार्य

**छोरीहरु**
दमयन्ती शाक्य
गंगा बुद्धाचार्य
भागिरथी शाक्य

**नातीहरु**
...म, सुमेध, प्रयन र सुदत्तमान बुद्धाचार्य

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

पूजनीय बुवा तेजमान बुद्धाचार्य र ममतामयी माता सरस्वती बुद्धाचार्यको दाम्पत्य जीवन ५० औं वर्ष पार गरेको सुखद उपलक्ष्यमा हामी छोरा ब्रुहारी तथा छोरीहरू र नातिहरू सम्पूर्णले यस सुखद अवसरलाई उत्सवको रूपमा मनाउने सल्लाह भई स्वर्ण महोत्सवको रूपमा मनाउँदैछौं ।

कुनैपनि यस्तो मंगलोत्सवहरूमा हाम्रा बुवा बाजेहरूले धेरै अगाडि देखि विभिन्न सामाजिक संघ संस्थाहरू र धार्मिक स्थलहरू को लागि आर्थिक भौतिक सहयोगहरू गर्दै आउनु भएको छ । बाजे स्वर्गीय खिलेन्द्रमान बुद्धाचार्य र स्वर्गीय वेनकुमारी बुद्धाचार्य र छोराहरूले धर्म संघ बुद्ध बिहारको मूल बुद्ध मूर्तिको आसनको सम्पूर्ण भाग, बिहारको मूल गेट र अन्य कामहरू र धर्मशीला बुद्ध बिहारको एककोठा सहितको अतिथि भवन निर्माण गरि दिनु भएको थियो । पछि छोराहरूले शाक्य समाजको जग्गा र भवन निर्माण गर्न यथेष्ठ रूपले सहयोग गर्नु भएको थयो । त्यस्तै धेरै मठ मन्दिरहरू, स्कूल, रक्तसंचार केन्द्र र अन्य सामाजिक संस्थाहरूलाई पनि महत्वपूर्ण सहयोग गरि आउनु भएको छ । यस्तो सद्धर्म चीरस्थायी हुने कार्यमा यस परिवारले सँधै सहयोग पुऱ्याउँदै आएको छ ।

पुर्खा देखिको पुण्य संस्कारहरूले गर्दा अहिले पनि यस्तो पुण्य कर्म गर्ने सुअवसर प्राप्त भैरहेको छ, जुन यसपटक माता पिता प्रणय सूत्रमा बाँधिनु भएको ५० औं वर्ष पार गरेको उपलक्ष्यमा यस कार्यक्रमको आयोजना गरि यस पुस्तकको प्रकाशन गर्ने अवसर प्राप्त भएको छ ।

२०५२ सालमा युवा बौद्ध संघको स्थापना सँगै मैले विद्वान भिक्षु भिक्षुणी र बौद्ध विद्वान तथा आचार्य गुरूहरूको संगत गर्ने अवसर पाएँ ।

Downloaded from http://www.dhamma.digital

बुद्ध शिक्षा ध्यान भावना सम्बन्धमा पढ्ने सुन्ने र सिक्ने अवसर मिल्यो । यसै क्रममा विभिन्न गोष्ठी सेमिनारहरूको आयोजना हुँदा अग्रज दाजु बौद्ध विद्वान तिलकमान गुभाजूज्यूले कार्यपत्रहरू प्रस्तुत गर्नु हुन्थ्यो । त्यो कार्यपत्रहरू र विभिन्न अवसरहरूमा प्रकाशित हुने उहाँका लेख/रचनाहरू मध्ये जसले मलाई छोयो, र जुन समय सान्दर्भिक थियो, ऐतिहासिक थियो, बुद्ध शिक्षा अध्ययन गर्न चाहनेहरूको लागि महत्वपूर्ण लाग्यो, जसले आजका केहि गर्न चाहने युवाहरूको लागि प्रेरणा हुने लागेर मैले तिलक दाईलाई यस्तो लेख/रचनाहरूको संग्रह निकाल्न प्रस्ताव गरें । उहाँले सहर्ष स्वीकार गर्नु भयो । तर समय प्रतिकूल रहि रह्यो । जे कुरालाई पनि समय चाहिंदो रहेछ । अहिले समय अनुकूल रहेको रहेछ । संयोग जुर्न आयो- यो ५० औं बिवाह उत्सव स्वर्ण महोत्सव । यस अवसरलाई केहि रचनात्मक बनाउन अन्य समाजोपयोगी कार्यहरू गर्ने धर्मप्रीति मनमा रहेकोले अन्य कार्यहरू सँगै यो पुस्तक प्रकाशित गर्ने अवसर मिल्यो ।

बुद्ध शिक्षामा दानको ठूलो महत्व छ । दान धेरै प्रकारको हुन्छ । त्यसमध्ये "सब्ब दानं धम्म दानं जिनाति" सबै दानहरू मध्ये धर्मदान नै उत्तम दान हो भनी बुद्धले विभिन्न प्रसंगमा भन्नु भएको छ, जसले मानवलाई सहि शिक्षा दिन्छ, सहि मार्ग पहिल्याउँछ र उसको हित कल्याण गर्छ त्यो महत्वपूर्ण रहन्छ । त्यसैले यस पुस्तकबाट पनि पाठकहरूले आफ्नो जीवनोपयोगी हुने शिक्षा ग्रहण गर्न मिल्ने छ भन्ने लागेको छ ।

पूजनीय बुवा मुमाको असीम कृपाले आज हामीहरू आफ्नो जीवनपथमा लम्किरहेका छौं । उहाँहरूको मार्ग निर्देशन जीवनभर रहने ममता र यस पृथ्वीमा हामीहरू उत्पन्न हुने जुन हेतु रह्यो, यसको असीमित गुण हामीले बोकिरहेका छौं ।

'मातापितु गुणो अनन्तो" भनी बुद्धले सिंगालोवाद सूत्तमा भन्नु भएको छ- आमा र बुवाको गुण अनन्त छ, असीमित छ, जुन गुण चुकाउन हामी साधारण मानिसलाई गाह्रो छ तर पनि उहाँहरूको गुण स्मरण गरेर आफुले

Downloaded from http://www.dhamma.digital

सकेको सेवा सुषुश्रा लालन पालन र उहाँहरूको चित्त प्रसन्न हुने पुण्य कार्य गर्नु नै सन्तानको पहिलो धर्म हो । अन्य पूजा आजा तीर्थ व्रत भन्दापनि आमा बुवाको सेवा महत्वपूर्ण र फलदायी छ । यहि आदर्शलाई लिएर सम्पूर्ण छोरा छोरीहरूले आफ्नो कर्तब्य पालना गर्नु पर्छ । यहि कर्तब्य धर्म पालना गर्ने मनसायले यस पुनित कार्यको थालनी गरेका हौं ।

छोटो समयमा पनि मेरो आग्रहलाई स्वीकार गरी किताब प्रकाशन गर्न सहमति ब्यक्त गर्दै आफ्नो लेख रचनाहरूको संग्रह **"बुद्ध धर्मको विकासमा युवाहरूको भूमिका"** शीर्षकको पुस्तक प्रकाशित गरी धर्मदान गर्ने सअवसर जुटाई दिने लेखक दाजु तिलकमान गुभाजूज्यू, किताब प्रकाशन गर्न सहयोग तथा उत्साह प्रदान गर्ने मेरा दाजु-भाई तथा दिदीहरू विशेष सहयोग गर्ने मेरा श्रीमती नीता बुद्धाचार्य कम्प्युटर सम्बन्धी सम्पूर्ण काम समयमै गर्ने भतिजा बिक्रम बज्राचार्य र कभर तथा अन्य फोटोहरू डिजाइन गर्नु हुने जवाई अशेष शाक्य र पुस्तकको छपाई सम्बन्धी सम्पूर्ण काम समयमै गरिदिनु हुने हिमालय अफसेट प्रेसलाई पनि सहृदयतापूर्वक साधुवाद ब्यक्त गर्दछु ।

अन्तमा यस पूनीत अवसरमा हामीलाई सहयोग गनुहुने सम्पूर्ण सहृदयी आफन्तजन इष्टमित्रहरूलाई धन्यवाद ब्यक्त गर्दछु र यस पुस्तकले पाठकवृन्दमा सकारात्मक सोंच, रचनात्मक क्षमता र मानव जीवनमा बुद्ध शिक्षाको महत्व र प्रभावकारीता सम्बन्धी ज्ञान प्राप्त हुनेछ भन्ने आग्रहका साथ पुर्खाहरूको निर्वाण कामना गर्दै पूजनीय पिता तेजमान बुद्धाचार्य र माता सरस्वती बुद्धाचार्यको ५० औं बिवाह उत्सवमा उहाँहरूको सुख-सुस्वाथ्य र दीर्घायुको मंगल कामना गर्दछु ।

भवतु सब्ब मंगलम् ।

*उत्तममान बुद्धाचाय*
मोहरिया टोल, पोखरा

Downloaded from http://www.dhamma.digital

# मेरो भन्नु

पोखरा मोहरिया टोल निवासी काका तेजमान बुद्धाचार्य र काकी सरस्वती बुद्धाचार्य शुभ-बिवाह संपन्न गरी दाम्पत्य जीवनमा आवद्ध हुनु भएको ५० वर्ष पुगेको छ । उहाँहरूको सफल दाम्पत्य जीवन ५० वर्ष पुगेको यस अवसरमा म हार्दिक प्रशन्नता व्यक्त गरी उहाँहरूको सुख, शान्ति, समृद्धि र दीर्घायुको लागि मंगलमय शुभ-कामना व्यक्त गर्न चाहन्छु ।

उहाँहरूको दाम्पत्य जीवनको स्वर्ण महोत्सवको अवसरमा धर्मदान गर्ने पुनीत उद्देश्य राखी बुद्धधर्म संबन्धी मेरो *"बुद्ध धर्मको विकासमा युवाहरूको भूमिका"* पुस्तक आफ्नो परिवारको तर्फबाट प्रकाशित गर्ने प्रस्ताव भाइ उत्तममान बुद्धाचार्य जो युवा बौद्ध संघका संस्थापक अध्यक्ष तथा ज्ञानमाला संघका उपाध्यक्ष हुनुहुन्छ -ले राख्नुभयो । त्यो प्रस्ताव सुनेर म अत्यन्त खुशी भएँ । त्यो प्रस्ताव एकातिर आफ्ना आमाबावु प्रतिको कर्तब्य निर्वाह गर्ने क्रममा राखिएको थियो भने अर्को तिर त्यसमा सद्धर्मको प्रचार गर्ने उद्देश्य निहित थियो । त्यसको साथै त्यो कर्तब्य नेर्वाह गर्ने क्रममा मेरो आफ्नै पुस्तक प्रकाशित हुने भएकोले पनि मलाई कम खुशी लागेको छैन ।

त्यस परिवारले यस अघि पनि धार्मिक, सामाजिक लगायतका क्षेत्रमा आफ्नो दायित्व निर्वाह गर्दै आएको छ । काका तेजमान बुद्धाचार्य आफै पनि सद्धर्मसभा, धर्म संघ बुद्ध विहार, पोखराका अध्यक्ष हुनुहुन्छ । उहाँका सहोदर दाजु शेरमान बुद्धाचार्य धर्मशीला बुद्ध विहार दायक सभाका [redacted]

Downloaded from http://www.dhamma.digital

सभापति हुनुभएको थियो भने त्यस भन्दा पहिले उहाँहरूका पिताज्यू खेलेन्द्रमान बुद्धाचार्य सो दायक सभाका संस्थापक सभापति हुनुहुन्थ्यो । उहाँहरूको परिवार धार्मिक एवं सामाजिक संस्थाहरूमा लागेर प्रतिष्ठित हुनुहुन्छ ।

उहाँहरूले धर्मशीला बुद्ध विहार परिसरमा भिक्षु गुरूमाहरूका लागि निवास र भान्छा कोठा निर्माण गरिदिएर ठूलो पुण्य लाभ गर्नुभएको छ भने धर्म संघ बुद्ध विहारको नयाँ भवन निर्माण र शाक्य समाज भवन निर्माणमा पनि यथोचित सहयोग पुऱ्याउनुभएको थियो । उहाँहरूको व्यापारिक प्रतिष्ठानहरूबाट धार्मिक, शैक्षिक, स्वास्थ्य एवं सामाजिक सेवाको क्षेत्रमा बराबर आर्थिक एवं अन्य सहयोग हुने गरेको उल्लेख गर्न पाउनु खुशीको कुरा हो ।

भगवान बुद्धले छोराछोरीहरूले आमाबाबुको सेवा गर्नु पर्दछ भनेर धेरै ठाउमा र धेरै पटक भन्नुभएको छ । उहाँ आफै पनि तुषित भुवनमा भएका आफ्ना दिवंगत आमाको उद्धार गर्नका लागि त्यहाँ पुग्नु भएको थियो भने आफ्ना पिता शुद्धोधनको आखिरी दिन आएको थाहा पाएर उहाले पिताजीको निर्वाण लाभको कामना गर्नुभएको थियो ।

भगवान बुद्धले बाबु आमालाई वास्ता नगर्ने छोराछोरीहरूलाई विभिन्न किसिमबाट संझाएर सेवागर्न लगाउनु भएको बौद्ध वाङमयमा पाइन्छ । उहाले "ब्रह्माति मातापितरो" अर्थात मातापिता भनेका ब्रह्म समान हुन भन्नु भएको छ । यहा ब्रह्मा भनेर कसैले श्रृष्टिकर्ताका रूपमा मान्ने ब्रह्मा होइन, मातापितामा छोराछोरीका लागि चार महान गुणहरू-चतुब्रह्म विहार-मैत्री, करूणा, मुदिता र उपेक्षा हुने भएकाले मान्नु पर्दछ भन्नु भएको हो । उहाले सिंगालोवाद सूत्रको व्याख्या गरेर ६ वटा दिशालाई नमस्कार गर्नु भनेर पूर्व दिशाका प्रतीक आमाबाबुलाई राखी नमस्कार गर्न लगाउनु भएको थियो । बौद्ध वाङमयमा गृही विनय भन्ने छुटै ग्रन्थ छ जसमा गृहस्थहरूले गर्नुपर्ने काम कर्तव्यहरूको उल्लेख

[redacted]

Downloaded from http://www.dhamma.digital

गरिएको छ ।

नेपालमा आमाबाबुको अनन्त गुणको कदर गरेर आमा र बाबुको मुख हेर्ने छुट्टाछुट्टै दिनहरू तोकिएको छ । नेपाली संस्कृति अनुसार बाबुको विशेष गुणानुस्मरण गरेर मुख हेर्ने दिन गोकर्ण औंशी र आमाको मुख हेर्ने देनलाई मातातीर्थ औंशी भन्ने गरिन्छ ।

काका तेजमान बुद्धाचार्य र काकी सरस्वती बुद्धाचार्यका तीन छोराहरू गौतममान, उत्तममान र प्रितममान बुद्धाचार्य, बुहारीहरू नीता बुद्धाचार्य र यमुना बुद्धाचार्य तथा छोरीहरू दमयन्ती, गंगा र भागिरथी हुनुहुन्छ । यी छोरा, बुहारी र छोरीहरूले आमाबाबुको सक्दो सेवा पुऱ्याइरहनु भएको छ ।

प्रस्तुत "बुद्धधर्मको विकासमा युवाहरूको भूमिका" पुस्तक मेरा बुद्ध धर्म सम्बन्धी लेखहरूको संग्रह हो । पूर्व प्रकाशित यी लेखहरू केही थपघट र संशोधन गरेको छु । कुनै लेखहरूलाई अद्यावधिक गर्ने क्रममा प्रवर्द्धन र परिमार्जन समेत गरेको छु । लेखहरूमा कही कतै प्रसंगवस कुरा दोहरिन गएको छ, त्यसको लागि म क्षमायाचना गर्दछु । यस अवसर मा यी मेरा लेखहरू प्रकाशित गरि सहयोग गर्ने पत्र-पत्रिका र पत्रिकाका संपादकहरूलाई यस अवसरमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

साथै पुस्तकाकारको रूपमा "बुद्ध धर्मको विकासमा युवाहरूको भूमिका" पुस्तक प्रकाशित गरी धर्मदान स्वरूप निशुल्क वितरण गर्ने जुन प्रबन्ध काका तेजमान बुद्धाचार्य र काकी सरस्वती बुद्धाचार्यको परिवारबाट भएको छ, त्यो सराहनीय छ । यस्तो कार्यले सद्धर्मको प्रचारमा सघाउ पुग्ने छ भन्ने मलाई लागेको छ । त्यसको लागि म उहाँहरू स-परिवारलाई हार्दिक साधुवाद दिन चाहन्छु ।

**तिलकमान गुभाजू**

**२०६४ फागुन १८**

Downloaded from http://www.dhamma.digital

# विषय सूची

- भगवान बुद्ध मानवताका ताज हुन् ........................................ १
- बुद्धको जन्मस्थल लुम्बिनीको
  विगतलाई फर्केर हेर्दा ........................................ १२
- पोखराको विश्व शान्ति स्तूपः
  एक परिचय ........................................ २४
- बुद्धधर्मको विकासमा ब्राम्हणहरूको देन ........................................ ३३
- बौद्ध वाङमयः एक चर्चा ........................................ ३८
- बौद्ध दर्शनको अनुशरणबाट दिगो
  शान्तिको अपेक्षा ........................................ ४८
- बुद्धधर्मको विकासमा युवाहरूको भूमिका ........................................ ५५
- भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्ति र
  महापरिनिर्वाण दिवस-वैशाख पूर्णिमा ........................................ ६६
- विजया दशमीः हिन्दू र बौद्धधर्मको दृष्टिमा ........................................ ७१
- प्राचीन कपिलवस्तुको खोजीः एक अध्ययन ........................................ ७७
- चल्ल र मल्ल कालीन कर्णाली प्रदेशमा बुद्धधर्म ........................................ ८१

Downloaded from http://www.dhamma.digital

# भगवान बुद्ध मानवताका ताज हुन्

शाक्यमुनि भगवान गौतम बुद्ध नेपाल अधिराज्यको लुम्बिनी बगैंचामा जन्मेर नेपालकै कपिलवस्तु जिल्लाको वर्तमान तिलौराकोट स्थित राजा शुद्धोदनको दरबारमा हुर्किएर बढेका थिए । उनले अहिंसा, शान्ति र मैत्रीको सन्देश फैलाए । उनी शान्तिका अग्रदूत र अहिंसाका पूजारी कहलिए। उनलाई एशियाका प्रकाश भनियो । त्यतिमात्र होइन, उनी आज विश्वको ज्योतिपुञ्ज हुन पुगेका छन् भने हत्या, हिंसा र आतङ्क फैलिएको यस विश्वमा उनी सबैका सहारा भएका छन् ।

बुद्धद्वारा प्रतिपादित धर्म सरल र स्पष्ट छ । बुद्ध धर्ममा जटिल नियम र उपनियमहरु छैनन् । उनको धर्ममा जात जाति भाषा भाषिकाहरुका लागि छुट्टा छुट्टै विधि व्यवहार र संस्कार आदिको प्रावधान छैनन् । उनका लागि मानव मात्र सबै बराबर छन् । उनले प्राणीहरुका लागि असीम करुणा देखाए । बाल्यावस्थामा एउटा घायल हाँसको विषयमा देवदत्त र उनको बीच भएको ठूलो झगडाले उनी प्राणीप्रति कति करुणा राख्दथे भन्ने कुरा स्पष्ट हुन्छ ।

गौतम बुद्ध बाल्यावस्था देखि नै अहिंसात्मक थिए । उनको अहिंसाको भावना अत्यन्त अटल थियो । जस्तो सुकै कठिन परिस्थितिमा पनि उनको मनमा हत्या, हिंसा र बदलाको भावना पैदा भएन । अरु राजा महाराजा देखि सर्वसाधारणले पनि राजपाट र श्रीसम्पत्तिका लागि



Downloaded from http://www.dhamma.digital

हत्या, हिंसाको **मार्ग अवलम्बन** गरी **झै**-झगडा र युद्ध गर्दछन् भने ती सबैका विपरीत **भगवान बुद्ध रक्तपातपूर्ण** युद्ध गर्नुपर्ला भनेर, युद्धमा सहभागी हुनु पर्ला **भनेर तथा साक्षी बस्नु** पर्ला भनेर सँधै सजग र सतर्क रहने **गर्दथे । वयस्क भए**पछि उनी आफ्नो सन्थागार (शाक्य परिषद) **को सदस्य भए** । त्यसबेला कपिलवस्तु राज्य छिमेकी कोलिय राज्यसँग **रोहिणी नदी**को पानीको वाँडफाँडमा कुरा नमिले पछि लडाई गर्न खोज्यो । प्रधान सेनापतिले सन्थागारमा कोलिय राज्यसँग युद्ध गर्ने प्रस्ताव राखे । सिद्धार्थ गौतमले त्यसको विरोध गरे । उनले आफ्नो विचारमा सहमत नहुनेहरुसँग "पानी ठूलो कि मानिसको रगत ठूलो" भन्ने प्रश्न राखे । सबैले "रगत ठूलो र महत्वपूर्ण छ" भन्ने जवाफ दिए । उनले रगतको त्यति धेरै महत्व छ भने त्यो भन्दा कम महत्व भएको पानीको लागि त्यो महत्वपूर्ण रगत किन खेर फाल्ने" भन्ने तर्क अघि सारे । उनको प्रश्नको युक्तिसंगत जवाफ दिने त्यहाँ कोही भएनन् । तर त्यो युद्धको प्रस्ताव प्रधानसेनापतिले पेश गरेको हुँदा त्यसको विरोधमा मत जाहेर गर्ने पनि खास कोही भएनन् । स्थिति जटिल बन्यो । मतदान भयो । सेनापतिको प्रस्ताव बहुमतबाट पारित भयो ।

सन्थागारमा युद्धको त्यो प्रस्ताव पारित भएपछि सिद्धार्थ गौतमका सामु गम्भीर चुनौती उत्पन्न भयो । राज्यको प्रचलित संविधान र कानून अनुसार या त उनले त्यो प्रस्ताव स्वीकार गरी युद्धमा सहभागी हुनु पर्ने भयो अन्यथा दण्डको सजाय भोग्नु पर्ने भयो । दण्डको व्यवस्था पनि अत्यन्त कठोर थियो-सर्वस्वहरण वा देश निकाला । जुन कुरा प्रधान सेनापतिले उनलाई स्मरण गराएका थिए ।

त्यति हुंदा पनि उनले युद्धतिर पटक्कै मन लगाएनन् । त्यो नमान्ना साथ उनको सामु सजाय भोग्नु सिवाय अरु विकल्प बाँकी रहेन । सर्वस्वहरण र देश निकाला मध्ये एउटा विकल्प रोज्नु पर्ने



Downloaded from http://www.dhamma.digital

अवस्था उनको अगाडि आयो । सर्वस्वहरणले आफूलाई मात्र होइन, राजपाट र परिवार समेतलाई धक्का **पुग्न जाने** सम्भावना भएकाले त्यो उनले स्वीकारेनन् । **उनका सामु त्यसपछि** देशबाट निष्कासित हुने **एउटा मात्र विकल्प बाँकी रह्यो** ।

**त्यसैबेला उनले पहिले देखेका चार** निमित्त अर्थात् रोगी, वृद्ध, **मरेको मान्छे** र **परिव्राजक देखेर उनको म**नमा जुन वैराग्य उत्पन्न **भएको थियो, जरा, मरण र व्याधिको भवच**क्रबाट संसारलाई मुक्त गर्ने जुन विचार **उनको दिल र दिमागमा आए**को थियो, त्यसैमा आफूलाई समर्पित गर्ने त्यो एक अ**त्यन्त महत्वपूर्ण** अवसर उनले ठाने र राजपाट र देश त्यागेर जाने कठोर निर्णयमा उनी पुगे । त्यसो गर्दा एकातिर संबिधान र कानूनको पालना गरेको प्रष्ट हुन्छ भने अर्को तिर संभावित युद्धमा आफू सहभागी हुनु पनि नपर्ने हुन्छ । त्यो भन्दा ठूलो कुरा त्यसरी जाँदा संसारलाई दुखबाट मुक्त गर्ने जुन उनको उत्कट अभिलाषा थियो, त्यो पनि पूरा हुने उनले सोचे । त्यही सोच र चिन्तन गरेर आषाढ पूर्णिमाको टहटह जुन लागेको रातमा कन्थक नामक घोडा चढेर सारथी छन्दकका साथ उनले महाभिनिष्क्रमण गरे । उनको त्यो महाभिनिष्क्रमण यस्तो तहल्का मच्चाउने किसिमको भयो कि सबैको ध्यान उनीतिर गयो । कपिलवस्तुवासीहरुको ध्यान मात्र उनीतिर गएको होइन, कोलिय राज्य, छिमेकी देश कोशल र मगधमा पनि त्यो समाचारले सनसनी मच्चायो । उनी कहाँ गए र कसरी बसे भन्ने जतातते चर्चा परिचर्चा भयो । यस्तो परिस्थितिको सिर्जना भयो कि कपिलवस्तुको सन्थागारले पारित गरेको युद्धको त्यो प्रस्ताव पनि जन-दवाबको कारण कार्यान्वयन हुन सकेन । त्यसपछि कपिलवस्तु र कोलियका वीच युद्धको साटो शान्ति वार्ता भएको र त्यही वार्ताको परिणाम रोहिणी नदीको पानीको बाँडफाँड स्थायी रुपले मिलाउन दुई देशको संयुक्त टोली निर्माण गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

त्यसबेला सिद्धार्थ गौतम मगध देशको राजगीरमा एउटा कुटी बनाएर परिव्राजक भएर बसिरहेका थिए । उनलाई कपिलवस्तुको उपरोक्त कुराहरु पञ्चवर्गीय भिक्षुहरु आएर सविस्तार सुनाए । उनीहरुले त्यसबेलाको युद्धको प्रस्ताव त्यसै सेलाएर गएकोले सिद्धार्थमाथिको त्यो सजायँ पनि स्वतः निष्क्रिय भै समाप्त भएको वताए । उनीहरुले सिद्धार्थलाई त्यो प्रसङ्ग नै टुङ्गिएकाले अब देश बाहिर परिव्राजक भएर त्यसरी बसिरहनु आवश्यक छैन, घर फर्केर परिवारहरुसँग सम्मिलित भएर बस्न जान आग्रह गरे। तर सिद्धार्थले घर फर्कन मानेनन् । उनले यो शुभ समाचारले आफूलाई निश्चय नै प्रसन्न पारेको उल्लेख गरे। तर त्यसबाट मात्र आफ्नो उद्देश्य पूरा नभएको र आफूले अझ शान्तिका लागि धेरै गर्नु पर्ने बताए । उनले राज्यहरुबीच जुन संघर्ष युद्ध हुन्छ, त्यो त कहिलेकाहिं मात्र हुन्छ , तर वर्गहरुका बीच र जात-जातिहरुका बीच हुने संघर्ष स्थायी हुन्छ र लगातार चलिरहन्छ। यी सबै कारण र परिणाम संसारमा दुःख व्याप्त भएकाले हो। कपिलवस्तुमा देखेको चार निमित्तबाट जे-जसरी उनी छट्पटाएका थिए, त्यसको निराकरण भएकै थिएन । त्यही दुःख हटाउने आफ्नो उद्देश्यको लागि निरन्तर अगाडि जानु पर्ने उनले वताए ।

त्यो सोचेर कुन धर्मले, कुन पथले त्यो निवारण गर्ने मार्ग देखाउला भनेर उनी अघि बढे । ख्यातिप्राप्त विद्वानहरुको कुटीहरुमा गएर उनीहरुबाट विभिन्न शास्त्रहरु पढे र ती शास्त्र अनुसार योग साधना गरे । त्यसवेलाका गुरुहरु मध्ये उद्दकराम पुत्र र आलारकालाम अत्यन्त चर्चित प्रकाण्ड विद्वान मानिन्थे । उनले उनीहरुबाट धेरै ज्ञान सिके। सम्पूर्ण प्रायः शास्त्रहरुमा पारंगत भएर पनि उनको ज्ञानको प्यास मेटिएन । ती गुरुहरुको प्रत्यक्ष निर्देशनमा उनले कठोर भन्दा कठोर, घातक भन्दा घातक तपस्या गरे , त्यस्तो तपस्या गर्दा गर्दै उनको शरीर क्षीण हुँदै गयो । शिथिल हुँदै गयो । यति सम्म कि उनी



Downloaded from http://www.dhamma.digital

दिसा पिसाब समेत गर्न नसक्ने अवस्थामा पुगे । संक्षिप्तमा भनौं भने उनी मरणासन्न अवस्थामा पुगे । तैपनि उनलाई बाञ्छित ज्ञान प्राप्त भएन । बुद्धत्व प्राप्त नगरी उनी मर्न चाहँदैनथे । उनले त्यतिञ्जेल सम्म बिबिध योग गरे, तपस्या गरे तर ती योग र तपस्याहरुबाट बुद्धत्व प्राप्त नहुने निश्चय भएपछि उनले त्यो घातक तपस्या त्यागिदिए । त्यसबेला उनको मनमा प्रश्न उठ्यो- के शरीरको उत्तापन (कष्ट पीडा) धर्म हुन सक्छ ? उनले जति वैदिक ऋषिको समीप गएर ज्ञान सिकेका थिए, ती सबैलाई अधुरो र अपूरो भन्दै छोड्दै गए । उनलाई लाग्यो- जसको मनमा बल छैन, जुन ब्यक्ति भोक र प्यासले हैरान रहन्छ, जसको मन थकाईले एकाग्र र शान्त रहँदैन, त्यस्तो मानिसलाई कहिले पनि नयाँ ज्ञान प्राप्त हुन सक्दैन । उनले त्यतिञ्जेल सिकेका ती शास्त्र र शास्त्रका कुराहरु उनको लागि निरर्थक सावित भयो । उनको लागि ती कुनै पनि सारका कुरा भएनन् । त्यसकारण उनले त्यो वैदिक धर्मको मार्ग नै परित्याग गरिदिए । त्यही निचोड निकालेर उनले शरीरलाई आवश्यक पर्ने खाना खान थाले ।

सिद्धार्थ गौतमले कठोरतम तपस्याको दुष्कर मार्ग परित्याग गरेर खाना खान थाले पछि उनी महान बन्नेछन् भनेर पछि लागेका वैदिक सन्यासीहरुले पनि उनलाई "धर्मच्यूत भएको" आरोप लगाएर उनलाई त्यही एक्लै छाडेर गए । उनी धर्मच्यूत गरिए । उनी त्यहाँ एक्लै भए र एक्लै नयाँ वाटोको खोजीमा हिंडे । नयाँ ज्ञानको प्राप्तिमा लागे र नयाँ धर्मको आविष्कारमा तल्लीन भए । अनि उनले भारतको बौद्ध गयाको पिपलको वोटमुनि गएर ध्यान गरे । उनले ध्यानको विविध पक्षको अभ्यास गरे । उनी एक्लै ध्यानमा डुबे, चुर्लुम्म डुबे । वैशाख पूर्णिमाको दिन त्यहीं उनलाई ज्ञान प्राप्त भयो, बुद्धत्व प्राप्त भयो । उनी बुद्ध भए । आफू बुद्ध भएपछि उनले नयाँ धर्मको प्रतिपादन गरे । जसलाई हामी बुद्ध धर्म भन्ने गर्दछौं । यो नयाँ धर्म तात्कालीन अवस्थामा



Downloaded from http://www.dhamma.digital

प्रचलित धर्म भन्दा सर्वथा बेग्लै र भिन्न मानिन्छ । त्यस बेला धर्मको नाममा र धर्म अन्तर्गत गरिने कर्मकाण्डको नाममा बलि दिने प्रथा ज्यादै चर्को रुपले फैलिएको थियो । यज्ञ यज्ञादी कार्यमा बलि दिनुलाई आफ्नो अभीष्ट पुरा गर्ने ठूलो पुण्य सम्झने गरिन्थ्यो भने तथागतले त्यसलाई पाखण्डको संज्ञा दिएर बलि प्रथाको घोर भर्त्सना गरे । उनले धर्मको नाममा प्राणी हत्या कार्यलाई ठूलो पाप बताएर आफ्नो धर्ममा बलि प्रथाको सर्वथा निषेध गरे ।

त्यस बेलाको समाज जातीय भेदभाव र छुवाछुत प्रथाले गर्दा विभाजित र असमान किसिमको थियो भने भगवान बुद्धको धर्ममा सबै बराबर भएर रहन पाइने व्यवस्था गरियो । उनले जातीय एकाधिकार वादको अन्त गरे । उच्च नीच र छुवाछुत प्रथाको उन्मूलन गरे । उनले शोषित, पीडित र उपेक्षित असंख्य मानिसको उद्धार गरे । उनको धर्ममा कथित तल्लो जाति र पीडित वर्गकाले पनि उन्मुक्तिको सास फेर्ने अवसर र स्थान पाए । नयाँ धर्मको स्थापना पछि मानिस मात्र सबै बराबर हुन् भन्ने समानताको सिद्धान्त सूत्रपात भयो । सबै समानतामा बाँच्न पाए मानव समाजको लागि त्यो ठूलो क्रान्ति थियो । त्यो क्रान्तिका उद्घोषक भगवान बुद्ध भएकाले उनलाई महामानव भन्ने गरियो ।

उनी समानतामा खूव ध्यान दिन्थे । आफ्नो धर्ममा कुनै असमान भेदभाव नहोस् भनेर उनी सधै सजग र सतर्क रहन्थे । एकपटक कपिलवस्तुका शाक्य राजकुमारहरुका साथ उनीहरुको कपाल काट्ने नाउँ उपालि पनि भिक्षु हुन भगवान बुद्ध समक्ष पुगे । उनले उनीहरुको सबै कुरा सुने पछि परिव्राजक भएर पनि उपालिमा हीन भावना रहिरहने र शाक्यहरुमा राजघरानाको अहंकार रहिरहने सम्भावना देखिएकोले तथागतले उनीहरु मध्ये सवभन्दा पहिले उपालिलाई भिक्षु वनाई दिए, ताकि शाक्य राजकुमारहरुले उनलाई वन्दना गर्नु परोस् र



Downloaded from http://www.dhamma.digital

राजकुमारबाट भएको भिक्षु भन्ने घमण्ड उनीहरुमा नरहोस् । भगवान बुद्धले यस्तो कुरामा बढी ध्यान दिने गर्दथे ।

उनको धर्ममा कहिल्यै हिंसाले स्थान पाएन । आफूलाई मार्न आउने माथि पनि उनले कहिल्यै बदला र हिंसाको विचार राखेनन् । उनले "शरीर हत्या गर्नमा होइन मन परिवर्तन गर्नमा विश्वास गर्दथे" । मन परिवर्तन गरेर खराव लतमा लागेका, त्यसैमा आनन्द छ भन्नेहरुलाई पनि सुमार्गमा ल्याएर उनले उद्धार गर्दथे । अंगुलिमाल यसको ज्वलन्त उदाहरण हो ।

भगवान बुद्धले धर्म प्रचार गरेको करीव २० वर्ष पुगेको थियो । उनको नवीन धर्मले शहर गाउँ जहाँतहीँ तहल्का मच्चाईरहेको थयो । मानिसहरु धमाधम बुद्ध धर्ममा प्रवेश गर्दै थिए । त्यो कुरा सनातनी केही पण्डितहरुलाई सह्य भएन । नयाँ बुद्ध धर्मले तिनीहरुको स्वार्थमा धक्का दिएकोले तिनीहरुले गौतम बुद्धमाथि लाञ्छना लगाएर चरित्र हत्या गरी बुद्धधर्मलाई नष्ट भ्रष्ट गर्ने विचार गरे, षडयन्त्र रचे । तिनीहरुले चिंचा माणविका नाम गरेकी एकजना अत्यन्त रुपवती युवतीलाई बोलाएर सम्झाए र केही काम गर्न लगाए । रुपवती माणविकाले गुरुहरुको कुरा स्वीकारिन् ।

त्यसपछि चिंचा माणविकाले आफूलाई सिकाए झै गरिन् । सधैं राती भिक्षुहरु बुद्धको उपदेश सुनेर निस्कने बेलामा उनी बुद्ध बसेको विहारतिर जाने र विहान सवेरै जव ती भिक्षुहरु बुद्धकोमा उपदेश सुन्न जान्थे, त्यतिबेला फेरी बुद्धको विहारतिरबाट फर्केर जाने गरिन् । अनि कसैले सोध्यो भने बुद्धको विहारबाट आएको भन्थिन् । लामो समय यही क्रम चलिरहँदा केहीले शंका गरे । बाहिर हल्ला चल्यो । अनि चिंचाले पनि विस्तारै केही भिक्षुलाई आफू बुद्धको आग्रहमा रात काट्न विहारमा बस्ने गरेको कुरा सुटुक्क व्यक्त गरिन । विस्तारै उनले आफू गर्भिणी भएको बहाना गरिन् र केही महिना भएको कुरा व्यक्त गरिन् ।



Downloaded from http://www.dhamma.digital

हल्ला खल्ला मच्चियो । भरखरै शुरु भएको बुद्ध धर्ममाथि ठूलो संकट आईपर्‍यो । निष्कलंक तथागतको चरित्रमा मानिसहरुले कलंक लागेको आशंका गरे । बुद्धलाई कठघरामा उभ्याईयो । सबै सोधपुछ र जाँचवुझ गरेपछि यथार्थ कुरा पत्ता लाग्यो । चिंचा गर्भिणी नभएको, बुद्धको विहार मा जाँदै नगएको र बुद्धलाई भेट्दै नभेटेको कुरा समेत पत्ता लागेपछि षड्यन्त्रको सबै पोल खुल्यो । भगवान बुद्ध अर्को ठूलो सुनियोजित षड्यन्त्रबाट बचें ।

बुद्धलाई त्यस्ता आरोप, आक्षेप एवं लाञ्छना लगाउने प्रयासहरु त्यसवेला प्रशस्त भए । कतिपय गाँउमा बुद्धलाई पस्नै नदिने आदेश जारी गरियो । उनी कथंकदाचित पसि हाले भने पनि खान पिउन नदिने गरी वहिष्कार गर्नुपर्ने आव्हान गरियो । तैपनि उनी हतास भएनन्, निराश भएनन् । उनले आफूले प्रतिपादन गरेको धर्म मानव मात्रको कल्याणको लागि भएकाले उनले शान्ति, मैत्री र अहिंसा धर्म प्रचार गर्दै गए । उनले प्रतिपादन गरेको धर्म सर्वथा नवीन धर्म हो । जुनसुकै समाजमा पनि नयाँ कुरा आउँदा धेरैले एकैचोटी त्यसलाई ग्रहण गर्दैनन्, गर्न सक्दैनन् । परम्परावादीहरु जहिले पनि नयाँ कुराको विरोधी नै हुन्छन् । त्यसमा पनि धर्म, संस्कृति र कर्मकाण्डका कुरामा मानिसहरु झन बढी परम्परावादी हुन्छन् । अघि पछि आधुनिक विचार अपनाउने र आधुनिक फेशन लगाउनेहरु पनि जव संस्कार र कर्मकाण्डको कुरा उठ्छ, त्यसवेला तिनीहरु निरीह हुन्छन् । औचित्यहीन र अनावश्यक ठहर भएको त्यस्ता कुराहरु अपनाई राख्नुलाई पनि कतिपयले आफ्नो विशेषता नै संझेका हुन्छन् ।

त्यो एक किसिमको मानिसको स्वभाव हो, कमजोरी हो । त्यही कमजोरी स्वभावले गर्दा कतिपय क्रान्ति गर्भमा तुहियो भने कति अधुरा र अपुरा रहेका देखिन्छन् ।

यस स्थितिमा भगवान बुद्धले प्रतिपादन गरेको धर्म सबैले एकै



Downloaded from http://www.dhamma.digital

पटक ग्रहण गर्दछन् भनेर अनुमान गर्न सकिंदैन । उनले प्रतिपादन गरेको धर्म तात्कालीन प्रचलित धर्मभन्दा भिन्न थियो, फरक थियो । त्यसवेलाका भारतीय विद्वानहरुले वेदलाई ईश्वरकृत मान्दथे र वेदको आदेश अनुसार यज्ञयज्ञादि कार्य गर्दथे । तर भगवान बुद्धले वेदलाई ईश्वरकृत पनि मानेनन् र वेद अनुसार आचरण पनि गरेनन् ।

भगवान बुद्धले वेदलाई मात्र होइन, ईश्वरलाई पनि मानेनन् । उनले ईश्वरको अस्तित्व पनि स्वीकार गरेनन् । उनले अनश्वरवादी सिद्धान्तको प्रचार गरे । उनले यो संसार सबै ईश्वरको लीला हो भन्ने कुराको खण्डन गरी हेतुवाद (Cause & effect) को सिद्धान्त अघि सारे । उनका अनुसार सबै कार्यको कारण हुन्छ र कारणबाट नै सबै हुन्छन् भन्ने नयाँ सिद्धान्त जन समक्ष ल्याए । संसारको सृष्टि सम्बन्ध उनको सिद्धान्त डार्विनको विकासवादी सिद्धान्तसँग मिल्दोजुल्दो छ ।

तथागतले ईश्वर छ र ईश्वरले गरिदेलान् भन्ने आशाले नबस भन्ने सन्देश दिए । उनले "अत्ताहि अत्तनो नाथो" आफ्नो मालिक आफैं हो भन्ने सन्देश दिए । उनले मेरो भजन गर म तिमीलाई पार लगाई दिउँला भनेर अरुले भैं कसैको ठेक्का पनि लिएनन् । उनले आफ्नो परित्राण आफैले गर्नु पर्दछ भन्ने सन्देश दिए ।

सुखदुख सम्बन्धमा पनि तथागतको आफ्नै धारणा छ । संसारका सबै धर्म र धर्म गुरुहरुले मानिसहरुलाई सुखप्रति लोभ्याएका छन् । तिनीहरुले यस जन्ममा पुण्य गरेमा अर्को जन्ममा स्वर्गमा जन्मन्छ र सुख भोग गर्न पाइन्छ भन्नेमा मानिसहरुको ध्यान केन्द्रित गरेका छन् । भगवान बुद्धले त्यसलाई क्षणिक र अस्थायी सुख भनेर दुःख निवारणमा जोड दिएको छ । त्यसैले केही विद्वानहरुले यस धर्मलाई दुखवादी धर्म पनि भन्ने गर्दछन् । बुद्ध धर्मका अनुसार दुख निवारण नगरिकन प्राप्त सुख काँचमा सुनको जलप हाले भै हुन्छ । त्यो अस्थायी हुन्छ, सधैका लागि टिकाउ हुँदैन । दुःख निवारण गरेपछि



Downloaded from http://www.dhamma.digital

प्राप्त सुख स्थायी हुन्छ, शान्तिमय हुन्छ। त्यसैले बुद्धले दुखमा बढी जोड दिएका हुन् । उनले संसारमा दुख छ, दुखको कारण छ, त्यो कारणलाई हटाउने बाटो छ र त्यो बाटोमा जाने उपाय छ भनेर मानव मात्रको भलाईका लागि चार आर्य सत्यको व्याख्याको साथ आफ्नो आर्य अष्टाङ्गिक मार्गको सिद्धान्त प्रतिपादन गरेका छन् ।

यस किसिमले हेर्दा बुद्ध धर्म अरु धर्मभन्दा धेरै भिन्न र बेग्लै भएको प्रष्ट छ । तर यहाँ बुद्धलाई बुद्ध धर्मको आँखाले हेर्ने नगरिएबाट धेरै भ्रमहरु सिर्जना भएका छन् । हाम्रो देशमा बुद्ध धर्मका चरित्र र विशेषताहरु लोप गराउने प्रयास भएका छन् । विशेषताहरु नष्ट गर्ने धृष्टता भएका छन् । दु:ख निवारणको मूल मन्त्र अपनाएको बुद्ध धर्मका अनुयायीहरु केहि आज सुख र स्वर्गको लागि लोभिएर मात्र पूजापाठमा सीमित भएका छन् । यज्ञ यज्ञादि कर्मकाण्डको विरोधीका रुपमा चिनिएका बुद्ध धर्मका चेलाहरु अहिले कर्मकाण्डलाई आफ्नो परम्परा भन्दै ग्रहण गरिरहेका छन् । कुनै बेला नेपालका शासक र प्रशासकहरुको समेत बुद्ध धर्मप्रति बक्रदृष्टि परेको हुँदा यो धर्म विकृत मात्र भएको होइन लोप पनि भएर गयो । नेपालमा जयस्थिति मल्लको पालामा भिक्षु प्रथाको अन्त गरियो । भिक्षु बनेको आरोपमा कतिपय भिक्षुहरु देश निकाला समेत हुनु पर्‍यो । कसैले जेल र नेलको समेत यातना भोग्नु पर्‍यो । यस्ता सबै यातना, लाञ्छना र अपवादहरु सहेर बुद्ध धर्मको पुनरुत्थान भइरहेकोछ । बौद्धहरुले जति जति आफ्नो बाटो गमन गरेका छन्, उति उति उनीहरुमा निहित भ्रमहरु हट्दै गएका छन् । मौलिक बुद्धधर्मको पहिचान प्रष्ट हुँदैछ ।

वास्तवमा उनी मानिस भएर जन्मे, मानिस भएरै धर्म देशना गरे । आफू जति सुकै उच्च तहमा पुगे पनि, आफ्नो जतिसुकै चेलाहरु भए पनि उनले अन्य धर्म संस्थापकहरुले जस्तै गरी आफूलाई कहल्यै ईश्वरको दूत, ईश्वरको प्रतिनिधि या अवतार घोषणा गरेनन् । कतिपय



Downloaded from http://www.dhamma.digital

धर्म संस्थापकहरुले मानव जुनीलाई पाप योनी समेत भनेका छन् । उनीहरुले मानवलाई तुच्छ सम्झेर देवत्व र ईश्वरत्वको मुक्त कण्ठले प्रशंसा गरेका छन् भने भगवान बुद्धले मानवतालाई नै सर्वाधिक महत्व दिएका छन् । उनीहरुले आफू अति उच्च पदमा पुगेपछि र केही अनुयायीहरु भएपछि मानवत्व परित्याग गरी देवत्वमा लीन भएको घोषणा गरेका छन् । उनीहरुले आफूलाई ईश्वर भनाउने र त्यसै अनुसार पूजा पाठ गराउने ढोग गराउने आदि गरेका छन् भने तथागतले बुद्धत्व प्राप्त गरेर असंख्य अनुयायी बनाएर पनि कहिल्यै मानिसबाट आफूलाई टाढा राखेनन् । उनले मानिस भन्दा आफूलाई उच्च सम्झेनन् । उनले मानवतालाई खुब महत्व दिए तथा आफू मानव हुनुमा गौरवको अनुभव गरे, सधै मानव भएर रहे । मानवको त्यसरी गौरव बढाउने सम्यक सम्बुद्ध सच्चा मानव हुन्, महामानव हुन् र मानवताका ताज हुन् ।

महिला प्रतिभा स्मारिका
२०५९



*" नहिं वेरेन वेरानी सम्मन्तीध कुदाचनं*
*अवेरेन च सम्मन्ति एस धम्मो सनन्तनो ।।"*

**वैरले वैरभाव शान्त गर्दैन**
**मैत्री भावले नै वैरभावलाई शान्त गर्दछ ।**
**यहि नै सनातन धर्म हो ।**

**- धम्मपद -**



Downloaded from http://www.dhamma.digital

# बुद्धको जन्मस्थल लुम्बिनीका विगतलाई फर्केर हेर्दा

शान्तिका अग्रदूत तथा एशियाका प्रकाश भगवान बुद्धको जन्मस्थल लुम्बिनी नेपालको रुपन्देही जिल्लामा अवस्थित छ । यो नेपाल र नेपालीका लागि अत्यन्त महत्वपूर्ण र गौरवको कुरा हो । लुम्बिनीले धार्मिक, ऐतिहासिक, पुरातात्विक एवम् पर्यटकीय महत्व बोकेको छ। यसको सम्भावना व्यापक छ। तैपनि नेपाल र नेपालीले यसलाई जे जसरी हेर्नु पर्दथ्यो, व्यवहार गर्नु पर्दथ्यो र विकास गर्नु पर्दथ्यो, त्यो गरेका छैनन् । अब समय आएको छ, शान्तिका लागि, राष्ट्र र राष्ट्रियताका लागि र देश र देशवासीको समृद्धिका लागि लुम्विनीको विकासमा समुचित ध्यान दिनुपर्दछ ।

देश अहिले हत्या, हिंसा र आतंकको दलदलमा फँसेको छ। यो दलदलबाट देश र समाजको उद्धार गर्नको लागि शान्तिको सन्देश फैलाउनु परेको छ । शान्तिको संस्कृति स्थापना गर्नु परेको छ र त्यसलाई निरन्तरता दिनु परेको छ। त्यसको लागि उपयुक्त स्थान कुनै छ भने त्यो हो- लुम्विनी। शान्तिको सन्दर्भमा लुम्बिनीको ठूलो महत्व छ । तर यसलाई बुझ्ने, बुझाउने, चिन्तन-मनन गर्ने र महशुस गर्नेहरुको सर्वथा अभाव छ ।

"माल पाएर पनि चाल नपाएको" भन्ने नेपाली उखान



Downloaded from http://www.dhamma.digital

लुम्बिनीका सम्बन्धमा चरितार्थ भएको छ । शान्तिका अग्रदूत भगवान बुद्धको जन्मस्थल लुम्बिनी शान्तिको स्रोत हो । विश्व समुदायले यसलाई शान्तिको मुहान भनेर प्रस्ताव नै पारित गरेको छ । उनीहरुले यसलाई मुसलमानहरुको मक्का मदिना जस्तै बनाउनु पर्नेमा जोड दिएका छन् । विश्वका सबै बौद्धहरु र शान्तिकामी व्यक्तिहरु कमसेकम जीवनमा एकपटक लुम्बिनी आउन चाहन्छन् । लुम्बिनीको दर्शन गर्न चाहन्छन् र दर्शन गरेर अपार शान्तिको रसास्वादन गर्न चाहन्छन् । तर हामीले उनीहरुका लागि त्यसरी आउने वातावरण निर्माण गरिदिन सकेका छैनौं ।

अन्तर्राष्ट्रिय पर्यटकहरुका लागि अन्तर्राष्ट्रिय विमानस्थलको अति आवश्यक पर्दछ । सिद्धार्थनगरमा रहेको गौतम बुद्ध विमानस्थललाई उपयुक्त किसिमले विकास गरि अन्तर्राष्ट्रिय विमानस्थलमा परिणत गर्नु पर्दछ । यो कुरा उठेको धेरै भयो । तर कार्यान्वयनमा परिणत भएको छैन । बौद्ध तीर्थयात्रीहरु लुम्बिनी आएपछि त्यहाँबाट भगवान बुद्धले आफ्नो युवावस्थाको २९ वर्ष विताएको शाक्य वंशको राजधानी कपिलवस्तु र भगवान बुद्धको मावली देश देबदह र त्यहाँ अवस्थित बौद्धकालीन रामग्राम स्तूपको दर्शन गर्न चाहन्छन् । ती सबै महत्वपूर्ण स्थलहरुको दर्शन अबलोकनका लागि बौद्ध परिक्रमा पथ (रिङरोड) को आवश्यकता महशुस गरेका छन् । यी पूर्वाधार तैयार भएमा जापान, थाइल्याण्ड, बर्मा, श्रीलंका मंगोलिया लगायतका बौद्ध देशहरुबाट प्रत्येक वर्ष तिनीहरुको जनसंख्याको एक प्रतिशत लुम्बिनी आउने अनुमान गरिएको छ । त्यस्तै चीनबाट पनि ठूलो संख्यामा बौद्ध धर्मावलम्बीहरु आउन चाहेको प्रष्ट भएको छ । अन्तर्राष्ट्रिय बौद्ध तीर्थ यात्राको आयोजना गर्ने अनुभवी पर्यटन व्यवसायीहरुका अनुसार उपयुक्त किसिमले पूर्वाधार तैयार गरिएमा कम खर्च गरेर सबैभन्दा धेरै आम्दानी हुने क्षेत्र लुम्बिनी हुने अनुमान छ ।



Downloaded from http://www.dhamma.digital

जलश्रोतबाट आम्दानी गर्नका लागि राष्ट्रले अबौं खबौं खर्च गर्नु पर्दछ र त्यसको प्रतिफल पाउन ५०/६० वर्ष भन्दा बढी लाग्न सक्छ । त्यस हिसाबले थोरै खर्च गरेर धेरै प्रतिफल पाउने र त्यो प्रतिफल छिट्टै पाउने क्षेत्र लुम्बिनी हो । लुम्बिनी आउने पर्यटकहरुको संख्या अहिले पनि प्रत्येक वर्ष बढ्दै छ । यो कुरा नेपालीहरुले हृदयंगम् गर्नुपर्ने र बुझेर तदानुसार ब्यवहार गर्नुपर्ने विषय हो ।

अहिले मात्र होइन, लुम्बिनीको प्राचीनकालमा पनि ठूलो पर्यटकीय एवं धार्मिक महत्व थियो । राजा शुद्धोदनको पालामा लुम्बिनी वनको ख्याति थियो । टाढा टाढाबाट पनि बन बिहारका लागि यहाँ आउने गर्दथे । बौद्ध शास्त्रमा यसको सुन्दरता र मनमोहकताको धेरै वर्णन गरिएको छ । त्यसबेलाको भाषामा लुम्बिनी सौन्दर्यबोधक शब्द हो । राजपरिवारको महिलाको नाम लुम्बिनी भएको पनि हामी पाउँछौं । लुम्बिनी वनको मनमोहकतामा मुग्ध भएर कपिलवस्तु राज्यकी रानी महामाया देवी आफ्नो माइती देबदह जाँदा बाटोमा पर्ने लुम्बिनीमा विश्राम गरेकी थिइन् । त्यही विश्राम गरेकै बेलामा उनले सिद्धार्थ गौतमलाई जन्म दिएकी थिइन् ।

राजाको छोरा सिद्धार्थको जन्म भएपछि लुम्बिनीको महत्वमा अर्को इट्टा थपियो । वन बिहारका लागि आउने जाने तथा अन्य वटुवाहरुले पनि राजाको छोरा सिद्धार्थको जन्म यहि भएको हो भनेर निर्दिष्ट स्थान देखाउने गर्दथे र सिद्धार्थलाई जन्म दिएर सातै दिनमा देहावसान भएकी रानी महामाया देवी, सिद्धार्थ र लुम्बिनीको चर्चा गर्ने गर्दथे ।

२९ वर्ष पछि राजकुमार सिद्धार्थले महाभिनिष्क्रमण गरेर गएपछि सो ठाउँको चर्चा अरु बढ्न थाल्यो । मानिसहरुले प्रकृतिको काखमा जन्मेको छोरा प्रकृतिकै काखमा गएको चर्चा गरे । उनीहरुले सिद्धार्थको भविष्य र सो ठाउँको महत्वका सम्बन्धमा अड्कलबाजी र भविष्यवाणी गर्न थाले । सिद्धार्थ गौतमले महाभिनिष्क्रमण गरेको ६ वर्ष पछि जब



Downloaded from http://www.dhamma.digital

उनले बुद्धत्व प्राप्त गरे, तब वास्तवमा नै सो ठाउँको महत्व बढ्यो । यस किसिमले लुम्बिनीको इतिहास खोतल्दै जाँदा एक पछि अर्को घटनाले यसको महत्व बढाउँदै लगेको टड्कारो देखिन्छ । लुम्बिनीको महत्व माथि त्यसबेला फेरी अर्को महत्व  थप भयो जब भगवान बुद्ध आफैले आफ्नो जीवनको महत्वपूर्ण घटनासँग सम्बन्धित दर्शनीय र संवेजनीय स्थलहरुको नाम किटेर उल्लेख गरे । उनले आफ्नो जीवनको उत्तरार्द्धतिर चार संवेजनीय स्थलहरु- जन्मस्थल लुम्बिनी, बुद्धत्व प्राप्त गरेको ठाउँ बोध गया, आफूले पहिलो पटक धर्मचक्र प्रवर्त्तन गरेको ठाउँ सारनाथ र महापरिनिर्वाण स्थल कुशीनगरको महत्व रहिरहने कुरा वताए । ती स्थलमध्ये पनि सबैभन्दा पहिले उनले लुम्बिनीको नाम लिएकाले अरु ठाउँभन्दा तुलनात्मक रुपले यसको महत्व सर्वाधिक बढी रहन गएको छ ।

स्वयम् भगवान बुद्धकै मुखबाट त्यो उद्घोष भएपछि लुम्बिनी धार्मिक दृष्टिले पनि महत्वपूर्ण हुन गयो । उनले त्यसो भनेको थाहा पाउनासाथ मानिसहरु उनकै जीवनकालमा त्यो निर्दिष्ट ठाउँमा गएर दर्शन गर्न थाले । उनका अनुयायीहरुले उनले पहिलो पटक पृथ्वीमा पाइला टेकेको ठाउँमा फूल चढाएर पूजा गर्न थाले । त्यसैबेला सो निर्दिष्ट ठाउँमा पूजा गर्न सजिलो होस् भनेर मानिसहरुले सो ठाउँको चारैतिर इट्टा लगाएर वेदिका (च्याम्बर) बनाए र त्यसको माथिबाट एउटा च्याप्टो छपनी ढुङ्गाले छोपे । सो वेदिका वनाएपछि यहाँ आउने सबैले सोही ढुङ्गामाथि फूल चढाएर पूजा वन्दना गर्ने गरे । त्यो क्रम पछि सम्म जारी रह्यो । त्यसैबीच मानिसहरु धेरै आउन थालेपछि वस्ती पनि वस्यो र शिष्यहरु बिहार बनाएर बस्न थाले र नित्य पूजा गर्ने चलन पनि चल्न थाल्यो । त्यस्तैमा भगवान बुद्धको महापरिनिर्वाण भएको २०० वर्ष पछि भारतका चक्रवर्ती सम्राट अशोक आफ्ना गुरु भिक्षु उपगुप्तका साथ लुम्बिनीको दर्शन गर्न आए ।



Downloaded from http://www.dhamma.digital

सो ठाउँमा आएपछि गुरु उपगुप्तले सबैले पूजा गर्ने गरेको वेदिका देखाएर यही ठाउँमा बुद्ध जन्मेका हुन्, बुद्धले पहिलो पटक पृथ्वीमा पाइला टेकेको ठाउँ यही हो भनेर हात पसारेर औंलाले देखाएका थिए । त्यसैका आधारमा बौद्ध सम्राट अशोकले पूजाआजा गरे। आफू सो ठाउँमा आएर पूजा दर्शन गर्न पाएकोमा अपार शान्तिको अनुभूति गरे ।

बौद्ध सम्राट अशोक आफ्नो राज्याभिषेकको २० औं वर्षमा लुम्बिनी आएका थिए । उनी लुम्बिनी आउँदा लुम्बिनी वन र बगैचा मात्र होइन, एउटा गाउँमा परिणत भैसकेको थियो। पूजा गर्नलाई पहिले बनाइएको वेदिकाको संरक्षणार्थ उनले चारैतिर अरु वेदिकाहरु बनाएर त्यसलाई गर्भगृहमा पारेर चैत्य निर्माण गरे । लुम्बिनीको धार्मिक, ऐतिहासिक महत्वलाई मनन गरेर तथा आफ्नो तीर्थयात्रालाई अविस्मरणीय पार्न उनले ३० फिटभन्दा अग्लो डोलो ढुंगाको स्तम्भ गाडे । जसलाई आजभोली हामी "अशोक स्तम्भ" भन्ने गर्दछौं । त्यस स्तम्भमा उनले ब्राम्ही लिपीमा "यहाँ भगवान् शाक्यमुनि बुद्ध जन्मेका हुन्" आदि भनेर प्रष्ट रुपमा कुँदेका छन् ।

लुम्बिनीको ख्याति त्यसपछि अरु टाढा टाढा पुगेको देखिन्छ । टाढा टाढाबाट पनि बौद्ध अनुयायीहरु समूह समूहमा यहाँ आउने गरेका इतिहासमा देखिन्छ। त्यो क्रम मौर्यकाल, शुङ्गकाल, कुषाणकाल र गुप्तकालसम्म जारी रहेको थियो । सम्राट अशोकले निर्माण गरेको चैत्यलाई संरक्षणको लागि गर्भगृहमा पारेर शुंग, कुषाण र गुप्तकालमा पटक पटक यहाँ चैत्य बनाइएको थियो । जुन चैत्य र वेदिकाहरु मायादेवी मन्दिरको जीर्णोद्धार गर्ने क्रममा सन् १९९१/९२ मा उत्खनन् गर्दा वर्तमान जमिनको सतहदेखि १६ फिट मुनि १५ वटा त्यस्ता वेदिकाहरु, पुरातात्विक सामग्रीहरु, सबभन्दा पहिले निर्माण गरेको वेदिका र त्यसमाथि राखिएको चिन्ह ढुङ्गा (Marker Stone)फेला



Downloaded from http://www.dhamma.digital

पारिएका छन् । त्यो ढुङ्गाको नाप ७०X४०X१० सेन्टिमिटर भएको उत्खननकर्ताहरुले बताएका छन् । सो ढुङ्गाको प्राप्ति संबन्धमा अन्तर्राष्ट्रिय विशेषज्ञ टोलीको सल्लाह र निर्देशनमा तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले १९९६ फेब्रुअरी ४ मा सार्वजनिक घोषणा गर्नु भएको थियो ।

मायादेवी मन्दिर उत्खननसँग सम्बन्धित प्रमुख पुरातत्ववेत्ता बाबुकृष्ण रिजालले सो ढुङ्गा फेला पार्नु बुद्ध जन्मेको मूल थलो फेला पार्नु हो भन्नु भएको छ । त्यस्तै जापानी पुरातत्वविद् एस. उसाका र पाकिस्तानी पुरातत्व विशेषज्ञ प्रो. दानीले सो उत्खननको ठूलो महत्व रहेको उल्लेख गर्नु भएको छ । इतिहास तथा पुरातत्वविज्ञ भिक्षु सुदर्शनले त्यसलाई सुनको औंठीमा हीरा जडेजस्तै महत्वपूर्ण भएको भनी वर्णन गर्नु भएको छ ।

बौद्ध तीर्थस्थलहरुको दर्शन अबलोकनको क्रममा लुम्बिनी आउनेहरु मध्ये ४०३ ई.मा आएका चिनिया यात्री फाहियान र ६३५ ई.मा आएका हुयन साङ को नाम र उनीहरुले लेखेका यात्रा वर्णन धेरै चर्चित छन् । जसलाई इतिहासकारहरुले दिग्दर्शनको रुपमा लिएका छन् । फाहियान भन्दा दुई सयवर्ष पहिले चीनकै बौद्ध विद्वान लि ताओचुन पनि आएका थिए । चीनमा प्रचलित प्राचीन यात्रा वृत्तान्त शुई चिङ चुमा लुम्बिनीमा त्यसबेला देखिएका कुराहरु उल्लेख गरेका छन् । त्यसमा १) सिद्धार्थलाई जन्माउनु पूर्व रानी महामायाले नुहाएको पोखरी, २) जन्माउने बेलामा उनले समाएको रुख ३) रुखको हाँगा समाएकी मायादेवीको ढुङ्गाको मूर्ति सोही रुखमुनी रहेको ४) सिद्धार्थले पहिलो पटक भूमिस्पर्श गर्दाको ठाउँमा श्रद्धालुहरुले फूल चढाएर पूजा गर्ने गरेको र ५) त्यसको नजिकै अशोक स्तम्भ भएको उल्लेख गरेका छन् । सन् १३१२ ई. मा कर्णाली प्रदेशका राजा रिपुमल्ल आएर पूजा दर्शन गरी अशोक स्तम्भमा आफ्नो नाम पनि अंकित गरेका थिए ।



Downloaded from http://www.dhamma.digital

वर्तमान पाकिस्तानी क्षेत्रबाट नरेन्द्र यश स्वात पनि आएको देखिन्छ। स्तम्भमा कुँदिएको केही अक्षरको प्रष्ट अर्थ्याउन बाँकी नै छ। केही नामहरु पनि छन्। जसको अध्ययन पूरा हुन सकेको छैन।

यस किसिमले लुम्बिनीको विगत तिर हेर्दा बौद्धकालीन अवस्थादेखि ईशाको चौधौं शताव्दीसम्म श्रद्धालुहरु निरन्तर दर्शन गर्न आइरहेको देखिन्छ। भारतमा मुसलमानहरुको साम्राज्य कायम भएपछि त्यहाँ जुन तोडफोड र उत्पात मच्चियो, त्यसको प्रभाव नेपालमा पनि पर्‍यो। त्यसपछि लुम्बिनी पनि अन्य बौद्ध तीर्थस्थलहरु जस्तै गरी विस्मृतिको गर्भमा धकेलियो र विरानो जंगलमा परिणत भयो। लुम्बिनीको इतिहासमा त्यो अवधि दूर्दिनको रह्यो।

मुसलमान पछि भारतमा अंग्रेजहरुले शासन गरे। अंग्रेजको शासनकालमा पश्चिमी विद्वानहरुले पूर्वीय प्राचीन साहित्य, दर्शन, कला संस्कृति र इतिहासको अध्ययन, अनुसन्धान र अन्वेषणका लागि १७८४ इं. मा कोलकातामा रोयल एशियाटिक सोसाइटी नामक संस्था स्थापना गरे। त्यस सोसाईटिका इतिहासकार, पुरातत्ववेत्ताहरुले चिनियाँ तीर्थयात्रीहरु खास गरी हुयन साङ र फाहियानका यात्रा वृत्तान्त र बौद्ध वाङमयलाई आधार मानेर बौद्ध स्थलहरुको खोजी अनुसन्धान गरे। जनरल कनिङघमको नेतृत्वमा उनीहरुले खोजी गर्दै जाँदा सबैभन्दा पहिले १८६३ ई.मा रहेको बौद्ध स्थल श्रावस्ती जेतवन पत्ता लगाए। तिलौराकोट पत्ता लगाए।

तिलौराकोटमा प्राचीन कपिलवस्तुको राजा शुद्धोदनको दरबार फेला पारेर उत्साही भएका विशेषज्ञहरु अझ पूर्वतिर लागे। उनीहरुले भगवान् बुद्धको जन्मस्थल लुम्बिनी पत्ता लगाउने उद्देश्यले भारतको गोरखपुर र बस्ती जिल्लाको विभिन्न ठाउँहरु हेरे। निग्लिहवाको अशोकस्तम्भ पत्ता लगाएका डा. ए. फुहररले नेपालको तराइमा अरु उत्खनन् गर्न सरकारसँग अनुमति मागे। सरकारले पाल्पाको तैनाथवाला



Downloaded from http://www.dhamma.digital

बडाहाकिम खड्ग शम्सेर सँग सम्पर्क राख्न पठाए। त्यसबेला बडाहाकिम खड्ग शम्शेर पाल्ही माफ खण्डको जंगल अर्थात वर्तमान लुम्बिनीमा पुगेका थिए। उनले पश्चिम तराईतिर महत्वपूर्ण बौद्धस्थलहरु फेला गरेको कुरा सुनेका थिए। आफू बसेको जंगलको सानो ढिस्कामा उनले ठाडो ढुङ्गा देखे। उनले त्यहि देखिएको ढुङ्गा के होला भनेर जिज्ञासा राख्दै खन्न लगाए। ढिस्कोको माटो फाल्दै उनी स्तम्भको जग खन्नेतिर लागे। त्यहाँ उपस्थित कतिपयले त्यसलाई शिवजीको लिङ्ग भएको अनुमान गरेका थिए। त्यसो भन्नेहरुले शिवजीको लिङ्गको आदि अन्त्य केही भेटिँदैन भनेर त्यो खन्ने काम तुरुन्तै रोक्नुपर्ने चेतावनी दिएका थिए। तैपनि उनले खन्ने काम जारी नै राखे। जग पूरा खन्न केही फीट मात्रै बाँकी रहँदा डा. फुहरर त्यहाँ पुगे। उनले बडाहाकिम सँग सल्लाह, परामर्श र आज्ञा लिएर त्यो देखिएको स्तम्भ सफासँग धोए। त्यसरी धोएपछि त्यसमा कुँदिएका अक्षरहरु देखिन थाले। ती अक्षर देख्नासाथ उनले अशोक स्तम्भ भएको ठम्याएका थिए। तर त्यसको प्रामाणिकताको प्रश्न पनि उठ्ने भएकोले उनले त्यसमा कालो मसी दलेर त्यो लिपिको फोटो खिचे। उनले फोटो खिचेको लिपिको ब्लक बनाएर १८९६ डिसेम्बर २३ मा भारतको इलाहाबादबाट प्रकाशित अंग्रेजी पत्रिका "पायोनियर" मा छपाई त्यसको अनुवाद गरी अर्थ्याउन विशेषज्ञहरुलाई सार्वजनिक अपिल गरे।

प्राचीन लिपि विशेषज्ञहरु ए. वार्थ, जर्ज बुहलर, ए. स्मिथ, जे. ल्फीट लगायतका प्राचीन लिपि विशेषज्ञहरुले त्यो लिपि सम्राट अशोककालीन ब्राह्मी लिपि भएको ठहऱ्याए। तर सबै अनुवाद उनीहरुले गर्न सकेनन्। तैपनि आधा भन्दा बढीको अनुवाद उनीहरुले गरे। उनीहरुले "यहाँ लुम्बिनीमा बुद्ध शाक्यमुनि जन्मनु भएकाले आदर गौरार्थ देवताको प्रिय राजा अशोकले आफ्नो राज्याभिषेकको २० औं वर्षमा पूजा दर्शनका निम्ति आएको" अर्थ्याए। उनीहरुले त्यो अनुवाद



Downloaded from http://www.dhamma.digital

गरेपछि वरिष्ठ पुरातत्ववेत्ता जनरल कनिङघम लगायतका विद्वान पुरातत्व विशेषज्ञहरु सबैले एकै स्वरमा लुम्बिनी बुद्धको जन्मस्थल भएको निर्क्यौल निकाले । त्यसबेलादेखि सो स्तम्भ अशोकस्तम्भ र सो ठाउँ लुम्बिनीको नामबाट फेरी प्रख्यात भयो भने लुम्बिनी बुद्धको जन्मस्थल भनेर पनि फेरि एकपटक चर्चित भयो । जुन दिन खड्ग सम्शेर र डा. फुहररले अशोकस्तम्भ भनेर पत्ता लगाएका थिए, त्यो दिन १८९६ डिसेम्बर १ थियो ।

त्यसअघि सो स्तम्भलाई कसैले देखेको थिएन भन्ने होइन, त्यहाँ जाने धेरैले त्यसलाई देखेका थिए । त्यसको अधिकांश भाग माटोले पुरिएको थियो । माटोको ढिस्कोमाथि देखिएको त्यो सानो भागलाई अशोक स्तम्भ भनेर ठम्याइएको थिएन । मेजर जसकर्ण सिंह भन्ने भारतका बन अधिकृत ले १८९३ मा त्यो स्तम्भ देखेको आफ्नो रिपोर्टमा उल्लेख गरेका थिए । सन् १९९४ मा हात्ती लगाएर त्यसलाई उखेल्ने प्रयास पनि गरिएको थियो । बडाहाकिम खड्ग शम्शेरले पनि अशोकस्तम्भ भनेरै त्यहाँ खनेका थिएनन् । उनले आफ्नो जिज्ञासा र कौतुहलताका कारण त्यो के होला भनेर त्यसलाई खनेर हेर्ने विचार गरेका थिए । तर ढुङ्गा खोज्दा देउता मिले जस्तै भयो ।

तिलौराकोटका सम्बन्धमा पहिले जेजस्तो भएको थियो, त्यस्तो लुम्बिनीका वारेमा भएन । तैपनि भारतीय पुरातत्वविद्हरुले पटक पटक अशोक स्तम्भको जग हेर्ने काम भने गरे । पी.सी. मुखर्जीले त्यसको विस्तृत रिपोर्ट अध्ययन गरे भने १९६५ तिर देवला मित्रले फेरि जग खनेर हेरे । चौथो वा अन्तिम पटक नेपालका पुरातत्व विशेषज्ञ तारानन्द मिश्रले पनि त्यसको जग खनेर हेरेका थिए । कुनै टेको र आड नदिईकन पटक पटक जग खनेका कारणले स्तम्भ अलि ढल्केको छ । स्तम्भको उचाई ३० फिट ७ इन्च छ । जस मध्ये १७ फीट जति जमिन सतह भन्दा माथि छ भने १३ फीट जति जमिनमुनि रहेको छ । स्तम्भमा



Downloaded from http://www.dhamma.digital

विशेष किसिमको रासायनिक पालिस लगाइएको छ । जसले गर्दा २२/२३ सय वर्ष देखिको घामपानी र हुरी वतासले समेत स्तम्भमा प्रभाव पारेको छैन । त्यसबेला को त्यो उच्च कोटिको प्रबिधि मानिन्छ। अर्को सौभाग्य यो पनि हो कि ब्राह्मी लिपिमा कुँदिएका ती अक्षरहरु कुनै पनि केरमेर भएका छैनन् । तिनीहरु आज पनि प्रष्ट छन्। त्यसको माथितिर धेरै नाम र चिन्हहरु कोरिएका छन्। स्तम्भको माथिल्लो भाग भने चट्याङ्गका कारणले चर्किएको छ। त्यो चर्केको भाग धेरै नबढोस् भनेर फलामको पाताले बाँधिएको छ।

सम्राट अशोकले विभिन्न स्थानमा बनाएका स्तम्भ मध्ये लुम्बिनीको यो स्तम्भ सबैभन्दा पहिलो हो। भगवान बुद्धको जन्मस्थल प्रमाणित गर्ने यो सबैभन्दा ठूलो प्रमाण हो। नेपालमा पाइएका शिलालेखहरु मध्ये यो सबैभन्दा पुरानो र ठूलो शिलालेख हो । यसमा कुँदिएका ब्राह्मी लिपि कुनै पनि शिलापत्र, ताम्रपत्र भन्दा पुरानो लिपि हो । यो सिंगो नेपालको गौरव हो र बौद्धहरुको अमर निशानी हो ।

लुम्बिनी उत्खनन् गर्दा अशोक स्तम्भ मात्र पाइएको होइन, अन्य धेरै पुरातात्विक महत्वका चिजहरु, वस्तीको संरचना जमिनको महत्वपूर्ण स्तर विन्यास (Culture of sequance) फेला परेका छन । त्यसबेला फहियान, हुयन साङ, इत्सिङहरुले आफ्नो यात्रा वर्णनमा उल्लेख गरेका धेरै कुराहरु पाइएका छन्। ती मध्ये मायादेवीको ढुङ्गाको मूर्ति पनि एक हो । डा. होयले उत्खनन् गर्दा शिर नभएको मायादेवीको मूर्ति फेला पारेका थिए भने पी.सी. मुखर्जीले उत्खनन् गर्दा सो ठाउँको केही पर त्यसको टाउको फेला पारेका थिए। आज हामी मायादेवीको मूर्ति भनेर जसलाई पूजा गर्ने गर्दछौं, त्यो तिनै उत्खनन्कर्ताहरुले पत्ता लगाएका हुन् । सुत्केरी हुनुपूर्व रानी महामायादेवीले नुहाएको पोखरी, यत्रतत्र देखिने भग्नावशेष स्तूपहरु, तेलीय नदीदेखि पुरानो कुराहरु जे-जति देखिन्छन्, ती सबै खुदाईबाटै फेला पारिएका हुन् ।



Downloaded from http://www.dhamma.digital

केशर शम्शेरले सन् १९३३-३९ सम्म लुम्बिनीको उत्खनन् गरे। पुरातात्विक ज्ञानको अभावमा उनले धेरै संरचना विगारेका पनि वताइन्छ। तर त्यहाँको महत्वपूर्ण संरचनालाई ढालेर संरक्षण गर्ने काम भने उनैले गरेका हुन्। लुम्बिनीको उत्खनन् गर्दा भारतका नीलवर्ण बेनर्जी, भिक्षु सुदर्शन महास्थविर नेपालका पुरातात्विक विशेषज्ञहरु बालकृष्ण रिजाल, कोषराज आचार्य, जापानका प्रो. उसाका तथा लुम्बिनीका इतिहास प्रकाश पार्ने काममा भिक्षु महादान भुवनलाल प्रधानहरुको नाम उल्लेखनीय रहेका छन्।

एकसय वर्ष पहिले मायादेवीको मूर्ति भनेर ठम्याइसकेपछि पनि स्थानीय वासीले त्यो मूर्तिलाई रुम्मिणी माई र बनकाली भनेर बलि दिएर पूजा गर्ने गर्दथे। बौद्धहरुको आग्रहमा श्री ३ चन्द्र सम्शेरले सो बलि प्रथामा रोक लगाएका थिए। यस किसिमले हेर्दै जाँदा लुम्बिनीको अवस्थामा अहिले कायापलट भएको देखिन्छ। कुनै बेला त्यो घना जंगल र डाँकाहरुको वस्ती थियो। त्यस्तो बेलामा भिक्षु धम्मालोक लुम्विनीको संरक्षण गर्ने भनेर बस्न जानु भयो। भिक्षु महानामले पनि त्यहाँ सेवा पुऱ्याउनु भएको छ। त्यस्तै अहिले भिक्षु बिमलानन्द महास्थविर, भिक्षु मैत्रीले सेवा गरिरहनु भएको छ। यसअघि भिक्षु अनिरुद्र महास्थविर गएर बस्नु भएको स्मरणीय छ। उहाँहरुले लुम्बिनीमा प्रहरी चौकी, खानेपानीको ब्यवस्था, स्कूल खोलेर आफैले पढाउने, पाहुना घर बनाउने आदि काम गर्नु भयो। ४६ वर्ष लुम्बिनीमा बसेर भिक्षु अनिरुद्रले धेरै सेवा गर्नु भयो। उहाँ बड्का बाबा भनेर चिनिनुहुन्थ्यो।

सन् १९६७ मा संयुक्त राष्ट्र संघका महासचिव उत्थान्तले नेपाल भ्रमण गर्ने क्रममा लुम्बिनीको दर्शन गर्न आउनु भयो। उहाँलाई भिक्षु अनिरुद्र महास्थविरले वर्मिज भाषामा बुद्धधर्म र राष्ट्रसंघको उद्देश्य एकै भएको, शान्तिका लागि दुबै प्रतिबद्ध भएको उल्लेख गर्दै लुम्बिनीको विकास गर्नुपर्ने कुरा सविस्तार व्याख्या गरी आग्रह



Downloaded from http://www.dhamma.digital

गर्नुभयो । उहाँको कुरावाट महासचिव खुब प्रभावित हुनुभयो । लुम्बिनीबाट काठमाण्डौ फर्केर उहाँले श्री ५ महेन्द्रका सामु लुम्बिनीको विकास गर्ने प्रस्ताव राख्नु भयो । श्री ५ बाट सो प्रस्ताव सहर्ष स्वीकार गरिबक्स्यो अनि लुम्बिनी विकासको गुरुयोजना तैयार गर्न जापानका ख्यातिप्राप्त संस्कृतविद् वरिष्ठ इन्जिनियर प्रो. केन्जो टाँगेलाई जिम्मा दिइयो । उहाँले तैयार गर्नु भएको गुरुयोजना सन् १९७८ मा लागु गरी काम शुरु भएपछि लुम्बिनीको आधुनिक काल शुरु हुन्छ ।

आदर्श समाज
२०६२

*सब्बपापस्स अकरणं कुसलस्स उपसम्पदा ।*
*सचित्त परियादपनं एतं बुद्धानुसासनं ।।*

**सबै पापहरूबाट मुक्त हुनु,**
**कुशल धर्म यापन गर्नु,**
**चित्तलाई विकार रहित तुल्याउनु**
**यहि नै बुद्धहरूको शिक्षा हो ।**



– शाक्यमुनि बुद्ध –

Downloaded from http://www.dhamma.digital

# पोखराको विश्व शान्ति स्तूप एक परिचय

कास्की पोखरा पुम्दी भुम्दी गाउँ विकास समिति स्थित अनदु डाँडामा जापानको निप्पोनजान म्याहोजीको सहयोगमा निर्मित विश्वशान्ति स्तूपको ठूलो महत्व र महिमा छ । हुनत जापानको सो संस्थाले विश्वभर विभिन्न स्थानहरुमा विश्वशान्ति स्तूपहरु निर्माण गर्दै आएको छ तर पोखराको विश्वशान्ति स्तूपको छुट्टै कथा र व्यथा छ र यसको छुट्टै गौरवपूर्ण इतिहास छ ।

विश्वशान्ति स्तूप वास्तवमा शान्तिको प्रतीक हो । यसले आफूमाथि जे-जस्ता अनिष्ट घटना घटेपनि शान्तिपूर्वक रहनु पर्दछ र सहनु पर्दछ भन्ने व्यवहारिक शिक्षा प्रदान गर्दछ । यो स्तूपले बौद्धहरुको धैर्यता, सहनशीलता, सहिष्णुता र लगनशीलताको परिचय दिएको छ ।

बुद्ध जन्मेको देशमा आफूलाई शान्ति क्षेत्र घोषणा गर्ने जमर्को गरेको देशमा विश्वशान्तिका प्रतीकको रुपमा परिचित विश्वशान्ति स्तूप बन्नु निश्चय नै ठूलो महत्व र गौरवको कुरा हो । नेपालमा यो गौरव सबैभन्दा पहिले पोखराले प्राप्त गरेको छ । त्यसैले पोखरा आज विश्वशान्ति स्तूप आफूमा पाएर हर्षले गद्गद भएको छ ।

हरिया डाँडा काँडाहरु रमाइला ताल तलैयाहरु र उत्तरतिरका मनमोहक श्वेत हिमश्रृङ्खलाहरु द्वारा प्राकृतिकरुपले सजिएको पोखरा



Downloaded from http://www.dhamma.digital

त्यसै पनि शान्त सुन्दर र स्निग्ध छ । त्यसमा विश्वशान्ति स्तूपको निर्माणले यसको महत्व र गरिमा अरु बढाएको छ । यहाँको धार्मिक क्षेत्रले दर्शन गर्न योग्य महत्वपूर्ण तीर्थस्थल थप भएको अनुभूति गरेको छ भने पर्यटन क्षेत्रले आफूमा एउटा नयाँ अध्याय र नयाँ आकर्षण थपिएकोमा गौरव गरेको छ । यसको निर्माणले सौन्दर्यमयी फेवातालको सौन्दर्य र महत्व पनि बृद्धि भएको छ भने वरपरका बासिन्दाहरु आफ्नो व्यवसाय वृद्धि हुने र रोजगारी पाउने मिठो कल्पनामा डुबुल्कि मार्दैछन् ।

यस्तो महत्वपूर्ण विश्वशान्ति स्तूप निर्माण गर्ने काम यहाँ २०३० सालमा नै शुरु गरिएको थियो । तर त्यतिबेला अनेक बिघ्न बाधा र अबरोधहरु अर्थात मारहरु आएका कारण करिब २० वर्ष यसले अत्यन्त संघर्षपूर्ण एवं संकटपूर्ण स्थितिबाट गुज्रनु पऱ्यो । २०५० साल जेष्ठ ८ गते तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले पुनः निर्माणको लागि शिलान्यास गर्नु भए पश्चात यसको निर्माण कार्य निर्बिघ्नतापूर्वक सम्पन्न भएको हो ।

पोखरामा यो स्तूप के-कसरी निर्माण हुन गयो त्यो पनि एउटा रोचक कथा छ । निप्पोनजान म्याहोजीका श्रद्धेय भिक्षु निशिदात्सु फुजी गुरुजी ६ दशक पहिले लुम्बिनीको दर्शन गर्न आउँदा विश्वशान्ति स्तूप निर्माण गर्ने अठोट गर्नु भएको रहेछ । आफ्नो पहिलेको अठोट अनुसार उहाँले लुम्बिनी क्षेत्रको बाहिर जमिन मिलाएर भूमि पूजा समारोह गर्नु भयो । निर्माणको लागि इट्टाहरु थुपारी सकेपछि उहाँलाई त्यहाँ शान्तिस्तूप बनाउन दिइएन । त्यसपछि उहाँ भूतपूर्व सहायक मन्त्री प्रेमबहादुर शाक्य मार्फत काठमाण्डौको स्यूचाटार पुग्नुभयो र त्यहाँ बनाउन लाग्नु भयो । तर त्यहाँपनि शान्तिस्तूप बनाउन पाउनु भएन । प्रशासनले रोक लगायो ।

त्यसपछि प्रेमबहादुर शाक्य मार्फत श्रद्धेय गुरु निशिदात्सु



Downloaded from http://www.dhamma.digital

फुजीको अनागारिका धर्मशीला गुरुमा सँग भेटघाट भयो । संसारभरि विश्वशान्ति स्तूपहरु निर्माण गर्दै आउनु भएका तथा आणविक एवं परमाणु हात हतियारको बिरोधमा विश्वभरि शान्ति पदयात्रा गर्दै हिड्नु भएका शान्तिकामी वयोवृद्ध भिक्षुले पोखरामा शान्ति स्तूपको निर्माण गर्न पाए बुद्धधर्मको विकासमा महत्वपूर्ण योगदान हुने र त्यसमा आफूले सक्दो आर्थिक र प्राबिधिक सहयोग दिने बिचार व्यक्त गर्नु भयो ।

गुरुजीको त्यस बिचारले अनागारिका धर्मशीला गुरुमाको मनमा गहिरो छाप पऱ्यो । फेरि पोखराको लागि त्यो एक ठूलो गौरवको कुरा पनि हुने भएकाले धर्मशीला गुरुमा त्यसमा एकदमै तत्परताका साथ लाग्नु भयो र विभिन्न ठाउँहरु देखाउनु भयो । त्यसरी देखाइएको ठाउँहरु मध्ये अनदु डाँडाको थुम्की सबैभन्दा उपयुक्त जँचियो । त्यो थुम्की भूतपूर्व उपमन्त्री मीनबहादुर गुरुङ्गको भएकाले उहाँसँग बिचार विमर्श भयो । उहाँ पनि गुरुज्यूको कोमल स्वभाव नम्र व्यवहार र बुद्धधर्मप्रति समर्पित सेवा भावबाट अत्यन्त प्रभावित भै सहयोग पाए आफैले त्यो काम गर्ने अठोट गर्नुभयो । श्रद्धेय गुरुज्यूको हार्दिक सहयोग तथा मीनबहादुर गुरुङ्गको अथक परिश्रमले अनदु थुम्कीमा विश्वशान्ति स्तूपको निर्माण कार्य २०३० सालमा शुरु भयो ।

सबभन्दा पहिले त्यहाँ बुद्ध बिहार तयार गरियो । गुरुको लागि एउटा घर र पाहुना घर गरि तीनवटा भवनहरु तयार गरिए । २०३० साल मंसिर १३ गते भगवान बुद्धको जन्म मूर्ति पोखरा बजार परिक्रमा गराई नवनिर्मित बिहारमा लगेर बिधिवत् अनावरण गरि मूर्ति स्थापना गरियो ।

सो कार्यको जतातत्तै प्रशंसा भयो । नेपाल सरकारका उच्च ओहदाका अधिकृतहरुले पनि सन्तोष जाहेर गरेका थिए भने मन्त्री परिषद्का सदस्यले स्थलगत निरीक्षण गरि भगवान्को दर्शन गरेर त्यस



Downloaded from http://www.dhamma.digital

कार्यको सराहना गरेका थिए । त्यस किसिमले जताततैबाट प्रशंसा भैरहेको बेला त्यहाँ निर्माण भैरहेको विश्वशान्ति स्तूप ३५ फीट उच्चा भैसकेपछि एउटा बज्रपात भयो । स्तूपमाथि एउटा मार आयो । स्तूपका निर्माता मीनबहादुर गुरुङ्गलाई २०३१ श्रावण ४ गते सुरक्षा कानून अन्तर्गत जेलमा थुनियो । त्यसपछि फेरी उहाँका छोरा कृष्णबहादुर गुरुङ्गलाई पनि थुनियो ।

अनि तत्कालीन अञ्चलाधीश शंकरराज पाठकको अध्यक्षतामा शान्तिस्तूप भत्काउने गोप्य वैठक बस्यो । भत्काउनका लागि कारणको खोजी भयो । मीनबहादुर गुरुङ्गको अग्रसरतामा बनाइएको शान्ति स्तूपलाई कांग्रेसले बनाएको भन्ने हल्ला चलाइयो । बन मासेको अभियोग लगाइयो । तर शान्ति स्तूप भत्काउन त्यो आरोप उचित र पर्याप्त जँचिएन । अनि नगर योजना कार्यान्वयन समितिले स्वीकृति नलिई बनाइएको आरोप जवरजस्ती लगाइयो । नगर योजना कार्यान्वयन समितिको क्षेत्रभन्दा बाहिर रहेको सो ठाउँमा नगर योजना लागू हुनु भन्दा पहिला नै निर्माण भै बुद्ध मूर्ति समेत स्थापना भएका बिहार र स्तूपलाई स्वीकृति नलिई बनाएको आरोप लगाइयो । जबकी गाउँ पञ्चायत क्षेत्रमा त्यतिबेला घर आदि बनाउन स्वीकृति लिनुपर्ने कुनै प्रावधान नै थिएन । तैपनि पोखरा उपत्यका नगर योजना कार्यान्वयन समितिको २०३१ श्रावण १३ गते बसेको वैठकले विश्वशान्ति स्तूप भत्काउने निर्णय गऱ्यो । प्रशासनले जवरजस्ती आफ्नो मान्छे लगाएर निर्ममतापूर्वक तीनवटै स्मारकहरु र ३५ फुट उच्चा भैसकेको शान्ति स्तूप सवै भत्काइ दियो । एउटा दुर्भाग्यपूर्ण स्थितिको सिर्जना भयो । नेपालको इतिहासमा कहिल्यै नघटेको अविवेकपूर्ण घटना घट्यो । भगवान बुद्ध जन्मेको देश नेपालमा बुद्धको नाममा निर्मित शान्तिस्तूप भत्काइयो र सहिष्णुताको नाम लिएर नथाकेकाहरु बाट असहिष्णु र अत्याचारपूर्ण व्यवहार गरियो । विश्वशान्ति स्तूपमा स्थापित भगवान



Downloaded from http://www.dhamma.digital

बुद्धको जन्म मूर्ति प्रशासनले माटेपानी गुम्बामा लगेर राखेको छ ।

धर्मशीला गुरुमा अरु अप्रिय काम नहोस् भनेर उपासक रत्न कुमार (भिक्षु श्रद्धानन्द) का साथ राजधानी जानु भयो । उहाँले अखिल नेपाल भिक्षु महासंघलाई गुहार्नु भयो । भिक्षु सुदर्शन महास्थविरले निकै सहयोग गर्नुभएको थियो । गुरुमाको पूर्व परिचित व्यक्तित्व गुण बिक्रम अधिकारीले पनि उहाँलाई केही सहयोग गर्नु भएको थियो । उता राष्ट्रिय पञ्चायतमा माननीय पूर्णमान शाक्यले आफ्नो सहयोगीहरु सँग मिलेर त्यस विषयमा सार्वजनिक महत्वको विषय बनाएर प्रश्न गर्नुभयो । पछि माननीय शाक्य आफैले स्थलगत निरीक्षण गरेर नेपाल सरकारलाई सम्झौताको लागि तीन सूत्रीय कार्यक्रम प्रस्तुत गर्नु भयो ।

२०३१ साल आश्विन महिनामा नेपाल सरकारले १२/१५ फिटसम्म उचाई भएको स्तूप निर्माण गर्ने स्वीकृति दियो । त्यो स्वीकृति लिएर भिक्षु सुदर्शन र लोकदर्शन बज्राचार्य काठमाण्डौबाट पोखरा आउनु भयो । त्यसबेला श्री मीनबहादुर गुरुङ्ग जेलमै हुनुभएकोले उहाँको अनुपस्थितिमा, उहाँकै जमिनमा, उहाकै स्वीकृति विना स्तूप स्थापना गर्नु उपयुक्त नभएको तथा त्यति ठूलो योजनाको सट्टा सानो स्तूप मात्र राख्ने काम उत्साहप्रद नभएकोले त्यसलाई ग्रहण गरिएन । २०४४ सालमा अनागारिका धर्मशीलाको पहिलो पुण्य तिथिको अवसर मा पोखरामा सम्पन्न महापरित्राण र राष्ट्रिय स्तरको बौद्ध सम्मेलनले विश्व शान्तिस्तूप पुनः निर्माण गर्न आवश्यक सम्झेर त्यसको लागि वातावरण तयार गर्न भिक्षु सुदर्शन महास्थविरको अध्यक्षतामा एउटा राष्ट्रिय समिति गठन गर्‍यो । सो समितिमा मीनबहादुर गुरुङ्ग, लोकदर्शन बज्राचार्य र सानुरत्न स्थापित तीनजना उपाध्यक्ष, तिलकमान गुभाजू महासचिव, प्रकाशमान गुभाजू कोषाध्यक्ष रहनु भएको थियो । समितिका सदस्यहरुमा सर्वश्री अनागारिका धम्मावती र प्रा. आशाराम शाक्य (काठमाण्डौ), श्रीमती विष्णुदेवी श्रेष्ठ (धरान), चकोरमान शाक्य



Downloaded from http://www.dhamma.digital

(तानसेन), बिलबहादुर गुरुङ्ग र पुस्करमान बुद्धाचार्य (पोखरा) हुनुहुन्थ्यो । सम्मेलनले समितिको प्रमुख सल्लाहकारमा आचार्य भिक्षु अमृतानन्द महास्थविरलाई राखेको थियो । सो समितिले एकातिर आफ्नै किसिमले काम गरिरहेको थियो भने मीनबहादुर गुरुङ्गले आफ्नो जीवनको एकमात्र लक्ष्य नै स्तूपको पुन निर्माण गर्नु हो भनेर जताततै आवाज उठाउँदै आउनु भएको थियो ।

त्यसैवीच नेपालमा ऐतिहासिक जनआन्दोलन भयो । सो आन्दोलनको परिणाम स्वरुप देशमा प्रजातन्त्रको पुनर्बहाली भयो । प्रजातन्त्रको उदय पश्चात अन्तरीम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले आफ्ना मित्र मीनबहादुर गुरुङ्गको आवाजको कदर गरेर भत्काइएको शान्ति स्तूपको मुआब्जा दिने सम्बन्धमा तोक आदेश पनि गर्नु भएको थियो तर त्यो मुआब्जा भने प्राप्त भएन ।

पछि निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०४८ साल श्रावण २९ गते विश्व शान्तिस्तूप पुनः निर्माण गर्न दिने तोक आदेश दिनु भयो । सो तोक आदेश बमोजिम आवास तथा भौतिक योजना मन्त्रालयले मिति २०४८/६/८ मा नेपाल सरकार (मन्त्री स्तर) बाट निर्णय गरी स्तूप निर्माण गर्न स्वीकृति दिन पोखरा नगर योजना कार्यान्वयन समितिको कार्यालयलाई आदेश गऱ्यो र सो आदेश बमोजिम नगर योजना कार्यान्वयन समितिको २०४८ भाद्र १८ गते बसेको वैठकले विश्व शान्तिस्तूप निर्माण गर्ने स्वीकृति प्रदान गरेको हो ।

सो स्वीकृति अनुसार अनदु डाँडाको २१-८-१-२ क्षेत्रफल भएको जमिनमा बुद्ध मूर्ति भएको एउटा बिहार, १२ वटा कोठाहरु भएको अतिथि गृह र ११५ फीट उचाई तथा ३४४ फीट गोलाईको ठूलो विश्व शान्तिस्तूप निर्माण भएको उल्लेख गर्न पाउनु सबैको लागि सन्तोष र गौरवको विषय भएको छ ।



Downloaded from http://www.dhamma.digital

नवनिर्मित विश्व शान्तिस्तूपको अग्रभागमा जापानमा निर्मित भगवान बुद्धको धर्मचक्र प्रवर्तन मुद्राको विशाल मूर्ति राखिएको छ भने पश्चिमी भागमा श्रीलंकाबाट प्राप्त ध्यान मुद्राको मूर्ति तथा उत्तरमा थाइल्याण्डबाट प्राप्त ढलोटको ६ फीट लामो महापरिनिर्वाण मूर्ति राखिएको छ। त्यस्तै दक्षिणी भागमा नेपालीहरुद्वारा नेपालमा नै निर्माण गरिएको ढलोटबाट बनेको तथागतको जन्म मूर्ति प्रतिस्थापित गरिएको छ ।

विश्व शान्तिस्तूपमा उक्लनका लागि ३८ वटा सिंढीहरु बनाइएका छन् । ती सिंढीहरु ३८ उत्तममंगलका प्रतीक हुन् भने ती मध्ये माथिल्लो १२ वटा सिंढीहरु प्रतीत्य समुत्पादका प्रतीक हुन् ।

ती सिंढीहरु चढेर माथिल्लो भागको पेटीबाट श्रद्धावश परिक्रमा गर्दा १०८ कदम चाल्नु पर्दछ भने जमिनबाट घुम्दा २१६ कदम चाल्नु पर्दछ ।

विश्व शान्तिस्तूपको माथिल्लो भागमा धर्मचक्र पवर्तन अंकित धर्मचक्र राखिएको छ भने त्यस भन्दा माथि टुप्पोमा नेपालीहरुबाट प्राप्त सुन र सुनका गहनाहरु संकलन गरि सुनको मुलम्बा लगाइएको त्रयोदश स्वर्ण भुवनको प्रतीक १३ तल्ले २० फुट उचाइको गजुर राखिएको छ। गजुरको पनि माथिल्लो शीर्ष भागमा श्रीलंकाबाट प्राप्त भएको ठूलो स्फटीक (Crystal Stone) जडान गरिएको छ, जुन प्रज्ञा र करुणाको प्रतीक हो ।

बुद्धधर्मका महत्वपूर्ण चैत्य स्तुपहरु निर्माण गर्दा त्यसको गर्भमा भगवान बुद्धको अस्थिधातु राख्ने चलन छ। तथागतको अस्थिधातुले त्यसमा बुद्धको अस्तित्वबोध गर्दछ। त्यसकारण बुद्ध धर्ममा अस्थिधातुको अत्यन्त महत्व हुन्छ । यो विश्वशान्ति स्तूपमा भगवान बुद्धको अस्थिधातुहरु पहिले पनि निधान गरिएको थियो भने थाइल्याण्डका परम पूज्य संघराजा राजगुरु सोमदेन ञाण सम्बरबाट प्रदान गरिएको



Downloaded from http://www.dhamma.digital

भगवान बुद्धको दुर्लभ एवं पवित्र अस्थिधातु पनि प्रतिस्थापित गरिएको छ। त्यसैले पनि यो शान्ति स्तूपको महत्व अरु बढ्न गएको छ।

यति महत्वपूर्ण विश्व शान्तिस्तूपको निर्माण, संरक्षण र सम्बर्द्धनको लागि प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको सल्लाह र सुझाव अनुसार बौद्धहरुले गम्भीर किसिमले सोचेका छन् । त्यसको लागि यहाँ एउटा ट्रष्टको व्यवस्था गरिएको छ। त्यसका आफ्नै विधान र नियमहरु छन् । त्यसको संरक्षण मण्डलमा अखिल नेपाल भिक्षु महासंघ, धर्मोदय सभा , लुम्बिनी विकास कोष, धर्मशीला बुद्ध बिहार दायक सभा, निप्पोनजान म्याहोजि र मीनबहादुर गुरुङ्ग हुनुहुन्छ।

यो पुनः निर्मित विश्व शान्तिस्तूपको शिलान्यास मिति २०५० जेठ ८ गते प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाबाट भएको थियो भने मिति २०५६ कार्तिक १३ गते उहाँबाट नै स्तूपको उद्घाटन स्वरुपको प्रतिष्ठा पूजा सम्पन्न भएको थियो।

मिति २०५६ फागुन १९ गते स्तूपको विशेष पूजाको आयोजना गरिएको थियो जसमा श्री ५ वीरेन्द्रको समुपस्थिति हुने कार्यक्रम थियो तर प्राकृतिक प्रकोपको कारण प्रयास गर्दा गर्दै पनि मौसूफको सवारी स्तूपमा हुन सकेन। जुन् कुरा स्तूप परिवारलाई सँधै खट्कने विषय भएको छ।

यो विश्व शान्तिस्तूप निर्माण गर्नका लागि निप्पोनजान म्याहोजिका श्रद्धेय भिक्षु मोरियोका सोनी र उहाँका साथीहरुले साधन स्रोत जुटाउन जे-जसरी प्रयासहरु गर्नु भयो, त्यो उल्लेखनीय र स्मरणणीय रहेको छ। उहाँहरुले पोखरालाई विर्सनै नसकिने गुण लगाउनु भएको छ।

विश्व शान्तिस्तूप मनोरम स्थलमा अवस्थित छ। स्तूपको निर्माणले त्यस ठाउँको महत्व अरु बढ्न गएको छ। फेवातालको दक्षिण पश्चिमको रमणीय डाँडामा रहेको स्तूप क्षेत्रबाट उत्तरतिर फैलिएको



Downloaded from http://www.dhamma.digital

हिमालयको लामो श्रृङ्खला दृष्टिगोचर हुन्छ । ती मध्य पुट्ठा हिमाल, धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, हात्तिसुँडे, हिमचुली, रकनोयर, ग्ल्याशियर डोम, गंगापूर्ण, मर्दी हिमाल, लमजुङ्ग हिमाल, मानापाथी, मनासुलु, डाकुरा, बौद्ध हिमाल, बराह शीर आदि प्रमुख छन् । मौसम सफा भएको बेलामा लार्के गणेश हिमाल पनि दृष्टिगोचर हुन्छ । स्तूप क्षेत्रबाट फेवाताल, पोखरा उपत्यका हरिया डाँडा काँडाहरु र श्वेत हिमश्रृङ्खलाहरु सबै एकैसाथ देख्न सकिने भएकाले यो क्षेत्र अत्यन्त महत्वपूर्ण हुन गएको छ ।

पोखरा उपत्यकाको पश्चिमी भागमा रहेको विश्व शान्तिस्तूप पोखराको मुख्य बजार महेन्द्रपुलबाट करिब ७ किलोमिटर टाढा छ । सो ठाउँमा जाने विभिन्न बाटाहरु छन् । पोखरा बजारबाट नगर बस र अन्य सवारी साधनहरु प्रयोग गरेर छोरेपाटन पुग्ने र त्यहाँबाट करिब ४५ मिनेट उकालो चढेर स्तूप क्षेत्र पुग्न सकिन्छ । फेवातालमा नौका बिहार गरेर ताल पारी गएर उकालो चढेर पनि थुम्कीमा पुग्न सकिन्छ भने फेवातालको बाँध भन्दा केहि पर निर्मित झोलुङ्गे पुल भै बिस्तारै उकालो चढेर सो स्थल पुग्न सकिन्छ । झोलुङ्गे पुलबाट जाँदा बाटो अलि लामो भएपनि उकालो कम भएकोले जान निकै सजिलो छ । पुम्दी भूम्दीको कालिमाटीको बाटो भएर जाँदा बाटो छोटो भै छिटो पुग्न सकिन्छ । कालीमाटी र छोरेपाटनबाट हिउँदमा जीप र मोटर साइकल पनि जाने गर्दछन् । पर्यटकहरु स्तूप क्षेत्र भएर पञ्चासे डाँडासम्म पनि ट्रेकिङ जाने भएकाले बाटो सुगम र सरल छ । छोरेपाटनबाट पनि सरकारले मोटर जाने बाटो बानाएको छ । तर त्यो अपूरो र अधूरो छ । त्यो बाटो स्तूपसम्म पुऱ्याएमा यात्रीहरुलाई धेरै सुबिधा पुग्न जाने देखिन्छ ।

आनन्द भूमि

वर्ष २९, अंक ६ आश्विन पूर्णिमा - २०५८



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्मको विकासमा ब्राम्हणहरुको देन

बुद्धधर्म समतावादी धर्म हो । यसले सबैलाई समान देख्दछ । यो धर्म जातीय भेदभाव भन्दा माथि उठेको धर्म भएकाले यसलाई कुनै राष्ट्र र राष्ट्रियताको पर्खालले पनि छेक्न सकेको छैन । यो धर्म सर्वजनीन, सर्वकालीक छ र यो सबैका लागि हो र मानव मात्रको लागि हो । यस्तो धर्मलाई पनि यहाँ जातीय दृष्टिले हेर्ने गरिएको छ । यहाँका कतिपय जात जाति र आदिवासीहरुले यसलाई आफ्नै मौलिक धर्म मान्दछन् भने कुनै जातका मानिसहरुले आफूलाई गैर बौद्ध भन्ने पनि गर्दछन् । जातीय हिसाबले बुद्ध धर्मलाई हेर्ने यहाँ जुन दृष्टि छ, त्यो मिथ्या दृष्टि हो । यो धर्म कुनै जात विशेषमा सीमित हुन पनि चाहदैन र कुनै जातको बिरोधी पनि यो होइन । हाम्रो समाजमा बुद्धधर्म सम्बन्धमा केही बौद्धहरुको र हिन्दू ब्राम्हणहरुको जुन धारणा छ, त्यसले पनि केही भ्रम र गलतफहमी पैदा गरेको छ । जसले गर्दा ती दुई पक्ष बीच असमझदारी बढेको अनुभव भएको छ । त्यो असमझदारिता हटाउन हामीले इतिहासका केही पन्नाहरु पल्टाउनु आवश्यक छ ।

भगवान् बुद्धले यो मेरो जात भनेर कहिले पनि जातीय अहंकार प्रदर्शन गरेनन् । जातीय भेदभाव नमान्ने उनका लागि कुनै पनि जात



Downloaded from http://www.dhamma.digital

र जातिका वीच भेदभाव रहेन । ब्राह्मण माथि पनि कहिलै उनको नराम्रो दृष्टि गएन । ब्राह्मण शब्दार्थले त्यसबेला चोखो, पवित्र र कुशल भन्ने अर्थ जनाउँथ्यो । त्यसैले कतिपटक त उनले अरुलाई पनि ब्राह्मण हुनु पर्दछ भनेर जोड दिने गर्दथे । उनले मानिस जातले ब्राह्मण हुँदैन, कामले ब्राह्मण हुन्छ भनेर कर्ममा जोड दिएका छन् । "कम्मना वसलो होति, कम्मना होति ब्राह्मण" भनेर उनले प्रष्ट साथ भनेका छन् । भगवान बुद्धको त्यो उक्तिलाई मात्र स्मरण गर्न सकेको भए यस्तो असमझदारीता उत्पन्न हुने नै थिएन । वैरभाव र वैमनस्यताले स्थान लिन पाउने नै थिएन । आज ती दुई पक्षवीच जुन स्थिति विद्यमान छ, त्यो दुःखद र बिडम्बनापूर्ण छ ।

बुद्धकालीन अवस्थातिर दृष्टिपात गर्‍यौं भने यो कुरा अरु प्रष्ट हुन्छ । भगवान बुद्धले ब्राह्मणहरु प्रति कहिले पूर्वाग्रह राखेर ब्यवहार गरेनन् । उनले बुद्धत्व प्राप्त गरे पछि आफूले पाएको त्यो अमूल्य ज्ञान कसलाई दिउँ, कसलाई सुनाउँ, कसले राम्ररी बुझिदेला र कसले राम्ररी ग्रहण गर्न सक्ला भनेर सोच्दा जे जति मानिसहरुको नाम उनको स्मृति पटलमा आए, ती सबै ब्राह्मण थिए । उनले पहिलो पटक धर्मचक्र प्रवर्तन गरेर जुन पाँच जनालाई धर्म दीक्षा दिएका थिए, ती सबै ब्राह्मण जातका थिए । भगवान बुद्धबाट त्यसरी पहिलो पटक प्रवज्जित हुने सौभाग्य पाएका ती पाँचजना ब्राह्मणलाई पञ्चवर्गीय भिक्षु भनेर बुद्धधर्ममा विशेष स्थान दिइएको छ ।

त्यस्तै बुद्धधर्ममा सारिपुत्र र मौद्‌गल्यानको नाम विशेष रुपले उल्लेख गरिएका छन् । ती दुबै मेधावी ब्राह्मण थिए । उनीहरुले आफ्ना गुरु सञ्जयका साथ बसेर अपूर्व ब्रह्मचर्य व्रत पालना गरी शिक्षा ग्रहण गरेका थिए । तर त्यसबाट मात्र ती प्रतिभावान विद्यार्थीहरु सन्तुष्ट हुन सकेनन् । उनीहरुले प्राप्त गरेका शिक्षाबाट संसारको हेतु पत्ता लागेन । उनीहरु त्यसभन्दा अर्को उन्नत धर्मको खोजीमा



Downloaded from http://www.dhamma.digital

थिए । त्यस्तैमा एकदिन उनीहरुले अश्वजित नामक भिक्षुलाई देखे र त्यो भिक्षुले गरेको धर्मको ब्याख्याबाट उनीहरुको जिज्ञासाको गाँठो फुकाई दियो र उनीहरुले त्यसपछि अन्य कुनै धर्मको मार्ग खोज्नु परेर । उनीहरु अत्यन्त सन्तोष मानेर बौद्ध भिक्षु भए । उनीहरु बुद्ध धर्ममा यत्ति निर्लिप्त भए कि सारिपुत्र महान प्रज्ञावान कहलिए भने मौद्गल्यायन महान ऋद्धिवान भएको बौद्ध वाङमयमा उल्लेख छ । उनीहरु अत्यन्त विश्वासिला र भरोसा लाग्दा पनि थिए । त्यसैले स्वयं भगवान् बुद्धले उनीहरुलाई "अग्रश्रावक" भनेर भनेका छन् र बुद्धको दायाँ र वायाँ उनीहरुको मूर्ति राख्ने गरिएको छ ।

भगवान बुद्ध आफैले पनि धेरै धेरै ब्राह्मणहरुलाई परिव्राजक बनाई उपसंपन्न गराई भिक्षु बनाएका छन् । उनीहरु मध्ये महाकाश्यप पनि एक हुन् । उनको बुद्धधर्ममा ज्यादै सम्माननीय स्थान छ । बुद्धको परिनिर्वाण पश्चात भएको पहिलो सँगायनको अध्यक्षता गर्ने गौरवपूर्ण अवसर उनैलाई प्राप्त भएको थियो र उनी धुताङ्ग धारीमा पनि सर्वश्रेष्ठ थिए ।

भगवान बुद्धको परिनिर्वाण पश्चात पनि असंख्य ब्राह्मणहरुले बुद्ध धर्म ग्रहण गरेका देखिन्छन् । उनीहरु मध्ये केहीले बुद्धधर्मको विविध पक्षहरुमा विशद् ब्याख्या गरेका पाइन्छन् । उनीहरु मध्ये केहीले राजगुरु भएर देशको शासन ब्यवस्था सञ्चालनमा आफ्ना राजालाई सघाउ पुऱ्याउने जस्ता महान कार्य पार्न गरेका देखिन्छन् । मोग्गलिपुत्र तिस्सले सम्राट अशोकको गुरु भएर अद्वितीय सरसल्लाह दिएका थिए । सम्राट अशोकको नाम अन्य कुनै पनि राजा र सम्राटहरु भन्दा पनि माथि प्रियदर्शी धम्माशोक को नामले विश्व विख्यात छ । त्यस्तै ग्रीकराजा मिनान्दरका गुरु नागसेनको भूमिका पनि अत्यन्त महत्वपूर्ण मानिन्छन् । राजा मिनान्दर पनि बौद्ध जगतमा कहिले नअस्ताउने तारा भएका छन् । अलौकिक पाण्डित्याँई भएका बसुबन्धु



Downloaded from http://www.dhamma.digital

जो चन्द्रगुप्त विक्रमादित्यका गुरु थिए उसले पनि आफ्ना राजालाई अमर राख्न महत्वपूर्ण देन दिएका थिए ।

बौद्ध भिक्षुहरुद्वारा राज्य सञ्चालनमा सघाएको चर्चा गर्दा धेरैलाई आश्चर्य पनि लाग्न सक्छ । तर त्यो आश्चर्य बौद्ध शास्त्रको प्रचार प्रसार र अनुशीलनको अभावको कारणले गर्दा भएको हो । भगवान् बुद्धद्वारा प्रतिपादित धर्ममा राज्य सञ्चालनका निश्चित बिधानहरु छन् । ती बिधि बिधानहरु पालना गरिएमा राज्य पतन नहुने कुरा बौद्ध शास्त्रमा उल्लेख छ । उदाहरणको लागि भनौं भने त्यसबेला लिच्छवि गणराज्यले बुद्धद्वारा देखाएको नीति निर्देशन अनुसार शासन गरेको थियो । जब सम्म बौद्ध शास्त्र अनुसारको शासन त्यहाँ भैरहेको थियो, सानै भएपनि त्यो राज्य टिकिराखेको थियो । ठूल्ठूला राज्यको हमला पनि त्यसले दृढतापूर्वक सामना गरेको कुरा इतिहासमा देखिन्छ । त्यहाँ मात्र होइन, त्यसपछि नेपालको लिच्छविकालमा पनि बुद्धधर्म राम्ररी फस्टाएको थियो । देश उन्नति र प्रगति तिर गइराखेको थियो, आर्थिक उन्नति मात्र होइन, कला कौशलको पनि उत्तिकै विकास भएको थियो । तिब्बत र चीन सम्म यहाँका कलाकार अरनिको लगायतका कलाकारहरु गएर देशको शीर उच्च बनाएका थिए । त्यस काललाई नेपालको इतिहासमा “स्वर्ण युग” भनेर स्वर्णक्षरले लेखिएको छ ।

प्रस्तुत विषय तिर हेरौं भने त्यसबेलाका आर्य असँग जो बौद्ध योगाचार दर्शनको आचार्य मानिन्छन्, ब्राह्मण कुलमा जन्मेका ख्यातिप्राप्त बौद्ध हुन् । बुद्ध धर्ममा विज्ञानको खोजिगर्ने शायद उनी पहिलो दार्शनिक हुन् । बुद्ध धर्मलाई विज्ञानवादको नजिक लैजानमा उनको महत्वपूर्ण योगदान रहेको छ । त्यस्तै पछि धर्मकीर्तिले न्याय विन्दु रचना गरेर बौद्ध न्यायको प्रकाश पारे भने दिङ्नागले बौद्ध न्यायलाई सुब्यवस्थित गरेको मानिन्छ । आचार्य बुद्धघोषले शील चित्तको विशद् विवेचना गरेर कीर्ति राखेका छन् भने नागार्जुनको



Downloaded from http://www.dhamma.digital

शुन्यवादले दार्शनिक जगतमा ठूलो तहल्का मच्चाएको सर्वविदितै छ । बुद्ध धर्ममा चाहे अश्वघोष जस्ता अगाध विद्वतायुक्त दार्शनिक होस् वा अंगुलिमाल जस्ता हत्यारा, डाँकु भएको होस्, सबैले चित्त शुद्ध गरेर रमाएर आफ्नो जीवन सार्थक पारेका देखिन्छन् ।

त्यसबेला मात्र होइन, आधुनिक कालको चर्चा गरौं भने पनि धेरै- धेरै ब्राह्मणहरु बौद्ध भएका पाइन्छन् । राहुल सांस्कृत्यायन जो कट्टर ब्राह्मण थिए, जो वेद वेदाङ्गमा पारंगत थिए र धर्मनिष्ठ भएर सन्यास ग्रहण गरेका थिए- ले पनि जीवन मुक्त गर्ने चावी पाउन नसकेर बुद्धधर्म ग्रहण गरेका थिए । भारतमा बुद्धधर्मको पुनर्जागरण गर्न गराउनमा उनको योगदान उल्लेखनीय मानिन्छ । त्यस्तै भिक्षु धर्मानन्द कौशान्वी, भदन्त आनन्द कौशल्यायन, जगदिश काश्यपहरुको नाम पनि सम्मानका साथ लिइने गरिन्छन् ।

पोखरामा सामाजिक राजनैतिक कार्यकर्ताको रुपमा परिचित घाचोक निवासी जयलाल लंसाल ७५ वर्षको बृद्धावस्थामा बुद्धधर्ममा प्रवज्जित भई भिक्षु हुनु भएको छ । प्रवज्या पश्चात भिक्षु सुभद्र हुनु भएको उहाँ अहिले ९९ वर्षको हुनुहुन्छ । उहाँले आफू बुद्धधर्ममा लागेर अपार शान्ति पाएको बताउनु हुन्छ। देशका अन्य भागहरुमा पनि ब्राह्मणहरु बौद्ध भएका पाइन्छन् । यसरी जरा ब्याधि र मरणको भवचक्रबाट आफू मुक्त हुनको लागि बुद्धधर्ममा आएका कसैले पनि बुद्धधर्मको शिक्षा दीक्षा अपर्याप्त भएको, ध्यानभावनाको तौर तरिका नमिलेको, शील नियम अब्यावहारिक भई पालना गर्न नसकेको र यी सबैबाट सन्तुष्ट हुन नसकेर आफूले पुन: बुद्ध धर्म परित्याग गरेको वा अन्य धर्मको शरणमा गएको घटना पाइदैन । यो बुद्धधर्मको महानता हो, विशेषता हो । अलौकिक प्रतिभा भएका हजारौं ब्राह्मणहरुले बुद्ध धर्म अपनाएका छन् । बौद्ध भएका छन् । आफ्नो राग, द्वेष, क्लेष, तृष्णा फालेर अर्हत समेत भएका छन् । ब्राह्मणहरुले बुद्धधर्मको



Downloaded from http://www.dhamma.digital

विकासमा महत्वपूर्ण योगदान दिएका छन् । इतिहासका पाना यसरी पल्टाउँदै गयौं भने ब्राह्मण भनेर बुद्धधर्ममा कहिकतै भेदभाव गरिएको पाईदैन । बुद्धधर्ममा ब्राह्मण जातबाट आएकाहरुको स्थान उल्लेख्य छ । बौद्ध समाजले उनीहरुलाई यथोचित कदर गरेको छ । कसैले पनि बुद्ध धर्म भित्र आफू अटाउन नसकेको, आफूमाथि पराइपनको व्यवहार गरेको वा आफू बौद्ध भएकोमा पश्चाताप लागेको कुरा प्रकट गरेको सुनिएको छैन । संक्षिप्तमा भनौं भने बुद्धधर्म ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र लगायत अन्य सबै जातजाति आदिवासीहरुको समागम स्थल हो । बुद्धधर्म एउटा महासागर हो, महासागरमा जसरी थरिथरिका नदीहरु गएर मिसिन्छन् र त्यहाँ मिसिए पछि ती सबैको रुप, रंग हराउँछ, भेदभाव मेटिन्छ, त्यस्तै बुद्धधर्ममा शरणागत भए पश्चात त्यसको विशालता, ब्यापकता र गहिराइले गर्दा कसैको जात जाति वा वर्ण र वंशको हिसाबले भेदभाव हुँदैन, पहिचान हुँदैन । सबै समान हुन्छन्, समान कहलाइन्छन् । त्यसैले बुद्धधर्म सबैका लागि आकर्षक भएको छ । आफ्नो राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्म भएकोले यो हाम्रो आफ्नै धर्म हो, नेपाल र नेपालीको साझा धर्म हो, मौलिक धर्म हो र राष्ट्रिय धर्म हो । यस्तो महत्वपूर्ण कुरालाई मनन गरेर हामीले विद्यमान भ्रम र गलतफहमी हटाउन सक्नु परेको छ । इतिहासको ती सकारात्मक पक्षलाई हेरेर पछि आएको नकारात्मक दृष्टिलाई परिवर्तन गर्न सक्नु परेको छ । आपसमा सौहार्दता, सहिष्णुता र समझदारिता बढाएर भेदभाव हटाउन सक्नु परेको छ ।

-समाधान राष्ट्रिय दैनिक

वर्ष १, अंक २२५

२०६०

Downloaded from http://www.dhamma.digital

# बौद्ध वाङमय : एक चर्चा

बौद्ध वाङमय विशाल र व्यापक छ। यो जति विशाल र व्यापक छ; यसको अनुशीलन गर्नु पनि उत्तिकै आवश्यक छ र महत्वपूर्ण छ। यसको अनुशीलनबाट मैत्री भाव बढ्छ, करुणा उत्पन्न हुन्छ र अहिंसा बोध हुन्छ। हत्या, हिंसा र आतङ्क फैलिरहेको विश्वमा; एकले अर्काप्रति द्वेषभाव र शत्रूताभाव राखी व्यवहार गरिरहेको बेलामा तथा मानिसहरु निर्दयी, निष्ठूरी र स्वार्थी हुदै गएको परिप्रेक्षमा यसको महत्व अरु बढेको प्रतित हुन्छ। आज विश्वले शान्ति चाहेको छ। शान्तिको लागि सर्वाधिक उपयुक्त धर्म कुनै छ भने त्यो बुद्ध धर्म नै हो। यो विश्वले स्वीकारेको कुरा हो। बुद्धधर्मको अनुशरण र बौद्ध वाङमयको अनुशीलनले मानिसलाई शान्तिवादी बनाउछ, सह-अस्तित्ववादी बनाउछ र समाजमा बाँच र बाँच्न देऊ भन्ने भावनाको विकास गर्दछ। जुन भावना वर्तमान विश्वकालागि अति आवश्यक छ। त्यही आवश्यकतालाई महशूस गरेर बौद्ध वाङमय विश्वका महत्वपूर्ण संपूर्ण भाषामा लेखिएका छन् र अनुवाद गरिएका छन्। नेपालमा पनि भगवान बुद्ध, बुद्धधर्म र बौद्धशास्त्र संबन्धमा लेख्ने, अनुवाद गर्ने काम भैरहेको छ। हिजो अधिकांश बौद्ध किताबहरु नेवारी भाषामा मात्र लेख्ने गरिन्थ्यो भने अहिले नेपाली र अंग्रेजीमा पनि लेख्ने काम भैरहेको छ र बौद्ध वाङमयको भण्डार भर्ने काम भैरहेको छ।

बौद्ध वाङमयको चर्चा गर्दा पहिले बौद्ध धर्मशास्त्रहरुको विषयमा



Downloaded from http://www.dhamma.digital

उल्लेख गर्नुपर्ने हुन्छ । बौद्ध धर्मशास्त्रहरु प्रत्यक्ष भगवान बुद्धसंग संबन्धित छन । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरे देखि उनको महापरिनिर्वाण नभएसम्म निरन्तर ४५ वर्ष उनले बहुजन हित र बहुजन सुखका लागि दिएका शिक्षा, उपदेश र ब्याख्यानहरुको जुन मूल एवं प्रामाणिक कुराहरुको संग्रह छन्, त्यसैलाई बौद्धशास्त्र वा त्रिपिटक भन्दछन् । त्रिपिटक भनेको छुट्टाछुट्टै तीन विषयहरुको संग्रह हो । सूत्रहरुको संग्रहलाई सूत्र पिटक, भिक्षुहरुको शील सदाचार र अनुशासन संबन्धी विषय भएको ग्रन्थलाई विनय पिटक र ती दुई विषय बाहेक धर्मका दार्शनिक आदि कुराहरु भएको पिटकलाई अभिधम्म पिटक भन्दछन् ।

ती बौद्धशास्त्रहरु के -कसरी लेखिए र के-कसरी संग्रह गरिए भन्ने कुरा पनि ज्यादै रोचक छ । भगवान बुद्धको महापरिनिर्वाण भएपछि बौद्धहरुले एक आधार गुमाएको अनुभव गरे । त्यसपछि अलिकति विवाद उत्पन्न भयो । नियममा नबस्नेहरु पनि देखिए । समाज ब्यवस्थित गर्नका लागि नियम र आधारको आवश्यकता महशुस गरिए । त्यो नीतिगत नियम र आधार के कसरी तैयार गर्ने भनेर विचार विमर्श गर्दा महत्वपूर्ण ब्यक्तित्वहरुले भगवान बुद्धका कुरा संझे र उनले कुन परिस्थितिमा कुन विषयमा के भनेका थिए, त्यो संग्रह गर्ने निर्णय गरे र त्यसैलाई आधार बनाएर अघि बढ्नु उपयुक्त हुने कुरा सोचे । त्यही निर्णय अनुसार भगवान बुद्ध परिनिर्वाण भएको तीन महिना पछि मगध देशका राजा आजात शत्रुको संरक्षणमा भिक्षु महाकाश्यप महास्थविरको नेतृत्वमा भारतको राजगृहको सप्तपर्णी गुफामा पाँचसय अर्हत भिक्षुहरुको एउटा संगायन भयो । सात महिना सम्म भएको संगायनमा बुद्धका वचनहरु, उपदेशहरु, र ब्याख्यानहरुवारे विस्तृत छलफल, विचार विमर्श गरी यथार्थ कुरा संकलन गरियो । त्यसरी संकलित एवं संग्रहित सूत्रहरु, धर्म देशनाहरु, सैद्धान्तिक, दार्शनिक ध्यान भावनाका कुराहरुको संग्रह नै त्रिपिटक हो । हिन्दूहरुले वेदलाई सर्वोच्च स्थान दिए

Downloaded from http://www.dhamma.digital

झैं इसाइहरुले बाइबललाई माने झैं र मुसलमानहरुले कुरानलाई पवित्र धार्मिक ग्रन्थ संझे झैं बौद्धहरुले त्रिपिटकलाई अति श्रद्धा र आदरको दृष्टिले हेर्ने गर्दछन् ।

बौद्धहरुको यो विशेषता रहेको छ कि उनीहरु आफ्ना धर्मशास्त्रका कुरामा स्वतन्त्रतापूर्वक तर्क वितर्क गर्न सक्दछन् र आपसमा विचार विमर्श गरी उत्पन्न विवादको समाधान गर्न सक्दछन् । त्यसरी विचार विमर्श गर्ने ठूलो थलोलाई उनीहरु संगायन भन्दछन् । त्यस्तो संगायन पटक - पटक भएका छन् ।

पहिलो संगायनको सय वर्ष पछि वैशालीमा भिक्षु रेवत महास्थविरको नेतृत्वमा ७०० अर्हत भिक्षुहरुको आठ महिनासम्म भएको दोश्रो संगायन, सम्राट अशोकको पालामा मोग्गल्लिपुत्त तिस्स महास्थविर को नेतृत्वमा १००० भिक्षुहरुको नौ महिनासम्म भएको तेश्रो संगायन, श्रीलंकामा भिक्षु रक्खित महास्थविरको नेतृत्वमा पाँच सय अर्हत् भिक्षुहरुको चौथो संगायन ईसापूर्व ७९ मा, त्यसपछि इं. १८७१ मा वर्माको मण्डले शहरमा भदन्त जागर महास्थविरको सभापतित्वमा २४०० महास्थविरहरुको पाँचौ संगायन वर्मामा र १९५६ इं. मा वर्मा कै रंगुनस्थित महापाषाण गुफामा रेवत महास्थविरको सभापतित्वमा २५०० भिक्षुहरुको छैटौं संगायन भएको थियो ।

चौथो संगायन भन्दा पहिले त्रिपिटक गुरु शिष्य परम्परा अनुसार कण्ठस्थ गरी रक्षा गर्ने गरिएको थियो भने श्रीलंकामा राजा वट्टगामिनीको सहयोगमा भएको चौथो संगायनमा सम्पूर्ण त्रिपिटकहरु ताम्रपत्रमा कुँदियो । ताम्रपत्रमा लेखिएका तीनै कुराहरु बौद्धहरुको महत्वपूर्ण एवं प्रमाणिक ग्रन्थ भएको छ । त्यसैले त्यस चौथो संगायनलाई बौद्धहरु पुस्तिकारोपन संगायन भनेर भन्दछन् ।

वर्मामा राजा मिडोमिंको संरक्षकत्वमा भएको पाँचौ संगायनमा त्रिपिटकका सम्पूर्ण कुराहरु मार्वल ढुङ्गामा कुँद्न लगाउने निर्णय



Downloaded from http://www.dhamma.digital

गरियो । सन् १८७१ मा त्रिपिटकहरु ७२९ वटा ठूलाठूला मार्वल ढुङ्गामा कुँदियो । त्यसमध्ये १११ वटा ढुङ्गामा विनय पिटक, ४१० वटामा सुत्त पिटक र २०८ वटामा अभिधम्म पिटक कुँदिएका थिए, जुन आजपनि यथावत छन् । त्यस संगायनलाई शिलाक्षरारोपण संगायन भनिन्छ ।

वर्मामा नै १९५६ मा भएको संगायनले त्रिपिटकलाई आधुनिक ढङ्गले प्रेसमा छापि प्रचार गर्ने निर्णय गरियो । वर्माका त्रात्कालिन राष्ट्रपति बा उन र प्रधानमन्त्री उ नु को संरक्षकत्वमा भएको त्यो छैटौं संगायन प्रचार प्रसारको दृष्टिले अत्यन्त महत्पवूर्ण मानिन्छ । त्यसैलाई आधार मानेर नालान्दा विश्वविद्यालयले पहिलो पटक देवनागरी लिपिमा पूरै त्रिपिटक ग्रन्थ प्रकाशित गऱ्यो ।

त्रिपिटकलाई सर्सर्ती हेर्दा त्यसको धेरै भागहरु पाइन्छन् । विनय पिटकको सुत्त विभङ्गमा मात्र ६४ अध्यायहरु छन् । महावग्ग र चुल्लवग्ग जसलाई संयुक्त रुपमा भन्नुपर्दा खन्धक भनिन्छ-मा ८० अध्यायहरु छन् । त्यसकै परिवार पालिमा २५ अध्याय छन् । विनयपिटक अन्तर्गतका ग्रन्थहरुलाई पाराजिका पालि, पचित्तिय पालि, महावग्ग पालि, चुल्ल बग्ग पालि र परिवार पालि भन्दछन् ।

अभिधम्म पिटकमा सातवटा ग्रन्थहरु सम्मिलित छन् । ती हुन्- धम्मसंगर्णि पालि, विभङ्गपालि, धातुकथा, पुग्गल पञ्जलि, कथावत्थु, यमक र पट्ठानपालि ।

त्यस्तै सुत्त पिटकमा पाँचवटा निकायहरु छन् । जसलाई दीघ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अङगुत्तर निकाय र खुद्दकनिकाय भन्दछन् । ती प्रत्येक निकाय एउटा विशाल किताब झैं छ । ती किताबहरुमा रहेका सूत्रहरु, सूत्रको ब्याख्या र कथाले त्यसको आकार प्रकारको सामान्य अनुमान गर्न सकिन्छ । दीघ निकायमा ३४ वटा सूत्रहरु छन् भने मझ्झिम निकायमा १५२ सूत्रहरु छन् । त्यस्तै संयुक्त निकायमा ७७६४ सूत्रहरु पाइन्छन् भने अंगुत्तर निकायमा त्यो भन्दा

Downloaded from http://www.dhamma.digital

बढि ९५५७ सूत्रहरु रहेका छन् । खुद्दक निकाय अन्तर्गत अरु १५ वटा ग्रन्थहरु छन्। ती मध्ये खुद्दकपाठ, धम्मपद, उदान, सुत्तनिपात, विमानवत्थु, पेत वत्थु, थेर गाथा, थेरी गाथा, जातक, इतिवुतक, निद्देस, पटिसम्भिदा मग्ग, अपदान, बुद्धवंश र चरियापिटक महत्वपूर्ण छन् । जातक कथा मात्र पनि ५३३ वटा छन् ।

ती मध्ये धम्मपद सवाधिक चर्चित र लोकप्रिय ग्रन्थ हो । यो ग्रन्थ विश्वका महत्वपूर्ण सम्पूर्ण प्रायः भाषाहरुमा अनुवाद भएका छन् । नेपालमा नेपाली, नेवारी, तामाङ, गुरुङ्ग र थारु भाषामा यसको प्रकाशन भएको छ । धम्मपदमा २६ वर्ग र ४३७ वटा गाथाहरु छन् । सबै गाथाहरु सरल र मर्मस्पर्शी छन् ।

त्रिपिटकमा ८४ हजार धर्म स्कन्दहरु भएको भिक्षु अमृतानन्दले आफ्नो किताबहरुमा उल्लेख गर्नु भएको छ। ती मध्ये ८२ हजार स्वयं भगवान बुद्धको तर्फबाट र अरु २ हजार ख्यातिप्राप्त भिक्षुहरुबाट लिइएका हुन् ।

यति मै बौद्ध शास्त्र सीमित छैन । ईशाको प्रथम शताब्दीताका बुद्धधर्मका कुराहरु संस्कृतमा लेखिन थालिए पछि त्यसले अन्य क्षेत्रमा पनि ठूलो हलचल ल्याइदियो । त्यसबेलाका ग्रन्थहरु मध्ये सद्धर्म पुण्डरीक र प्रज्ञापारमिता सर्वाधिक चर्चित र सम्मानित ग्रन्थ हुन् । चीन, जापान लगायतका देशहरुमा ती ग्रन्थहरुलाई अत्यन्त श्रद्धापूर्वक पूजा गर्ने गर्दछन् ।

ग्रीसतिरबाट आएका राजा मिलिन्द र नागसेनका वीच भएको महत्वपूर्ण छलफल र प्रश्नोत्तरलाई संकलन गरी मिलिन्द प्रश्न नामक महत्वपूर्ण ग्रन्थ बनाइएको छ । जुन सर्वसाधारण जिज्ञासुहरु बीच अत्यन्त लोकप्रिय थिए ।

ललित विस्तर र लंका अवतार सूत्र ग्रन्थहरुले पनि धेरै देशहरुमा प्रभाव पारेका छन् । ती ग्रन्थहरुले उपासक उपासिकाहरुमा करुणा

Downloaded from http://www.dhamma.digital

र श्रद्धाभाव सहज रुपले उत्पन्न गर्दछन् ।

अर्कोतिर कङ्गयुर र तेङग्युर छन् जसलाई बौद्धहरु अत्यन्त पवित्र ग्रन्थको रुपमा मान्दछन् । कङग्युर साहित्यका ज्ञाताहरुले त्यस किताबको पनि १०० भाग भएको वताएका छन् । ती सबै पवित्रताका प्रतीक मानेर गुम्बाहरुमा अत्यन्त श्रद्धाका साथ पूजा गरी राखिन्छन् र त्यसको पाठ गरिन्छन् ।

महान तार्किक तथा अद्वितीय प्रतिभाका धनी आचार्य नागार्जुनको आगमनले बौद्ध वाङमयमा नयाँ आयाम थपिएको थियो । संसारलाई हेर्ने उनको आफ्नै दृष्टिकोण थियो । बुद्धधर्ममा निहित शून्यवादलाई उनले यति राम्ररी र प्रभावकारी तरिकाले ब्याख्या गरे कि पछि उनैलाई शून्यवादका प्रवर्तक समेत भनियो । उनको माध्यमिककारिका बौद्ध वाङमयको महत्वपूर्ण ग्रन्थ मानिन्छन् ।

प्राचीन बौद्ध वाङमयमा अर्को महत्वपूर्ण अध्याय थप्ने व्यक्तित्व आर्य असंग हुन् । उनी विज्ञानवादका प्रसिद्ध आचार्य थिए । उनले बुद्ध धर्म भित्र निहित विज्ञानका कुराहरुलाई उजागर गरेर महत्वपूर्ण ग्रन्थहरु प्रकाशित गरे । उनको योगाचार भूमि अत्यन्त चर्चित ग्रन्थ हो । उनका भाई बसुबन्धु पनि ठूला तार्किक र कुशाग्र बुद्धिका थिए । उनले अभिधर्म कोष, विज्ञप्ति मात्रतासिद्धि जस्ता महत्वपूर्ण किताबहरु लेखेर आफ्ना दाज्यूलाई सघाएका थिए ।

बौद्ध शास्त्रहरुको चर्चा गर्दा विर्सनै नहुने अर्को नाम हो-आचार्य दिग्नाग । उनले न्याय शास्त्रको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका थिए । कतिपय विद्वानहरुले उनलाई न्याय शास्त्रको प्रवर्तक नै मान्दछन् । उनको प्रमाण समुच्चय भन्ने किताब तर्क क्षेत्र, न्याय क्षेत्रमा अद्वितीय ग्रन्थ मानिन्छ । धर्मकीर्तिले पनि प्रमाणवार्तिका र न्यायविन्दु जस्ता महत्वपूर्ण एवं गहन किताब लेखेर न्याय क्षेत्रमा आफ्नो स्थान सुरक्षित राखेका छन् ।

Downloaded from http://www.dhamma.digital

महाकवि अश्वघोषको बुद्ध चरित्र ग्रन्थ अहिले पनि उत्तिकै चर्चित र लोकप्रिय रहेको छ । उनी वरिष्ठ साहित्यकारका अतिरिक्त संगीतकार पनि थिए । उनले बुद्धको चरित्र र घटनाहरुलाई मार्मिक र हृदयस्पर्शी किसिमले वर्णन गरेका छन् । उनले गीत गाएर र कविता वाचन गरेर बुद्ध धर्मको प्रचार गर्दा मानिसहरु त्यसै त्यसै प्रभावित हुन्थे ।

नेपालको लिच्छविकाल र छिमेकी भारतको गुप्तकालसम्म बुद्ध धर्मका धेरै प्रचार प्रसार भएको थियो । जनजीवनका बिबिध पक्षहरुमा विद्वानहरुले आफ्नो प्रतिभा र पुरुषार्थको प्रदर्शन गरेका थिए । त्यसबेला नेपाल र भारत दुबै देशमा कला कौशलको ठूलो उन्नति र प्रगति भएको थियो । देश विदेशमा त्यसको ख्याति फैलिएको थियो । नेपालका अरनिकोले तिब्बतमा गएर कलात्मक एवं आकर्षक मूर्तिहरु गुम्बाहरु बनाएको इतिहासमा उल्लेख छ । उनको अद्वितीय कलाकारिताबाट प्रभावित भएर चीन सरकारले पनि उनलाई बोलाएको थियो । चीनले उनलाई सरदार पदवी दिएर सम्मान गरेको थियो । त्यसबेला नेपाल र भारतको वातावरण शान्त थियो । जनजीवन सुखी र सम्पन्न थियो, धार्मिक भावना प्रचुर मात्रामा फैलिएको थियो । आर्थिक उन्नतिले राम्रो गति लिएको थियो । त्यसैले नेपालको लिच्छविकाल र भारतको गुप्तकाललाई ईतिहासमा "स्वर्णिम काल" मानिन्छन् ।

त्यसबेला सम्म पनि नेपाल र भारत बौद्ध केन्द्रका रुपमा प्रख्यात थियो । देश विदेशका बौद्ध विद्वानहरु बुद्धधर्म सिक्न र पवित्र बौद्ध तीर्थ स्थलहरुको अध्ययन, अवलोकन र दर्शन गर्न नेपाल र भारतमा आउने गर्दथे । प्रंसिद्ध चिनियाँ तीर्थयात्रीहरु फाहियान, हुयान साङ्ग र इन्सिङ्गको नाम इतिहासमा उल्लेख छन् । उनीहरुले त्यसबेला यहाँ बुद्धधर्म राम्ररी फस्टाएको र यहाँका बौद्धहरु कला, कौशल, शिल्प विद्यामा सिद्धहस्त रहेको आफ्नो यात्रा वर्णनमा उल्लेख गरेका छन् ।



Downloaded from http://www.dhamma.digital

त्यसबेलाका नेपालका बौद्ध विद्वानंहरुमा योगाचार्य पुण्य सागर सेन, आचार्य शीलमञ्जु, परमाचार्य बोधिगुप्त, वागीश्वर कीर्ति, शान्तिभद्र, अनन्तश्री, विमलश्री आदि थिए । उनीहरुका कीर्ति रचनाहरु देश विदेशमा समेत फैलिएका थिए। कतिपय विद्वानहरु अनुवाद गर्ने कामको लागि तिब्बत सरकारको निमन्त्रणमा तिब्बत गएको पनि बौद्ध इतिहासमा लेखिएका छन् ।

मध्यकालमा महापण्डित मानिने गौतमश्री, शाक्य भिक्षु, जमुना गुभाजू, शुभश्री आदिको नाम खुबै चर्चित थियो। तर दु:खको कुरा आज उनीहरुको कृति हामीसँग छैन ।

त्यसपछि बुद्धधर्ममा के-कस्ता उतार चढावहरु आए, त्यो धेर थोर सबैलाई थाहा छ । बुद्ध धर्मको वर्तमान इतिहासमा सर्वाधिक चर्चित र प्रभावकारी ग्रन्थ हो सर ईडविन अर्नाल्डोद्वारा १८७९ मा लिखित The Light Of Asia। त्यस किताबले युरोपमा बुद्ध धर्मको प्रचार गऱ्यो भने दक्षिण एशियामा बुद्ध धर्मको पुनरुत्थान गर्ने काममा निकै सघाउ पुऱ्यायो । श्रीलंकाका अनगारिका धर्मपाल समेत त्यही किताबबाट प्रभावित भएका थिए । उनी भारतमा धर्म प्रचार गर्न आएको कुरा बौद्ध इतिहासमा उल्लेख छ ।

आधुनिक भारतमा अनगारिक धर्मपालले बुद्ध धर्मको पुनरुत्थानको काम शुरु गरेपछि बौद्ध धर्म ग्रन्थको खोजी गर्ने, अध्ययन गर्ने एवं अनुवाद गर्ने काम पनि प्रारम्भ भयो । त्यसरी बुद्ध धर्मको पुनरुत्थान गर्ने र बौद्ध वाङमयको भण्डार भर्ने कार्यमा राहुल सांस्कृत्यायन, भदन्त आनन्द कौशल्यान, जगदिश काश्यप र त्यसपछि डा. भीमराव रामजी अम्बेडकरले जुन योगदान दिनु भएको छ, त्यो अद्वितीय र अविस्मरणीय छ ।

नेपालमा केही कलंकित घटनाहरु घटेको हुँदा यहाँका प्राचीन बौद्ध वाङमय के कस्ता थिए, भन्ने कुरा त्यति प्रष्ट भएन तर केही

Downloaded from http://www.dhamma.digital

वंशावली, ताम्रपत्र, शिलापत्र आदिमा लेखिएका विवरण हेर्दा त्यसबेला यहाँ ख्यातिप्राप्त विद्वानहरु भएका र उनीहरुका कृति आचरण व्यवहार बाट राजाहरु समेत प्रभावित भएको कुरा बुझ्न सकिन्छ ।

बुद्धधर्मको राम्ररी प्रचार भएको लिच्छवि कालमा नव व्याकरण लगायतका ग्रन्थहरुको ठूलो महत्व रहेको थियो । त्यस ग्रन्थको हस्त लिखित कृतिहरु बहालहरुमा राखिएको कुरा बौद्ध विद्वान एवं इतिहासविद् भुवनलाल प्रधानले उल्लेख गर्नु भएको छ । सुन र चाँदीको मसिले लेखिएका सदधर्म पुण्डरिक र प्रज्ञा पारमिता लगायतका ग्रन्थहरु कतिपय बहा बहिहरुमा आज पनि पाइन्छन् । बौद्ध वाङमयहरु धार्मिक कुराहरुमा मात्र सीमित छैनन्, दर्शन, इतिहास, विज्ञान, समाजशास्त्र, न्याय, तर्क कला, कौशल लगायत विबिध पक्षमा बौद्धशास्त्रहरु फैलिएका छन् ।

बौद्धशास्त्र त्यसरी फैलिएका मात्र होइनन्, तिनीहरुको पठन पाठन पनि उच्च स्तरमा हुने गर्दथ्यो । बौद्ध शिक्षा र शास्त्रहरुको बौद्धिक चर्चा गर्दा यो उल्लेख गर्नु समीचीन हुन्छ कि विश्वविद्यालय शिक्षाको आज हामी जुन कुरा गर्दछौं, यो गर्व साथ भन्न सकिन्छ कि त्यो बुद्ध धर्मको देन हो । विश्वविद्यालयको अवधारणा बौद्ध अवधारणा हो । उच्च शिक्षाको क्षेत्रमा चर्चित भएका प्राचीन नालन्दा विश्व विद्यालय, तक्षशीला विश्वविद्यालय, बिक्रमशीला विश्व विद्यालय, ओदन्तपुरी विश्वविद्यालयहरु बौद्ध विश्व विद्यालय हुन् । त्यसबेला अन्त कही कतै विश्व विद्यालय भएको इतिहासमा पाइदैन । ती बौद्ध विश्वविद्यालयहरुले यत्ति ख्याति कमाएका थिए कि त्यहाँ टाढा टाढाबाट समेत विद्यार्थी र विद्वानहरु अध्ययन अध्यापनका लागि आउने गर्दथे । चीन, तिब्बत, अफगानिस्तान, पाकिस्तानका विद्यार्थीहरु अध्ययन अनुसन्धानका लागि ती विश्व विद्यालयमा आउने गरेका बौद्ध इतिहासमा देखिन्छ । अहिले ती विश्वविद्यालयहरुको भग्नावशेष स्थलहरुको फैलावट



Downloaded from http://www.dhamma.digital

हेर्दा पनि तिनीहरुको विशालता र ब्यापकताको आंकलन गर्न सकिन्छ। तिनीहरुको भवनका भग्नावशेषहरु ठूलो क्षेत्रफलमा फैलिएको र भवनहरु ठूला र ब्यवस्थित किसिमले बनाएको प्रष्ट हुन्छ ।

शिक्षा र शास्त्रका संबन्धमा यत्ति कुरा हुँदा बुद्धधर्मका परियत्ति, पत्तिपत्ति र पतिवेधका सन्दर्भमा केही भन्नु सान्दर्भिक नै होला । बौद्ध जगतमा परियत्ति शिक्षा भन्ने धेरै प्रचलित छ । परियत्ति भनेको सामान्य भाषामा बौद्धशास्त्रको अध्ययन अध्यापन गर्ने सैद्धान्तिक पक्ष हो । परियत्तिले सैद्धान्तिक ज्ञान दिन्छ भने पत्तिपत्तिले ब्यावहारिक ज्ञान दिन्छ। ब्यावहारिक ज्ञान दिने भएकाले त्यसलाई प्रयोगात्मक पक्ष पनि भन्दछन् । पतिवेध भनेको बुद्धधर्मको अभ्यासबाट प्राप्त हुने मार्ग, फल र निर्वाण हो । परियत्ति शासन रहेन भने पत्तिपत्ति रहदैन र पत्तिपत्ति रहेन भने पतिवेध पनि रहदैन । त्यसैले बुद्धधर्ममा परियत्ति शिक्षाको ठूलो महत्व छ र नेपालमा यसको अध्ययन अध्यापन हुने गरेको छ । यसलाई ब्यापक गर्ने काम पनि प्रारम्भ भएको छ ।

तमु सुँ
Dhamma.Digital
वर्षः १७ अंकः १०
२०५८



दण्ड देखेर सबै डराउँछन् ।
मृत्यु देखेर सबै काँप्दछन् ।।
त्यसकारण
सबैलाई आफुजस्तै सम्झि ब्यवहार गर्नु ।
कुनै प्राणीको हिंसा नगर्नु नगराउनु ।।

-धम्मपद-



Downloaded from http://www.dhamma.digital

# बौद्ध दर्शनको अनुशरणबाट दिगो शान्तिको अपेक्षा

नेपाल र नेपालीलाई विश्वमा चिनाउने धेरै कुराहरु छन् । ती कुराहरु मध्ये मुख्य दुइवटा मानिन्छन् । ती हुन् विश्वको शिखर सगरमाथा र अर्को शान्तिका अग्रदूत तथा अहिंसाको पूजारी भगवान बुद्ध । हामी यसमा भगवान बुद्धका संबन्धमा चर्चा गर्ने जमर्को गर्दैछौं । भगवान बुद्ध र उनले प्रतिपादन गरेको बुद्ध धर्म नेपाल र नेपालीको पर्याय र प्रतीक भै सकेका छन् । बाह्य देशका मानिसहरुले बुद्ध भन्नासाथ नेपाल संझन्छन् । हामी कतै जाँदा नेपालबाट आएको भन्नासाथ उनीहरुले बुद्धको देशबाट आएको अथवा बुद्ध जन्मेको ठाउँबाट आएको भनेर बुझ्दछन् । बुद्धका देशका मानिस भनेपछि कतिपयको हेर्ने दृष्टिकोण नै फरक भएको अनुभव गर्नेहरु पनि छन् । उनीहरुले नेपालका बौद्धहरुलाई धेरै सम्मान गर्दछन् ।

बाह्य देशहरुमा बुद्धधर्मका ठूल्ठूला मन्दिर, चैत्य, गुम्बा, बिहारहरु निर्माण गरिएका छन् । उनीहरु बुद्धलाई बडो श्रद्धाका साथ मान्दछन्, पूजा गर्दछन् । जापान, थाईल्याण्ड, वर्मा, तिब्बत, चीन, ताइवान देखि दक्षिण पूर्वी एशियाका देशहरुमा बुद्धधर्मका ठूल्ठूला स्मारकहरु छन् । धार्मिक एवं पर्यटकीय महत्व बोकेका ती चैत्य गुम्बाहरु ती देशका आम्दानीको श्रोत पनि भएका छन् । युरोप हुँदै



Downloaded from http://www.dhamma.digital

यो धर्म अमेरिका पनि पुगेको छ । एक प्रतिशत अमेरिकीहरु बौद्ध भएको अनुमान गरिएको छ । चीनमा ईशाको पहिलो शताब्दीमा नै बुद्धधर्म पुगेको हो । नेपाली कलाकार अरनिकोले तेह्रौं शताब्दीमा त्यहाँ नेपाली शैलीको श्वेत चैत्य देखि धेरै स्मारकहरु निर्माण गरेको इतिहासमा उल्लेख छ । चीनले लुम्बिनीमा गुरुयोजना अनुसार विशाल गुम्बा निर्माण गरेको छ । चीनिया पर्यटकहरु नेपाल आउँदा लुम्बिनीमा पुगेर दर्शन अवलोकन गर्दछन् । विश्व संस्था संयुक्त राष्ट्र संघको विशेष पहलमा लुम्बिनी गुरु योजना तर्जुमा गरिएको सर्व विदित कुरा हो । विश्वका एक अर्ब पैतीस करोड भन्दा बढी मानिसले बुद्धधर्म अपनाएको तथ्याङ्क छ । बाह्य देशमा नेपालका प्रतीक र प्रतिष्ठा भएको बुद्ध र बुद्धधर्मलाई त्यसरी मान्छन् तापनि नेपाल भित्र नेपालीहरुलेनै त्यत्ति मानेको नदेख्दा र मान्न हिच्किचाएको देख्दा विदेशीहरु छक्क पर्दछन्। बत्तीमुनि अँध्यारो भन्ने उखान नेपालमा चरितार्थ भएको संभन्छन् । यो उखान हिजो स्वभाविक मानिन्थ्यो भने आज त्यसलाई स्वाभाविक भन्न सकिन्न । प्रबिधि र विचारको विकासले बत्तीमुनि हुने अँध्यारोपनलाई हटाई सकेको छ । नयाँ नेपालको निर्माण गर्न अग्रसर भएका नेपालीहरु आज पुरानो विचार र अवधारणामा नै डुबुल्की मारिरहनु के कति उचित हुन्छ, सोचनीय विषय हो ।

नयाँ नेपाल त्यसै निर्माण हुँदैन । मुखले भनेर, नारामा अंकित गरेर पनि नेपाल नयाँ बन्दैन । नयाँ नेपालको लागि नयाँ सोच र नयाँ विचार चाहिन्छ । जसरी हिमाल आरोहण गर्नका लागि अक्सिजन लगायतका तत्संबन्धी सामग्रीहरु चाहिन्छ, त्यसरी नै नेपाललाई कहाँ कसरी लैजाने हो, त्यस्तै आधारभूत कुराहरु अपनाएर अघि बढ्नु पर्दछ। तर यहाँ नेपालका अभियन्ताहरुले जे जति चित्र कोरेका देखिएका छन्, ती सबै बाह्य आडम्बर जस्तै छ । भित्र सुधार नगरी बाहिर लिपपोट मात्र गरी सिँगार्न खोज्नु के कति उपयुक्त होला र राम्रो



Downloaded from http://www.dhamma.digital

देखिएला, त्यो विचार गर्नुपर्ने कुरा हो ।

सामन्ती संस्कार हटाउनु पर्ने कुरा अहिले जोडतोडका साथ आएको छ । त्यसरी आएको राम्रो हो, तर त्यसरी कराउँदैमा त्यो संस्कार हट्दैन र त्यत्ति नै पर्याप्त हुदैन । समाजमा अन्ध विश्वास छ । संस्कार र संस्कृतिको नाममा चलेको बोझिलो रीतिथिति छ। धर्म सँग सम्बन्धित अनावश्यक कर्मकाण्ड छ । परंपरा छ । त्यस्तैलाई आफ्नो पहिचान र विशेषता मान्ने मन छ। त्यस्तै कुरालाई भब्यताका साथ संपन्न गर्नु नै प्रतिष्ठा हो भन्ने सामाजिक चलन र ब्यवहार छ। यस्ता कुराहरु आवश्यक के के हुन् र अनावश्यक के के हुन्, समय सान्दर्भिक हिसाबले खुट्याउनु पर्दछ र अनावश्यक कुराहरु त्याग्ने साहस चाहिन्छ । तिनीहरु लाई अन्य पदार्थलाई जस्तो गरी टप्प टिपेर फ्याँक्न सकिन्न। संस्कारगत रुपले स्वभाव बनेका कुराहरुलाई त्याग्न क्रान्ति नै गर्नु पर्दछ। तर त्यस्तो क्रान्तिको शुरुवात कहिकतैबाट भएको देखिएको छैन। मानिसहरु बाह्य क्रान्तिको खूब कुरा गर्दछन्, तर मन भित्र गर्नुपर्ने क्रान्तितिर लाग्दैनन् । मानिसको जीवनलाई वास्तविक परिवर्तन गर्ने भित्री मनले हो। मन परिवर्तन गर्नु पर्दछ, निर्मल गर्नु पर्दछ। यो कुरा छिटो बुझ्नु आवश्यक छ।

हामीले सामन्ती संस्कार फाल्नु पर्दछ। यसमा कसैको विमती छैन । तर त्यसो भन्ने हामी मध्ये मै पनि सामन्ती संस्कार छिपेको देखिन्छ । बेला मौकामा हामीले पनि आफू भन्दा तल्लो तहका र कमजोरीहरुलाई अथाह किसिमले सामन्ती ब्यवहार गरिरहेका हुन्छौं । शोषण र दमन गरिरहेका हुन्छौं। आफू ठूलो भन्ने बडप्पन र घमण्डले सामन्तीपनको वीजारोपण गरेको हुन्छ । जुन सामान्यतया आफैलाई थाहा हुँदैन । यस्तो कुरामा बडो सुक्ष्म किसिमले चिन्तन गर्नु पर्दछ ।

भगवान बुद्धले समताको सिद्धान्त त्यसै प्रतिपादन गरेका



Downloaded from http://www.dhamma.digital

होइनन् । त्यो समानता भित्र धेरै कुरा छिपेका छन् । त्यो भावनाले धेरै विकृति र विसँगति हटाएर फ्याँक्दछ । उनले बाह्य आडम्बरको कुरा कहिल्यै गरेनन् । उनले भित्रैबाट सुधार र परिस्कृत गर्ने कुरा गरे । मनलाई बढी जोड दिए र मन निर्मल पार्नु पर्दछ भनेर अनेक बिधि र बाटाहरु देखाए । भित्र मनबाट आएको कुरा वास्तवमा स्वाभाविक हुन्छ । बुद्धधर्मको यो मापदण्डबाट नाप्दा हामी के कति पानीमा छौं भन्ने प्रष्ट देखिन्छ । तर त्यो हेर्ने एउटै दृष्टि चाहिन्छ, दृष्टिकोण चाहिन्छ र आफैले आफ्नो मूल्याङ्कन गर्ने एउटा साहस र इमान्दारिता चाहिन्छ । त्यो साहस र इमान्दारीता उमार्न सक्नु पर्दछ ।

सबैलाई थाहा छ कि बुद्धधर्म अहिंसाको धर्म हो, शान्तिको धर्म हो । दश वर्ष भन्दा लामो समय हत्या, हिंसा र युद्धबाट जर्जर भएको देश, जुन अहिले शान्ति मार्गमा जान खोजिरहेछ, यस्तो बेलामा पनि भगवान बुद्धका शान्ति, मैत्री र अहिंसाका कुरालाई गम्भीरतापूर्वक लिएको देखिएन । बुद्धधर्मको शान्तिको गोरेटोमा डोऱ्याउने यस्तो शिक्षा र सिद्धान्त बढी भन्दा बढी प्रचार प्रसार हुनु पर्दथ्यो । तर देशमा त्यस्तो देखिएन । नत शान्तिकामीहरुले पनि दिगो शान्तिका लागि कुन बाटो अपनाउनु उपयुक्त होला भनेर यताउता खोजेको नै देखियो । यहाँ अझ पनि शान्तिको कुरा गर्नेको भन्दा मार्ने र मर्नेको बजार भाउ चर्को छ । यहाँ अझ पनि बनाउने र विकास गर्नेहरुको स्वर भन्दा भत्काउने र आगजनी गर्नेहरुको बजार भाउ ठूलो छ । यी सबैबाट प्रष्टिन्छ कि यहाँ बुद्ध शिक्षाको सर्वथा अभाव छ । दश वर्षको जनयुद्धले जर्जर भएको देशमा तराई आन्दोलनले जन धनको उत्तिकै क्षति गऱ्यो । तैपनि कसैको चेत नखुल्नु आश्चर्यको कुरा हो ।

भगवान बुद्धले प्रतिपादन गरेको शिक्षा, सिद्धान्त र आदर्श एक धर्म मात्र होइन । तिनीहरुलाई धर्म र धार्मिक कार्यहरुमा मात्र सीमित



Downloaded from http://www.dhamma.digital

गरिनु हुँदैन । उनले अन्य धर्मका प्रतिपादकले भन्दा छुट्टै र बेग्लै विचार दिएका छन् । मानिस मानिस वीचको छुवाछुत र जातीय भेदभाव उनले स्थापना गर्न खोजेको समाजमा वर्जित छ । त्यस दृष्टिले उनको विचार मानवतावादी विचार हो । उनले स्थापना गरेको भिक्षु समाज समाजवादी चिन्तनको छ । संघीय प्रथा लागु गर्ने उनी विश्वको पहिलो व्यक्ति हुन् । आफ्ना शिक्षा, सिद्धान्त र विचार प्रचार गर्न उनले संघको स्थापना गरे । उनले शील, समाधि र प्रज्ञाको कुरा ल्याए । शीलविना समाजमा नैतिक मूल्य र मान्यता सुदृढ हुँदैन । समाधि विना ज्ञान प्राप्त हुँदैन । उनले ज्ञान मात्र होइन, प्रज्ञाको कुरा गरेका छन् । जीवनमा ज्ञान र विज्ञानमा यत्ति धेरै जोड दिने उनी पहिलो दार्शनिक हुन् । महान दार्शनिक ! शान्ति, मैत्री र अहिंसामा आधारित उनको दर्शनले विश्वमा आशा र भरोसाको एउटा नयाँ क्षितिज देखाएको छ । त्यसैले उनलाई एशियाको प्रकाश भनिएको हो । वास्तवमा उनी एशियाको मात्र प्रकाश न भई विश्वकै ज्योतिपुञ्ज भएका छन् । यस्तो महान व्यक्तित्व र उनका आदर्श र विचारलाई नेपाल र नेपालीले राम्ररी अपनाउन नसक्नु नै हाम्रो दुर्गतिको कारण होकि सोच्नुपर्ने बेला आएको छ ।

भगवान बुद्धले अरुले जस्तो गरी धर्मलाई र धर्म अन्तर्गतका कर्मकाण्डलाई त्यत्ति महत्व दिएका पनि छैनन् । उनले धर्मलाई एउटा डुङ्गा सँग तुलना गरेका छन् । जसरी हामीलाई सागर पार गर्नका लागि डुङ्गाको आवश्यकता पर्दछ, त्यसरी नै यो भव सागर पार गर्नलाई धर्म चाहिन्छ । तर त्यो पार गरिसके पछि जसरी डुङ्गाको आवश्यकता हुँदैन, त्यसरी नै त्यो अवस्थामा धर्मको पनि आवश्यकता हुँदैन । त्यस्तो बेलामा पनि धर्मलाई बोकिराख्नु सागर पार भएपछि पनि डुङ्गालाई बोकेर लैजानु जस्तो हुन्छ । उनले प्रष्ट भनेका छन्- मेरो धर्म एक डुङ्गा हो, जुन जीवनरुपी यो भव सागर पार गर्नलाई हो । पार



Downloaded from http://www.dhamma.digital

गरिसके पछि पनि बोकि राख्नका लागि होइन । उनको धर्मका संबन्धमा उनी आफैले त्यसो भनी सकेकाले अब कसैले पनि उनीमाथि आग्रह र पूर्वाग्रह राखी हेर्नु आवश्यक छैन । उनको धर्म अपनाउनु हुन्छ हुँदैन भनेर विवाद गर्नु आवश्यक छैन ।

तर उनको जुन शान्तिको सन्देश छ, मैत्रीको भावना छ र अहिंसाको सिद्धान्त छ, त्यो नेपालको वर्तमान परिप्रेक्षमा अति आवश्यक छ । फेरि यी कुराहरु उनको धर्ममा भन्दा बढी दर्शनमा आधारित छ । ठूल्ठूला विद्वान र विचारकहरले पनि उनको यो दर्शनलाई एक अर्काका पर्याय भनेका छन् । अहिंसा दर्शनबाट नै दिगो शान्ति स्थापना हुन्छ र देशको विकास हुन्छ । यो सबैको विश्वास हो । शाश्वत कुरा हो । यही कुरालाई हृदयंगंम गरेर के हामी नेपालीहरुले शान्तिको सिद्धान्त अपनाएर दिगो शान्ति स्थापना गर्ने मार्ग खोज्न सक्दैनौं ? के हामीले आफ्नै देशका महान दार्शनिकको कदर गरेर शान्ति संस्कृतिको निर्माण गर्न सक्दैनौं ? नेपाली-नेपालीवीच मैत्री भावना कायम गरी के हामीले आपसमा मार्ने र मर्ने काम सधैका लागि परित्याग गर्न सक्दैनौं ? बौद्ध दर्शनको अध्ययनबाट यी सबै कुरा संभव छन् । त्यसकारण कम से कम एक दार्शनिक, महान दार्शनिकका रुपमा भगवान बुद्धलाई अघि सारेर हामी जान सक्यौं भने देश र समाजको स्थिति फेरिन सक्छ, जीवनको कायापलट हुन सक्छ र अहिलेको हत्या, हिंसा र युद्ध दिगो शान्तिमा परिणत हुन सक्छ । देशमा शान्तिको संस्कृति निर्माण हुन सक्छ । जसको परिणाम देशमा सँधैका लागि शान्ति आउन सक्छ, संबृद्धि पलाउन सक्छ र नेपाल र नेपालीको भविष्य उज्वल हुन सक्छ ।

**धर्म चक्षु**

वर्ष ९, अंक ७, फागुन / चैत

२०६३



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्मको विकासमा युवाहरुको भूमिका

हाम्रो समाजमा धर्म र कर्म भन्ने कुरा साधारणतया बूढाबूढीहरुले मान्ने र गर्ने विषय जस्तो सम्झने चलन छ । साठी पैंसठी वर्ष काटेपछि बल्ल धर्म गर्ने वा धर्मको लाइनमा जाने गरेको पाइन्छ । तर बुद्धधर्मको संरक्षण एवं सम्बर्द्धन गर्नमा युवाहरुको महत्वपूर्ण योगदान हुनसक्ने कुरा बौद्ध शास्त्रमा अंकित छ । त्यसै भएकाले आजभोलि बौद्ध धर्मको विकासमा युवाहरुको भूमिकालाई महत्वका साथ लिने गरिएको छ ।

त्यसोभन्दा सहज रुपमा एउटा प्रश्न उठ्न सक्छ- "बुद्धधर्मको विकासमा युवाहरुको योगदान र बृद्धहरुको योगदानमा त्यस्तो तात्विक अन्तर के हुनसक्छ र ?"

युवा भनेको एउटा नवीनता हो, परिवर्तन हो र एउटा शक्ति हो । वाल्यावस्था पार गरेर तरुणावस्थामा पदार्पण गरेको यो अवस्था परिवर्तन र संक्रमणको अवस्था पनि हो । यसबेला उसमा शारीरिक, मानसिक एवं मनोवैज्ञानिक परिवर्तनहरु भैरहेका हुन्छन्। यस्तो अवस्थामा युवाहरुमा नवीन जिज्ञासा र क्रान्तिकारी भावना उत्पन्न हुने गर्दछ । उनीहरु जे कुरा पनि यथास्थितिमा स्वीकार्नु भन्दा त्यसबारे पहिले अध्ययन र चिन्तन मनन गर्ने गर्दछन् । शंका लागेको ठाउँमा किन,



Downloaded from http://www.dhamma.digital

कसरी र के कारणले भएको हो भनी जिज्ञासा राख्ने गर्दछन् । आफूलाई चित्त बुझेका कुरा उनीहरु सरल र सहज किसिमले गर्दछन् । चित्त नबुझेका कुरा अपनाउन हिचकिचाउँछन् । हिचकिचाउने मात्र होइनन् कि कहिले काँही त्यसमा बिरोध गरी समयानुकूल सुधार र परिवर्तन गर्नुपर्ने तर्क अघि सार्दछन् । तर अर्कोतिर बृद्धहरु धर्मकर्मका कुरामा परिवर्तन गर्न चाहँदैनन् । उनीहरु परम्पराका कुरालाई यथास्थितिमा मान्नु नै आफ्नो परम कर्तव्य ठान्दछन् । परम्परागत कुराहरुमा परिवर्तन वा संशोधन भएमा उनीहरु आफ्नो विशेषता नै लोप हुने खतरा देख्दछन् । तसर्थ उनीहरु यथास्थितिमा रमाउँछन् र त्यसै अनुसार चल्न अरुलाई पनि प्रेरित गर्ने र कहीँकतै दबाव दिने पनि गर्दछन् ।

यसप्रकारले हेरिएमा युवाहरु र बृद्धहरुको दृष्टिकोणमा तात्विक अन्तर रहेको देखिन्छ । युवाहरु धर्मका कुराहरुमा मात्र होइनन्, परम्परा संस्कार र संस्कृतिमा पनि प्रष्ट हुन चाहन्छन् । उनीहरु धर्म के हो ? संस्कार के हो ? संस्कृति के हो ? परम्परा के हो ? र तिनीहरु कहिलेदेखि किन के कारणले मान्दै आएका हुन् ? ती कुराहरु अब समयानुकूल छन् छैनन् ? तिनीहरुलाई मान्नु र नमान्नुमा फरक के हुन्छ ? आदि इत्यादि प्रश्नहरुवारे स्पष्ट हुन चाहन्छन् । उता वृद्धहरु त्यस्ता जिज्ञासाहरु नराख्ने मात्र होइनन् कि प्रश्नकर्ताहरुलाई समेत राम्रा मान्दैनन् । उनीहरु त्यसरी सोध्नेहरुलाई नास्तिक, कुसंस्कारको, अज्ञानी भनेर उपेक्षित गरी हेय दृष्टिले समेत हेर्ने गर्दछन् ।

हाम्रो समाजमा त्यस्तै बृद्धहरुको बोलवाला भएकाले धर्म, परम्परा, संस्कार, संस्कृतिवारे धेरैलाई यथार्थ कुरा थाहा हुन सकिरहेको छैन । एउटै कुरालाई एकजनाले धर्मको रुपमा व्याख्या गर्दछ भने अर्कोले त्यसलाई सस्कृति भन्दछ । धर्म, संस्कार र संस्कृतिका विशेषताहरु के हुन् र विकृतिहरु के हुन् भन्ने समेत धेरैले थाहा पाएका



Downloaded from http://www.dhamma.digital

छैनन् । वास्तविक कुरा थाहा नभएको कारणले गर्दा पहिले मानी आएको विश्वास अहिले अन्धविश्वासमा परिणत भएको छ र धर्म, संस्कार र संस्कृतिका कुराहरु अहिले यसरी गुजुल्टिएर रहेका छन् कि अधिकांश विद्वानहरुले समेत तिनीहरुलाई छुट्याएर "यो यही हो" भन्ने आँट गरेका पाइदैनन् ।

यथार्थमा धर्म अनुसारको संस्कृति र संस्कृति अनुसारको परम्परा हुनुपर्ने हो । तर हाम्रो समाजमा त्यसबारे गम्भीर अध्ययन नगरिने भएकाले धर्मले एउटा निर्देश गरेको हुन्छ भने संस्कृति अर्कै रहेको छ । परम्परा झन् विपरीत नै भएको पनि देखिएको छ । त्यसो हुँदा जिज्ञासुहरु अलमल्लमा परि दिग्भ्रमित भएका छन् । त्यसरी उनीहरु यो अपनाउने कि त्यो अपनाउने भन्ने द्विविधामा परी अनिर्णयको बन्दी भई नतमस्तक बनिरहेका छन् ।

उदाहरणको रुपमा एकजना मानिसले अपनाएको धर्म अहिंसावादी छ तर उसले अपनाएको संस्कृति हिंसावादी छ भने त्यस मानिसलाई हिंसावादी भन्ने कि अहिंसावादी ? त्यस्तै अर्को मान्छेले अपनाएको धर्म हिंसावादी छ तर उसले आफूलाई काट्मार गर्ने कार्यबाट टाढा राखी चोखो र स्निग्ध पार्ने प्रयास गर्दछन् भने उसलाई हिंसावादी मान्ने कि अहिंसावादी ? यी यस्ता प्रश्नहरु हुन् जुन धर्म, परम्परा, संस्कार र संस्कृतिवारे चिन्तन मनन गर्दा मानिसहरु प्रष्ट हुनु पर्दछ । यस्ता जिज्ञासाहरु वारे युवाहरु अरु गम्भीर, सचेत र सशक्त हुनुपर्दछ ।

हाम्रो समाजमा यस किसिमको चिन्तन मनन गर्ने प्रथा र प्रवृत्तिको अभावले गर्दा धर्मको नाममा विकृति बढेको छ, संस्कृतिको नाममा विकृति र विसंगति बढेको छ र परम्पराको नाममा जथाभावी भइरहेको छ । हाम्रा आदरणीय वयोवृद्धहरु आफूले मानी आएको धर्म, संस्कृति र परम्परामा विकृति नै रहेको भएतापनि त्यसमा सुधार गर्न



Downloaded from http://www.dhamma.digital

भित्री मनदेखि चाहँदैनन् । तर नयाँ पुस्ताले पेल्दै गएमा उनै नतमस्तक भएर सहने गर्दछन् ।

हाम्रो समाजमा कतिपय कुराहरुवारे शास्त्रमा एउटा लेखेको छ भने त्यही शास्त्र मान्नेहरुको व्यवहार अर्कै रहेको छ । तर त्यो परिवर्तन, सुधार गर्ने क्रममा भएको नभई आधुनिक हावा र बाह्य प्रभावको कारणले गर्दा भएको हो । त्यस्ता परिवर्तनहरु क्रमबद्ध नभएको हुँदा शुरुमा त्यसलाई उच्छृङ्खल, अनुशासनहीन एवं अमर्यादित भनी आलोचना गर्ने गरिन्छन् । तर जब त्यस्ताहरुको संख्या बढ्दै जान्छ, अनि त्यही नै चलन चल्ती, शाश्वत र सनातन जस्तै भएको देखिन्छ । यथार्थमा यो राम्रो लक्षण होइन । तैपनि जसलाई हामी नराम्रो भन्छौं त्यही समाजमा हुँदै आएको छ । त्यसो हुँदा हाम्रो संस्कृतिको रुप नै बेरुप र कतिपय ठाउँमा त कुरुप नै भैसकेको छ । धेरैजसो कुराहरु त अरुलाई देखाउन र सुनाउन समेत लाजलाग्दो भएका छन् ।

हाम्रो समाजमा विद्यमान जातीय एवं मानिस मानिस वीचको भेदभाव र त्यो भन्दा परको छुवाछुत प्रथा धर्म अन्तर्गत हो कि संस्कृति अन्तर्गत हो वा यो परम्परा मात्र हो ? यो कुरा पाँचजना विद्वानलाई सोधियो भने पाँच जनाबाट पाँचै किसिमको जवाफ आउन सक्छ । कसैले यो भेदभावलाई धार्मिक भनेर शास्त्रका श्लोकहरु देखाउने गर्दछन् भने कसैले कुरीति भन्ने गर्दछन् । त्यो कुरीति होस् कि विकृति त्यसलाई छिटो हटाउने प्रयास भने समाजमा त्यति भएको पाइदैन । हामीमा विद्यमान यस्तो प्रवृत्ति र प्रकृतिको मूल्याङकन गर्दा हामी कुन अवस्थामा छौं भन्ने प्रष्ट हुन्छ । बाहिर बाहिर आधुनिक हावाले छोएको हामी मध्ये धेरैलाई यस्तो मूल्याङकन निश्चय पनि तीतो र टर्रो लाग्न सक्छ । तर यो यथार्थ सत्य हो ।

अनावश्यक परम्परा र पुरातन संस्कारले समाजमा गहिरो



Downloaded from http://www.dhamma.digital

जरो गाडेको छ । हाम्रो मन र मस्तिष्क कति कमजोर छन् भन्ने कुरा यस्ता घटनाहरुले प्रष्ट पार्दछन् । मानिसहरु कुरा गर्दा आफूलाई प्रगतिशील र आधुनिक भनाउन चाहन्छन् । तर घर भित्र र मन भित्र विद्यमान पुरातनपंथी संस्कारले गर्दा त्यो कुरीति र विकृति भनेर भन्दा भन्दै पनि त्यसलाई हटाउन सकिरहेका हुँदैनन् । पुरानोको मोहले उनीहरुलाई गाँजेर राखेको हुन्छ । जब पुरानो कुरा छोड्न सक्दैनन् भने नयाँ कुरा कसरी ग्रहण गर्न सक्लान् ? कसै कसैले आफूले लगाएको पुरानो कोट नफुकाली अर्को नयाँ कोट लगायो भने उ कस्तो देखिएला ? ठीक त्यस्तै आज भोलि हामी देखिएकाछौं ।

यी र यस्ता कुराहरु युवाहरुले बढी चनाखो भएर हेर्नु पर्दछ । कतै हामीले विशेषताको नाममा विकृतिको भारी बोकेका त छैनौं ? कतै हामी पुरानाको मोहमा परी उपयोगी र आवश्यक नयाँ कुरा ग्रहण गर्नबाट बञ्चित भएका त छैनौं ? कतै यस्तै विकृति, विसंगति र अन्ध विश्वासको कारण हाम्रो देश र समाज पछि परिरहेको त हैनन् ? हामीले सोच्नु पर्ने र बुझ्नु पर्ने कुरा यी हुन् ।

भगवान बुद्ध विकृति र विसंगतिको जंजालमा फस्न चाहँदैनन् । अन्धविश्वासको घेरोमा रुमलिन चाहन्नन्। बुद्ध धर्मको दृष्टिमा संस्कार क्षयमूलक हुन्छ । त्यो शाश्वत हुन सक्दैन । भगवान बुद्ध धर्मलाई पनि डुङ्गासँग तुलना गर्दछन् । नदीपारी जान डुङ्गामा बस्नु पर्दछ । पानीमा छँदा सम्म त्यसको उपयोगिता रहन्छ, तर पार लागेपछि त्यो डुङ्गालाई पनि छोड्नु पर्दछ । बुद्धधर्मको यस्ता केही आफ्नै चरित्र र विशेषताहरु छन्, जुन अरु धर्मको चरित्र र विशेषताहरु भन्दा नितान्त फरक छन् । बुद्धधर्म आधुनिकतामा रमाउँछ, समानतामा विश्वास गर्छ र विज्ञानवादी सँग घुलमिल हुन्छ । बुद्धधर्मका यस्ता कुराहरु युवाहरुले विशेष रुपले जानिराख्नु आवश्यक छ ।

धर्मको कुरा गर्दा अधिकांश मानिसहरुले सबै धर्म एउटै हुन्



Downloaded from http://www.dhamma.digital

भनेर सबैलाई एउटै तहमा राख्ने गर्दछन् । यो कुरा अरु धर्मको ला। उचित जँचिए पनि बुद्धधर्मको हकमा त्यो लागू हुँदैन । बुद्धधर्मका सिद्धान्त, आदर्श र आचरण अरु धर्मको भन्दा बेग्लै छन् । त्यसैले गर्दा कतिपय विद्वान दार्शनिकहरुले यस धर्मलाई धर्म भन्नुभन्दा 'बौद्ध दर्शन' भन्नु उपयुक्त भएको तर्क दिने गर्दछन् ।

संसारका अन्य धर्महरुले सर्व शक्तिमान सत्ताको रुपमा ईश्वरीय शक्ति रहेको कुरालाई जे-जसरी मान्छन्, त्यसरी बुद्धधर्मले स्वीकार गर्दैन । त्यसैले धेरै विद्वानहरुले बुद्धधर्मलाई 'अनिश्वरवादी धर्म' पनि भन्ने गरेका छन् । यथार्थतः बुद्धधर्म हेतुवाद (cause and effect) मा विश्वास गर्दछ । र यस धर्म अनुसार संसारको प्रत्येक सृष्टिमा कुनै न कुनै कारण रहेको हुन्छ । यसर्थ यदि सर्वशक्तिमान ईश्वर छ भने त्यसको पनि कर्ता हुनुपर्दछ । त्यो ईश्वरको कर्ता को हो ? भनी बुद्धधर्म प्रश्न गर्दछ । तथागतको यो हेतुवादको सिद्धान्तले गर्दा ठूल्ठूला विद्वान वैज्ञानिकहरु पनि यस धर्ममा आकर्षित भएका छन् ।

धर्मशास्त्र सम्बन्धी कुरामा पनि बौद्ध विचार र अन्य धर्मको विचारमा फरक छ । अन्य धर्मका विद्वानहरुले आफ्नो धर्म शास्त्रका कुरालाई अकाट्य प्रमाण मान्दछन् भने बुद्धधर्मले शास्त्रीय प्रमाण मान्न कर लगाउँदैन । तथागतले गुरुले भनेको, शास्त्रमा लेखिएको र परम्परादेखि मान्दै आएको भनेर पनि कुनै कुरालाई अनिवार्य रुपमा मान्नै पर्दछ भनी कहिल्यै भनेनन् । ती कुराहरु आफ्नो बुद्धि, विवेक, अनुभव र परीक्षणबाट मन्थन गरी उचित ठहरिए मात्र मनन गर्ने गर्नु पर्छ भनि भगवान बुद्धले सबैलाई व्यक्तिगत स्वतन्त्रता र प्रेरणा प्रदान गरेका छन् । यसर्थ बुद्धधर्मलाई "बुद्धिवादी धर्म" पनि भन्ने गरिएको छ । भगवान बुद्धले जति स्वतन्त्रता अरु कसैले पनि दिएको छैन भन्दा शायद अत्युक्ति नहोला ।



Downloaded from http://www.dhamma.digital

अन्य धर्मले जस्तै बुद्धधर्मले पनि मोक्ष प्राप्त गर्ने कुरामा जोड दिएको छ । तर बुद्धधर्म र अन्य धर्मको मोक्षमा फरक रहेको छ । अन्य धर्ममा मोक्षको अर्थ मरण पश्चात कुनै सर्व शक्तिमान ईश्वरीय शक्तिमा लीन हुन जानु हो भने यसको विपरीत बुद्धधर्ममा दुःखरुपी जन्म जरा ब्याधि मृत्युबाट सदैव मुक्त हुने निर्वाण प्राप्त गर्नु हो । त्यो निर्वाण मृत्युपछि होइन यही जन्ममा सम्भव छ ।

यति कुरा उल्लेख गर्दा अर्को एउटा के थप्नु आवश्यक छ भने अन्य धर्मका प्रवर्तकहरुले आफ्ना अनुयायीहरुलाई सुख र स्वर्ग देखाएर लोभ्याउँछन् । उनीहरु अहिले पुण्य गरे अर्को जन्म स्वर्गमा हुन्छ र सुख प्राप्त हुन्छ भनेर उधारो कुरा गर्दछन् । उनीहरु पुण्यको रुपमा नगद दान अहिले लिन्छन् तर सुख र स्वर्ग भने अर्को जन्ममा पाउने वचन दिन्छन् । बुद्ध धर्म त्यस्तो उधारो कुरामा विश्वास गर्दैन । त्यसैले बौद्ध उपासक उपासिकाहरुले यस धर्ममा पाउने श्रोतापन्न, अनागामी, सकृदागामी देखि अर्हत् पद पनि यसै जन्ममा प्राप्त गरी निर्वाण लाभ गर्न सक्दछन् । यो पनि ज्यादै महत्वपूर्ण कुरा हो ।

समानता र सह-अस्तित्व बुद्धधर्मको अर्को विशेषता हो । भगवान् बुद्धले जातीय भेदभावलाई प्रश्रय दिएनन् । उनले सबै मानिसहरु समान भएको उद्घोष गरे । उनले "कर्मले नै मानिसलाई ब्राह्मण बनाउँछ, कर्मले नै चण्डाल बनाउँदछ, जन्मले होइन" भनी स्पष्ट गरेका छन् । समाजका उपेक्षित अपहेलित दलित एवं घृणित व्यक्तिहरु प्रति पनि असीम करुणा राखी उनले उनीहरुको पनि उद्धार गरेका छन् । कुख्यात ज्यानमारा कहलिएका अंगुलिमाल, गणिका अम्बपालि आदिको उद्धार यसका ज्वलन्त उदाहरणहरु हुन् । यस सम्बन्धमा विश्व कवि रविन्द्रनाथ टैगोरले यसरी उद्गार व्यक्त गरेका छन् -"बुद्ध धर्मको युगमा नै मुक्ति सिद्धान्तको विस्तार भयो, यसले समस्त मानिसहरुलाई अंगिकार गरेर उनीहरुको तिरस्कृत एवं हीन



Downloaded from http://www.dhamma.digital

भावनामा नवप्राण संचार गरिदियो । "

बुद्धधर्ममा निहित सह-अस्तित्वको भावनाले बाँच र बाँच्न देउ भन्ने उदारता प्रदान गरी विश्वलाई नै प्रभावित गरेको छ । यो सिद्धान्तले राष्ट्र राष्ट्रका बीच, तथा मानिस र अन्य प्राणीका बीचको सम्बन्ध मात्र नभई वातावरणको संरक्षण र पर्यावरणको प्रवर्द्धनमा पनि सघाउ पुऱ्याएको छ। बुद्धधर्मको सह-अस्तित्वको भावना ज्यादै व्यापक र विशाल छ । यही सह अस्तित्वको भावनाले गर्दा यो धर्म जहाँ गएको छ, त्यहाँका धर्म र सम्प्रदायहरुका साथ समझदारी कायम गरी सहिष्णुताको भावना फैलाई शान्तिको सन्देश प्रवाहित गरेको छ।

अहिंसा बुद्धधर्मको अर्को महत्वपूर्ण सिद्धान्त र आदर्श हो । बुद्धधर्मको अहिंसावाद आजको हत्या, हिंसा र आतङ्कको जमानामा ज्यादै नै महत्वपूर्ण मानिएको छ । यो सिद्धान्त मानिसको लागि मात्र होइन, वन्य जन्तु संरक्षणको लागि पनि उत्तिकै उपयोगी भएको कुरा विशेषज्ञहरु बताउँछन् । त्यसको साथै वन र वातावरण जोगाउन, वातावरण प्रदूषित हुनबाट जोगाई सन्तुलित राख्न पनि अहिंसावाद उत्तिकै सफल भएको छ । बुद्धधर्ममा अहिंसा, शान्ति र मैत्री जस्ता महत्वपूर्ण गुणहरु भएको कारण विश्वका ठूल्ठूला दार्शनिकहरुले पनि यस धर्मको प्रशंसा गरेका छन् । महान दार्शनिक बर्टेण्ड रसेलले यदि कसैले मलाई कुनै एउटा मात्र धर्म रोज्न बाध्य तुल्यायो भने म बुद्धधर्मलाई बाहेक अरु धर्मलाई मान्ने छैन भनी उद्घोषण गरेका छन् । '

बुद्धधर्मका यस्ता विशेषताहरु युवाहरुको प्रवृत्तिसँग ज्यादै मेल खान्छन् । युवाहरुमा जोश जाँगर हुन्छ । उनीहरु आफ्नो पुरुषार्थमा विश्वास गर्दछन् । उनीहरु आफ्नो काम अरु कसैले गरिदेलान् भनी प्रतिक्षा गर्दैनन् । युवाहरुमा हुने यो विशेषता भगवान बुद्धको 'अप्पदिपो भव' आफै आफ्नो प्रदीप बन भन्ने उपदेशसँग निकै मिल्दोजुल्दो



Downloaded from http://www.dhamma.digital

छ । खास गरी युवाहरु स्वतन्त्र चिन्तन गर्न मन पराउँछन् । उनीहरु कसैको डर, त्रास र धम्की मन पराउँदैनन् । बुद्धधर्मले सबैलाई स्वतन्त्र चिन्तन गर्न र विवेकले ठहऱ्याएको काम गर्न प्रेरित गर्छ । यस धर्ममा बौद्धिक चिन्तनशील ब्यक्तित्वहरुका लागि प्रशस्त स्थान छ ।

अर्को महत्वपूर्ण कुरा के उल्लेखनीय छ भने भगवान बुद्धले जुन सम्यक संबोधिज्ञान प्राप्त गरे, त्यो वृद्धावस्थामा नभई ३५वर्षको युवावस्थामा हो । उनले त्यो परमार्थ ज्ञान कुनै भजनकीर्तन गरेर प्राप्त गरेको नभई कठोरतम तपस्या, दृढ अठोट र अन्तमा ध्यानको साधना गरेर प्राप्त गरेका हुन् । जुन अठोट र साधना युवावर्गले समुचित रुपले गर्न सक्दछ ।

बुद्धधर्म प्रगतिशील धर्म हो । त्यसैले यो धर्म आज सर्वब्यापक भएको छ । यसलाई न कुनै देशको राजनीतिले रोकेको छ , न त भूगोलको परिधि ले नै छेकेको छ । आजको भौतिक युगमा पनि यसको महत्व बढ्दै जानु यसको ठूलो विशेषता हो । ठूल्ठूला वैज्ञानिकहरुले यस धर्मको उच्च मूल्यांकन गरेका छन् । विश्वका महान वैज्ञानिक अल्वर्ट आइन्स्टाइनले समेत “आजको वैज्ञानिक आवश्यकतालाई सुहाउँदो कुनै धर्म छ भने त्यो बुद्धधर्म नै हो” भनी ठोकुवा गरेका छन् ।

धर्म प्रचारको लागि संघको स्थापना गर्नु भगवान् बुद्धको महान् देन हो । यस क्रममा उनले भिक्षु संघको नियम र आचार बनाए । भिक्षुहरुले व्यक्तिगत सम्पत्ति राख्न नपाइने नियम बनाइयो । उनीहरुलाई प्राप्त हुने दान पनि संघको हुने भयो । तथागतले भिक्षुहरुलाई आवश्यक पर्ने सामानहरु संघबाट पाउने ब्यवस्था गरिदिए । बुद्धधर्मको यो संघीय प्रणालीलाई आजभोलिको राजनैतिक व्यक्तिहरुले आदर्श समाजवादी ब्यवस्था समेत भन्ने गरेका छन् ।

भिक्षुहरुले सीमित साधन र श्रोतबाट निर्वाह गर्नुपर्ने भएकाले उनीहरुको जीवन सरल हुनगयो । “सादा जीवन उच्च विचार” उनीहरुको



Downloaded from http://www.dhamma.digital

आदर्श हो । त्यही आदर्शबाट प्रेरित भएर थुप्रै युवाहरु बुद्धधर्ममा आकर्षित भएका छन ।

अचेल बौद्धहरुले परम्पराको नाममा जे जति चाडपर्वहरु मान्दै आएका छन्, त्यसमा धेरै नै विकृति र विसंगतिहरु थुप्रिएका देखिन्छन् । यसैको परिणाम स्वरुप आज कतिपय अहिंसावादी बौद्धहरुमा पशुबध गर्ने प्रचलन हुनु यसको ज्वलन्त उदाहरण हो । यत्तिसम्म कि बैशाख पूर्णिमाको दिनलाई चण्डी पूर्णिमा भनेर पनि बलिदिने प्रथा र पर्व केही बौद्धहरुमा समेत रहेको छ । यस्ता विकृति र विसंगतिहरुले गर्दा बुद्धधर्मको आदर्श, सिद्धान्त र विचारसँग हाम्रो ब्यवहारमा तालमेल हुन सकिरहेको छैन र बौद्धहरुले जति उन्नति र प्रगति गर्नु पर्दथ्यो, त्यो गर्न पनि सकिरहेका छैनन् । यस्तो किन भइरहेछ, त्यो कुरा खोतल्नु आवश्यक छ । बैशाख पूर्णिमालाई बुद्ध पूर्णिमा भन्नु उपयुक्त छ, तर चण्डी पूर्णिमा भनेर त्यस दिन बलि दिनु, काटमार गर्नु र त्यसो गर्न प्रेरित गर्नु कदापि उचित होइन । यो प्रष्ट रुपले भन्न सकिन्छ कि बैशाख पूर्णिमाकै दिनमा त्यसरी काटमार गर्नु कसैको विशेषता हुन सक्दैन । त्यो हामी कमजोर हुदा अरुले थोपरि दिएको परम्परा हो । आफू कमजोर हुदा बाध्य भै ग्रहण गर्नु परेका त्यस्ता कुराहरुलाई अहिलेको यो पुनरुत्थानको बेलामा समुचितरुपले मूल्याङ्कन गरि आफ्नो के हो, अर्काको के हो, खुट्टयाउन सक्नु पर्दछ र अर्काको नराम्रो कुरालाई परित्याग गर्न सक्नु पर्दछ । परंपरा भनेर मात्र हुदैन । नराम्रो र थोपरिएको परम्परामा परिवर्तन र संशोधन नगरी भएको छैन । तर यस्तो सामयिक परिवर्तन केवल युवाहरुबाट मात्र सम्भव छ । तसर्थ बुद्धधर्मको विकासमा युवाहरुको भूमिका आज नितान्त आवश्यक भएको हो ।

वर्तमान अवस्था निश्चय पनि बुद्धधर्मको जागरणको अवस्था हो । देशमा आज बौद्ध गतिविधिहरु बढ्दै गएका छन् । हिजो बाटो



Downloaded from http://www.dhamma.digital

भुली अन्यत्र लागेका र ओझेलमा परेका सबै आज आफ्नो धर्मको बाटो पहिल्याएर यस धर्ममा आइरहेका छन् । बौद्धहरुको संख्या बढ्दै गएको छ ।

युवाहरुको महत्व र प्रभावका सम्बन्धमा भगवान बुद्धले एक पटक यसरी उल्लेख गरेका थिए, "युवा अवस्थामा बुद्ध शासनमा संलग्न भई सक्रिय हुने युवा भिक्षु कालो बादलबाट मुक्त भएको चन्द्रमा झैं स्वच्छ, स्निग्ध र शीतल भई प्रकाशित हुन्छ ।" त्यसैले बुद्धधर्मको प्रचार प्रसार र विकासमा युवाहरुको भूमिका अति महत्वपूर्ण रहेको छ । अस्तु

बुद्धयान
नेपाल बौद्ध परिषदको चौथो स्मारिका
बि.सं. २०५८

सदा जागरमानानं अहोरत्ता नुसिक्खिनं ।
निब्बानं अधिमुत्तानं अत्थं गच्छन्ति आसवा ।।

जो सँधै जाग्रत भएर
रातदिन ध्यानाभ्यासमा लागि रहन्छ,
निर्वाण नै जसको एकमात्र अभिलाषा हुन्छ
त्यस व्यक्तिको आश्रव र
चित्तमन नष्ट हुन्छ ।



—भगवान बुद्ध—



Downloaded from http://www.dhamma.digital

# भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण दिवस-वैशाख पूर्णिमा

दिनहरुमा पूर्णिमाको महत्व ठूलो छ। पूर्णिमाको स्मरणमात्रले पनि शीतल, शान्त एवं स्निग्धताको बोध हुन्छ। मन आनन्दले प्रफुल्लित हुन्छ, अल्हादित हुन्छ। टह-टह जुनको प्रकाश र प्रकाशको प्रभाव सम्बन्धमा धेरै कवि लेखकहरुले लेखेका छन्। त्यसको गुणगान गाएका छन्। साधारण भन्दा साधारण मानिस पनि जुनको प्रकाशबाट प्रभावित भएका एवं रमाएका देखिन्छन्। यस्तो महत्व भएकाले हो कि भगवान बुद्धको जीवनका महत्वपूर्ण घटनाहरु पूर्णिमा कै दिनमा घटेका छन्। त्यसै भएर बुद्ध धर्ममा पूर्णिमाको विशेष महत्व छ। त्यसमा पनि बैशाख पूर्णिमाको महत्व अरु उल्लेखनीय छ।

भगवान बुद्ध बैशाख पूर्णिमाकै दिन जन्मेका हुन्। २९ वर्षको उमेरमा उनले महाभिनिष्क्रमण गरी ६ वर्षको अखण्ड त्याग, तपस्या र योगको अभ्यासबाट पनि सत्य तथ्यको दर्शन नभएपछि ध्यान भावनाको अभ्यास गरी बैशाख पूर्णिमा कै दिनमा उनले बुद्धत्व प्राप्त गरेका हुन्। आफूले प्रतिपादन गरेको धर्मको ४५ वर्ष सम्म निरन्तर प्रचार-प्रसार गरी ८० वर्षको उमेरमा बैशाख पूर्णिमा कै दिनमा उनको महापरिनिर्वाण भएको हो। बैशाख पूर्णिमाकै दिनमा जन्मनु, बैशाख पूर्णिमा कै दिनमा बुद्धत्व प्राप्त गर्नु र बैशाख पूर्णिमाकै दिनमा महापरिनिर्वाण हुनु निश्चय नै ठूलो संयोग हो। जुन संयोगलाई बौद्धहरु



Downloaded from http://www.dhamma.digital

त्रिसंयोग भन्ने गर्दछन् । तीनवटा संयोग परेको सो दिन त्यसैले पवित्र र महत्वपूर्ण छ । नेपाल भाषामा यो दिनलाई "स्वाँ या पुन्हि" (फूलै फूलको पूर्णिमा) पनि भन्ने गरिन्छ ।

कपिलवस्तुका राजा शुद्धोदनकी रानी मायादेवीले आषाढ पूर्णिमाको एकरात विचित्रको सपना देखिन् । सपनामा उनी कहाँ कहाँ पुगिन् आफैलाई थाहा भएन् । पछि एउटा सेतो हात्ती आएर उनी सुतेको ठाउँमा तीन पटक परिक्रमा गऱ्यो र त्यो हात्ती रानीको दाहिने काखीमुनिबाट पेटभित्र प्रवेश गऱ्यो । त्यो सपनाबाट डराएकी रानीले उठ्नासाथ राजा शुद्धोदनलाई सपनाको वृत्तान्त बताइन् । राजाले सपनाको महत्व जान्नेहरुलाई बोलाएर त्यो सपनाको अर्थ के हुन सक्दछ सोधे । सपनाको महत्व बताउनेहरुले त्यसलाई राम्रो लक्षण माने । उनीहरुले रानी गर्भिणी भएको र रानीको कोखबाट महत्वपूर्ण महापुरुषको जन्म हुने बताए ।

रानी गर्भिणी भएकोमा राजा अत्यन्त खुशी भए । राजाले रानीको सेवा र सुख सुबिधाका लागि सबै प्रबन्ध मिलाई दिए । गर्भको समय पूरा हुने बेलामा रानीले माइती देबदह जाने इच्छा ब्यक्त गरिन् । सबै ब्यवस्था मिलाएर देबदह जाने क्रममा रानीले रमणीय लुम्बिनी बगैंचामा आराम गरिन् । त्यहाँ के आराम गरेकी थिइन् कि उनलाई आफ्नो शारीरिक स्वभावमा परिवर्तन आएको अनुभव भयो । उनी नजिकैको एउटा रुखको हाँगा समातेर उभिइन् । परिचारिकाहरुले रानीको अवस्थालाई बुझेर चारैतिर कपडाले घेरा लगाई दिए । त्यसैबेला त्यसै ठाउँमा बैशाख पूर्णिमाको दिनमा रानीले ३२ लक्षणले युक्त भएका सुकुमार राजकुमारलाई जन्म दिइन् । जसको नाम सिद्धार्थ राखियो । बौद्ध वाङमय अनुसार सिद्धार्थ जन्मेकै दिनमा देबदहमा यशोधरा जन्मेकी थिइन् । साथै छन्न सारथी, कालुदायी अमात्य, मंगल हात्ती, कन्थक घोडा, बोधिवृक्ष र धनले भरिएको चार घडा उत्पन्न भएको पनि उल्लेख छ ।

बौद्ध वाङमयमा बुद्ध हुनुका लागि जन्मने बोधिसत्वको अरु



Downloaded from http://www.dhamma.digital

विशेषताहरुको पनि वर्णन गरिएको छ। बोधिसत्वको अन्तिम जन्म हुँदा मातृ कोखमा ठीक दश महिना पूरा गरेर जन्मन्छ। जन्म दिने माता उभिएकै हुन्छ। गर्भ प्रवेशको बेलामा भैंं जन्मने बेलामा पनि कुशल लक्षणहरु देखिन थाल्छन्। हल्का भूकम्प हुन्छ। सिद्धार्थ गौतम बोधिसत्वका रुपमा जन्मदा ती सबै कुराहरु भएका थिए। ती सबै देखेर कालदेवल नाम गरेका ठूला ऋषिले दरबारमा आएर "यो बालक संसारका अग्र महापुरुष हुन्" भनेर ढोग गरेका थिए। ऋषिको त्यस्तो कथनबाट प्रभावित भएर राजा शुद्धोदनले पनि मेरो छोरा साधारण मानिस होइन रहेछ भनी हर्षित भएर ढोग गरेका थिए।

सिद्धार्थ गौतमले बुद्धत्व के-कसरी प्राप्त गरे, त्यो पनि रोचक छ। उनले तात्कालीन धेरै शास्त्रहरुको अध्ययन गरे। ख्यातिप्राप्त गुरुहरुबाट धेरै धेरै कुरा सिके। ती प्रचलित शास्त्र अनुसार कठिन भन्दा कठिन योग, साधना र तपस्या गरे। अत्यन्त दुष्कर तपस्या गरे। त्यस्तो तपस्या गर्दा गर्दै उनी हाड छालाका मात्र भए। शरीर अत्यन्त कमजोर र क्षीण भयो। अरु केही दिन त्यस्तै किसिमले ब्यतित भएमा उनको इहलिला नै समाप्त हुने उनले अनुमान गरे। उनी यही जीवनमा बुद्धत्व प्राप्त गर्न चाहन्थे, तर त्यो अवस्थाले उनलाई बुद्धत्व प्राप्त नहुने निश्चय भयो। अनि उनले दुष्कर चर्याका ती सबै कुरा परित्याग गरे। ती शास्त्र र धर्मका कुराहरु छाडिदिए। उनले शरीरलाई ठीक तम्दुरुस्त राख्नु पर्दछ भनेर खाना खान थाले। उनले खाएको देखेपछि उनका पछि लागेका पञ्च वर्गीयहरुले उनलाई गलत लाइनमा गएको आरोप लगाएर धर्म च्यूत भएको घोषणा गरेर उनलाई त्यही छाडेर गए।

उनी एक्लै भए। एक्लै गहन चिन्तन मनन गरेर ध्यान भावना गरे। नयाँ मार्गको खोजी गरे। नयाँ धर्म पत्ता लगाउन उद्यत रहे। एकदिन सुजाता नाम गरेकी उपासिकाले उनलाई सुवर्ण पात्रमा खीर दान गरिन्। त्यो खीर भएको पात्र लिएर उनी नदीमा पुगे। स्नानादि गरी उनले खीर भोजन गरे। जम्मा ४९ गाँसमा त्यो सकियो। त्यो भोजनले उनमा नयाँ शक्ति प्रदान गऱ्यो। त्यसपछि नदीमा गएर "यदि



Downloaded from http://www.dhamma.digital

आज मैले बुद्धत्व प्राप्त गर्ने रहेछु भने यो पात्र अवश्य पनि माथितिर (विपरीत) दिशातिर बगेर जाने छ " भनी त्यो सुवर्ण पात्र नदीमा बगाए। एकछिन त्यो पात्र यताउता के चलेको थियो कि उल्टो दिशातिर बगेर गै एउटा भुमरीमा पऱ्यो। त्यो भुमरिमा यस अघि तीनजना मानव बुद्धहरुको पात्र रहेको बौद्धहरुको विश्वास छ जसलाई नाग भुवन भनिन्छ।

त्यसबाट उनको आत्म विश्वास अरु बढ्यो। उनी घाम अस्ताउने बेलातिर बैशाख पूर्णिमाको दिन बोधिवृक्ष मुनि गएर ध्यान बसे। त्यसबेला उनले यस्तो प्रतिज्ञा गरे कि यस शरीरमा हाड, छाला, मासु सबै सुकेर गई खालि कंकाल मात्र बाँकि रहेपनि बुद्धत्व प्राप्त नगरी म यस आशनबाट उठ्ने छैन। उनको यो दृढ प्रतिज्ञा सुनेर धेरैले आश्चर्य प्रकट गरेका थिए भने कोहिले उनले बुद्धत्व प्राप्त गर्ने भए भनेर अनुमान गरेका थिए। सिद्धार्थले ध्यान गर्दा गर्दै रातको पहिलो प्रहरमा पूर्वानुस्मृति ज्ञान अर्थात पूर्व जन्मको कुरा सविस्तार थाहा भएर आउने ज्ञान प्राप्त गरे। रात्रीको द्वितीय प्रहरमा च्यूत्योत्पत्ति ज्ञान अर्थात उत्पत्ति र मरणको ज्ञान प्राप्त गरे। तृतीय प्रहरमा आस्रवक्षय ज्ञान अर्थात यस हेतुले यो हुन्छ, यस हेतुले यो हुँदैन, यस कारणले उत्पन्न हुन्छ, यस कारणले उत्पन्न हुदैन भन्ने थाहा हुने (Cause & Effect) ज्ञान जसलाई प्रतित्य समुत्पाद पनि भन्दछन् , प्राप्त गरे। यसैबेला उनले आफ्नो फेरि जन्म हुने छैन भन्ने कुरा थाहा पाए। प्रत्यक्ष निर्वाण धातु पनि अवबोध गरे। अनि उनले आफ्नो आस्रव जम्मै विनाश भैसकेको र अब कुनै बन्धनले पनि छुन र छेक्न नसक्ने घोषणा गरे। उनले त्यो घोषणा गर्दा पनि बत्तीस लक्षण लोकमा दृश्यमान भएको बौद्धशास्त्रमा महत्वका साथ लेखिएको छ।

यो पनि एक आश्चर्यको कुरा हो कि भगवान बुद्धले आफ्नो परि निर्वाण हुने घोषणा तीन महिना पहिले गरेका थिए। त्यो तीन महिनामा उनले धेरै भन्दा धेरै गहन एवं उपयोगी शिक्षाहरु दिए। उनको यो विशेषता रहेको छ कि जीवनको अन्तिम घडी सम्मपनि उनले भिक्षु



Downloaded from http://www.dhamma.digital

बनाउने र उपदेश दिने कार्य जारी राखे । उनले अन्तमा भिक्षुहरुलाई सबोधन गरी संस्कार जम्मै अनित्य भन्ने बुझेर अप्रमादी भई राम्ररी स्मृति राखि गुण धर्म सम्पादन गरि लिने प्रयत्न गर भन्ने उपदेश दिए । उनी त्यसबेला कुशीनगर पुगेका थिए ।

कुशीनगरमा उनी ध्यानमा बसे । प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यान, चतुर्थ ध्यान बसेपछि आकाशनन्त्यायतन भन्ने अरुपी ध्यान, विज्ञानत्यायन भन्ने अरुपी ध्यान, आकिञ्चनत्यातन भन्ने अरुपी ध्यानमा बसे । अनि नैवसंज्ञाना संज्ञायतन नामक अरुपी ध्यान र निरोध समापत्तिमा बसे । ती सबै ध्यान भावनाको अभ्यास गर्दै ८० वर्षको उमेरमा वैशाख पूर्णिमा कै रातको तेश्रो प्रहरमा महापरिनिर्वाण भए । त्यसबेला पनि भूकम्प गएको थियो । अथवा वातावरणमा ३२ लक्षणहरु देखा परेका थिए । ती ३२ लक्षण भनेको पानी पर्नु, आकाशमा इन्द्रेणी पर्नु आदि हुन् । भगवान बुद्ध जन्मदा, उनले बुद्धत्व प्राप्त गर्दा तथा उनको महापरिनिर्वाण हुँदा ती सबै लक्षणहरु देखिनु विशेष कुरा हुन् । फेरी ती सबै घटना अथवा जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण बैशाख पूर्णिमा कै दिनमा हुनु महान कुरा हो । यस्तो संयोग विश्वका अन्य कुनैपनि महापुरुषको जीवनमा भएको पाइदैन । यसबाट पनि प्रष्ट हुन्छ भगवान बुद्ध मानवहरु मध्येमा महामानव, महानहरु मध्ये पनि महान हुनुहुन्थ्यो । यस्तो महान व्यक्तिको महान घटनाहरु बैशाख पूर्णिमा कै दिनमा भएकाले वैशाख पूर्णिमा पवित्र र पावन भएको छ । तिथिहरुमा विशेष तिथि भएको छ । यसको अर्को नाम बुद्ध पूर्णिमा भएको छ । बुद्ध पूर्णिमा हुनु बैशाख पूर्णिमाको महत्व अरु प्रवज्जित हुनु हो । जुन प्रज्वलन आज हामी सबैले अनुभव एवं अनुभूत गरिरहेका छौं ।

धर्मचक्षु
वर्ष १० अंक १ बैशाख/जेठ
२०६४



Downloaded from http://www.dhamma.digital

# विजया दशमी :
# हिन्दू र बौद्धधर्मको दृष्टिमा

विजया दशमी आज हिन्दूहरुमात्रको सबभन्दा ठूलो चाडको रुपमा देखिएको छ । अनेक भोज, भतेर र आडम्बरपूर्ण खर्चहरु गरेर यस पर्वको आयोजना गर्ने परंपरा प्रतिवर्ष बढ्दै गएको छ । मूर्ति पूजाको प्रारंभिककालमा दुर्गाको महिषासुर मर्दिनीको रुपमा पूजा गर्ने चलन थियो । कालान्तरमा लक्ष्मी, सरस्वती, गणेश तथा कार्तिकेयको पूजा गर्ने प्रथा पनि थप हुँदै आयो । राम र रावणको कथा पनि यसैमा जोडेर यसको महत्व अरु ब्यापक बनाउने प्रयास भयो । त्यसमा पनि नेपालका
धर्मावलम्बीहरु मध्ये केहीले हिन्दूहरुले झैं राँगो, बोका हाँस आदि
...एर भोज भतेर गरी मनाउँदै आएबाट यसको तडकभडकले
... पगेको छ ।

...त्पर्य विजया दशमी मनाउनु हुन्न भन्ने लेखकको
...शमी एउटा महान पर्व हो-हिन्दू र बौद्धहरुको
...हरुको पनि यो उत्तिकै महत्वको पर्व हो । तर
... जुन रुपमा यो पर्व मनाउँदै आएका छन्,
...र्ने स्थिति देखापरेको छ ।

Downloaded from http://www.dhamma.digital

अन्धकार माथि प्रकाशको विजय भएको ऐतिहासिक पर्वको रुपमा मान्दै आएको बौद्ध इतिहासमा देखिन्छ ।

स्कन्दपुराणमा ब्रह्मा, विष्णु, महेश्वर, इन्द्र, चन्द्र, यम, वरुण, सूर्य, कुवेर र नौ प्रजापतिको शक्तिबाट दुर्गाको अभ्युदय भएको र तिनैबाट महिषासुरको बध भएको कुरा उल्लेख छ ।

ऋग्वेदमा दुर्गाको कुनै नाम देखिंदैन । वाल्मिकी रामायणमा पनि दुर्गा पूजा गरेको विवरण देखिंदैन । तर १५ औं शताब्दीमा आएर बङ्गालका आदिकवि श्री कीर्तिवत्सद्वारा रचित रामायणमा भने रामले दुर्गा भवानीको आराधना गरेको कुरा उल्लेख छ । तत्पश्चात नै रामलीला आदि गरेर विजया दशमी मनाउने गरेको बुझिन्छ । तुलसीदासको रामचरित्रमानस प्रकाशित भएपछि रामचन्द्रको महत्वले अरु जोड पक्रेको देखिन्छ ।

१६ औं शताब्दीमा आएर दुर्गाको सार्वजनिक रुपमा पूजा भएको वारे धेरै विद्वानहरुले राय प्रकट गरेका छन् । शाह अकबरका समकालीन एवं बंगलादेशका राजशाही प्रान्तका तादिपुर नामक क्षेत्रका जमीन्दार राजा कंसनारायणले सर्वप्रथम सार्वजनिक रुपमा दुर्गा पूजा गरी दुर्गोत्सवको ऐतिहासिक स्वरुप प्रदान गरेका थिए । तिनको पूजा य
प्रभावशाली थियो कि त्यसबाट प्रभावित भई बादशाह शाहजहाँ
वर्ष आफ्नै खर्चमा बङ्गालमा दुर्गोत्सवको आयोजना
औरङ्गजेवको पालामा यो परंपरा टुटेको कुरा इति

तर बौद्ध इतिहासमा विजया दशमीको म
पालादेखि भएको बुझिन्छ । महात्वाकांक्षी
नर संहार र विनाश गरी कलिङ्ग जिते
भएन । उनको बेचैनी झन् झन् बढ्दै
चित्तका श्रावणेर न्यग्रोधलाई देखे ।

Downloaded from http://www.dhamma.digital

उनलाई आदरपूर्वक भोजन गराए । श्रावणेरबाट बुद्ध धर्मको उपदेश सुनेर प्रभावित भई सम्राट अशोकले भोलिपल्टै सपरिवार महास्थविर मोगलीपुत्त तिष्यकहाँ गएर प्रतिज्ञा गरे-आज देखि म शस्त्रद्वारा विजय प्राप्त नगरी शान्ति, मैत्री र अहिंसाद्वारा विजय गर्दछु । यस्तो प्रतिज्ञा गरी सम्राट अशोक, बुद्ध, धर्म र संघप्रति समर्पित भई आफैं पनि धर्मको एक ज्योति हुन पुगेकाले हिंसा र युद्धद्वारा भयभित र पीडित जनताहरु ज्यादै खुशी भई उनले बुद्धधर्म अपनाएको ऐतिहासिक दिनलाई हिंसा माथि अहिंसाको विजय, अधर्म माथि धर्मको र अन्धकार माथि प्रकाशको विजय भएको ऐतिहासिक दिन सदा स्मरण गराई राख्ने अभिप्रायले विजया दशमीको रुपमा मनाउने गरेको कुरा बुद्ध धर्मको इतिहासमा देखिन्छ ।

विजया दशमी सम्बन्धी दोस्रो महत्वपूण घटना पनि सम्राट अशोकको पालामा अर्थात इ.पू. २९४ मा घट्यो जब उनले आफ्नो पुत्र महेन्द्र र पुत्री संघमित्रालाई धर्म प्रचारको लागि श्रीलंका पठाएको र ती दुई दाजु बहिनीले श्रीलंकामा अपूर्व पाराले धर्म प्रचार गरेको बौद्ध जगत्मा स्मरणीय मानिन्छ । महेन्द्रलाई श्रीलंकामा अनुबुद्ध (द्वितीय बुद्ध) पनि भन्दछन् । सम्राट अशोकको त्यो गौरवपूर्ण काललाई द्वितीय धर्मचक्र प्रवर्तनकाल भनिन्छ ।

विजया दशमीलाई अरु महत्वको पार्ने अर्को घटना सन् १९५१ मा थप भएको छ । भारतीय संबिधानका स्रष्टा, दलित वर्गका मूर्धन्य नेता, नागरिक मात्रको समताका उद्घोषक डा. भीमराव रामजी अम्बेडकर नागपुरको दीक्षा भूमिमा आफ्ना पाँच लाख अनुयायीका साथ विजया दशमीको दिनमा बुद्ध धर्ममा समर्पित भए । त्यसलाई बौद्ध इतिहासमा तृतीय धर्मचक्र-प्रवर्तन दिवसको रुपमा पनि मनाइन्छ ।

यस किसिमले अध्ययन गर्दा बुद्धधर्म र हिन्दूधर्म दुबैको दृष्टिमा विजया दशमीको उत्तिकै महत्व भएको देखिन्छ र यो पर्व मान्ने



Downloaded from http://www.dhamma.digital

उद्देश्यमा पनि हु-बहु समानता छ, त्यो हो-धर्मको अभिबृद्धि। तर यी दुई धर्मको मूलभूत आदर्श र सिद्धान्त तथा विचार र व्यवहार फरक भए झैं साध्य प्राप्त गर्ने तिनीहरुको साधन (माध्यम) पनि फरक छ। हिन्दू धर्मका आदिशक्ति मानिएकी दुर्गा भवानी र मर्यादा पुरुषोत्तम राम अधर्म समाप्त गर्ने अभिप्रायले क्रमशः महिषासुर र रावणादिको बध गर्दछन् भने गौतम बुद्ध कसैको स-शरीर हत्या नगरी हृदय परिवर्तन गरेर उसमा निहित दुर्गुणहरुको नाश गर्दछन् र उसलाई निर्माणको पथतिर अग्रसर हुन प्रेरित गर्दछन्। प्रख्यात डाँकु अंगुलीमाल, आम्रपाली आदिको हृदय परिवर्तन र तिनीहरुको प्रवज्या यसका ज्वलन्त उदाहरण हुन् । अतः हिन्दूहरुले दुर्गा भवानीले महिषासुरको बध गरेको तथा रामचन्द्रले रावण मारी विजय प्राप्त गरेको उपलक्ष्यमा विजया दशमी मान्दछन् भने बौद्धहरुले हिंसा माथि अहिंसाको विजय , अधर्म माथि धर्मको विजय र अन्धकार माथि प्रकाशको विजयको खुशीयालीमा विजया दशमी मान्ने गरेको इतिहासमा देखिन्छ ।

त्यो जे भएपनि विजया दशमीको आज आफ्नै महिमा र गरिमा छ । तर हिन्दू र बौद्धहरुले आज जुन रुपमा यो पर्व मानेका छन्, त्यसबाट न तिनीहरुको आदर्श र सिद्धान्तको निर्वाह हुन्छ, न कि तत्सम्बन्धी मौलिक तथ्यको अवबोध नै हुन्छ। बरु यस्ता प्रत्येक वर्षले तिनीहरुलाई ती तथ्यहरुबाट यति टाढा पुऱ्याइ सके कि अतीतका आफ्ना आराध्य देवताहरुले भनेका तत् सम्बन्धी महत्वपूर्ण कुराहरु पनि तिनीहरुको दृष्टिबाट ओझल हुन लागिसक्यो । त्यसमा पनि निहित स्वार्थ भएकाहरुले परंपरागत कुरामा केही छोड्ने र केही जोड्ने गरी तोडमरोड गरेबाट संस्कार र संस्कृतिको रुप नै वेरुप देखिन आएको छ ।

प्रत्येक वर्ष रामलीला गरी रावण, कुम्भकर्ण र मेघनादको बध प्रदर्शनमा सहभागी हुँदै आएका मध्ये कसले आज संझन सक्छ कि



Downloaded from http://www.dhamma.digital

रावण मारेपछि रामचन्द्रले "मरणांतानि वैराणि" अर्थात वैरभाव मृत्युको पश्चात् समाप्त हुन्छ भनेका थिए। जुन रामले रावण मारेपछि यो अब मेरो स्नेहपात्र छ भनी बिधिवत् दाह संस्कार गर्नका लागि भनेका थिए, त्यही रामका अनुयायी भन्नेहरुले आजतक पनि रावणप्रति घृणा, द्वेष, र वैरभाव प्रकट गर्ने रामलीला गर्दै आउनुलाई रामद्वारा ब्यवस्थित मर्यादाको कसरी निर्वाह भएको मान्ने ? के यसमा रामलीलाका आयोजक र सहभागीहरुले किञ्चित्त बिचार गरेका छन् ?

उता अहिंसात्मक सिद्धान्तका प्रतिपादक गौतम बुद्धका अनुयायीहरु जसले हिंसा छोडी अहिंसात्मक मार्गमा सम्राट् अशोकको आगमन भएको खुशीयालीमा ठूलो बिजय संझी बिजया दशमी मानि आएका थिए, तिनीहरुका परिवारले नै आज घरघरमा राँगो, बोका काटी पशुपंक्षी बलि दिई भोजभतेर गरी विजया दशमी मान्नु कहाँ तक उपयुक्त ठहर्दछ, त्यो अलिकति मात्र सोचे पत्ता लाग्दछ। के यस्तो प्रथाले समाजमा गौतम बुद्धको अहिंसात्मक सिद्धान्त र विचारको प्रतिकूल असर पारिरहेको छैन ? के आजका बौद्धहरु यस तथ्यलाई ह्दययङ्गम गरी अहिंसात्मक तरिकाले आफ्नो सिद्धान्त र आदर्श अनुरुप विजया दशमी मनाउने दिशातिर अग्रसर हुनेछन् भनी अपेक्षा गर्न सकिन्छ ?

विजया दशमी जस्तो पुनीत पर्व मान्ने हिन्दू र बौद्धहरुको त्यस्तो गलत रीतिले तिनीहरु दुवैको संस्कार र संस्कृतिमा विकृति पैदा गरेको छ। विकृतियुक्त संस्कृतिले समाजमा अन्धविश्वास र अफवाह मात्र फैलाउँछ र त्यसले मानिसहरुलाई सत्यको साटो असत्य मार्गमा गमन गर्न प्रेरित गर्दछ र त्यस्तो धर्म जति मान्ने गरे पनि न मोक्ष मिल्छ, न पुण्य नै। त्यसैले हाम्रा प्राचीन कतिपय पुस्ताले त्यस्तो धर्म गर्दै आए तापनि कोही कसैले धर्म ग्रन्थमा उल्लेखित पुण्य र निर्माण आजतक प्राप्त गर्न सकेका छैनन्। त्यसको विपरीत, त्यस्तो विकारयुक्त संस्कार एवं संस्कृतिले अधर्म र अन्धविश्वास, अनैतिकता र भ्रष्टाचार



Downloaded from http://www.dhamma.digital

फैलाउँछ र साथै आध्यात्मिक चरित्र दिन परदिन ह्रास गर्दै लग्छ।

भारत वर्षमा पछि आएर फेरि हिन्दूहरुको बोलवाल भएकोले कतिपय बौद्धहरुले पनि हिन्दूहरुले झैं चाड पर्व मानिआएबाट विजया दशमी आज हिन्दू मात्रको महान् पर्वको रुपमा देखिन आएको छ। बौद्धहरुले सम्राट अशोकको पालादेखि अर्थात् आज भन्दा करीब २२०० वर्षभन्दा पहिलेदेखि विजया दशमी आफ्नै पाराले मानिआएको इतिहासमा देखिन्छ। अतितका बौद्ध इतिहास र बौद्ध संस्कृतिको विस्मृतिताले आज बौद्ध धर्माबलम्बीहरु विकृत संस्कृति र खराब परंपराको शिकार हुन पुगेका छन्। उता हिन्दूहरु सादगी र मितव्ययितालाई त्यागेर खर्चिलो भोज भतेर र आडम्बरपूर्ण आयोजनाहरु गरेर दशै मनाउने गर्दछन्। फलतः दुर्गा भवानीको साधना र उपासना गर्नुको साटो मनोरञ्जन गर्नु, शक्ति प्राप्त गर्नुको साटो आर्थिक दुर्वलताबाट पीडित हुनु र दशै सकिए पछि दशा आएको भनी पछुताउनु सर्व साधारण निम्न एवं मध्यम वर्गको एउटा विशेषता नै भएको छ। यस्तै यस्तै छ- आजको विजया दशमी हिन्दू र बौद्धहरुका लागि।

Dhamma.Digital

**प्राङ्गण**

वर्षः १ अंकः४ भाद्र/कार्तिक

२०३६



**आफूले गरेको पापले आफैलाई अपवित्र पार्दछ।**
**आफुले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ।**
**शुद्ध हुने र अशुद्ध हुने आफ्नै व्यवहारबाट हो।**
**कसैले कसैलाई शुद्ध पार्न सक्दैन।**

*- शाक्यमुनि बुद्ध*



Downloaded from http://www.dhamma.digital

# प्राचीन कपिलवस्तुको खोजीः एक अध्ययन

असत्य र झुठको साम्राज्य भएको विश्वमा सत्यको दर्शन बिरलै हुन्छ। त्यसो हुँदा सत्यको निरन्तर खोजी हुनु स्वाभाविकै हो। तर सत्यको नाममा असत्यलाई प्रोत्साहित गरिनु हुन्न। एउटा सत्य लुकाउन सात्र पटक झुठ बोलेर पनि नभएको कुरा ब्यवहारमा सिद्ध छ। त्यसकारण कम से कम धर्मको क्षेत्रमा कुनै जाल झेल, छलकपट नगरी आफ्नो निहित स्वार्थलाई पन्छाएर सत्यको निर्वाह गर्नु पर्दछ। सत्य र धर्मको लागि साँचो बोल्नु पर्दछ र साँचो बोल्ने बानी बसाल्नु पर्दछ।

कुनै बेला नेपालका सपूत गौतम बुद्धको व्यक्तित्वको उचित पहिचान गर्न नसक्दा, उनले प्रतिपादन गरेको धर्मको महत्व बुझ्न नसक्दा र बौद्ध दर्शनको समुचित रसास्वादन गर्न नसक्दा तथा शासक, प्रशासक एवं विद्वानहरुले त्यस महापुरुष, उनको धर्म र दर्शनलाई कहिले काखा र कहिले पाखा गर्ने गलत नीति अख्तियार गरेबाट आज बुद्धधर्म वारे धेरै भ्रमहरु सिर्जिएका छन्। अरु कुरा छाडौं भने पनि आज नेपाल र भारतबीच प्राचीन कपिलवस्तु वारे जुन विवाद उत्पन्न भएको छ, त्यो त्यही र त्यस्तै गलत नीतिको कारणले गर्दा हो। आज कपिलवस्तु कुन र कहाँ भनेर प्रश्न गर्नु र खोज्नु पर्ने जुन स्थिति उत्पन्न भएको



Downloaded from http://www.dhamma.digital

छ, त्यो त्यही नीति निर्माता, शासक प्रशासक एवं बुद्धिजीविहरुको हेलचक्राई, लापरवाही र गैर जिम्मेवारी क्रियाकलापको परिणाम हो ।

इतिहास पढ्दा थाहा हुन्छ -सत्यको पक्षपाती गौतम बुद्ध र बुद्ध धर्म संधै सत्य छन् । त्यस्तो सत्य, अहिंसा र शान्तिमा आधारित बुद्धधर्ममा पनि किन हो अनेक झरी बादलका दिनहरु आए । कतिपय विद्वानहरुले यस धर्ममाथि हिलो छ्याप्ने प्रयास गरे भने कतिपयले यसको महत्व घटाउने प्रयास गरे । तर त्यसको बावजूद पनि बुद्ध धर्म निखर र प्रखर भएर आएकोमा इतिहास साक्षी छ । जब तिनीहरु आफ्नो प्रयासमा असफल भए, तब तिनीहरुले बुद्धधर्म माथि अर्को चाल चाले ।

बुद्धधर्म माथि पटक पटक घातक आक्रमण गरी त्यसलाई निमिट्यान्न पार्ने प्रयास गरियो । फलत भिक्षु अनागारिकाहरु श्रीलंका, वर्मा, थाइल्याण्ड, जापान, चीन, तिब्बत आदि ठाउँहरुमा गएर आफ्नु आफ्नो धर्म र धर्म शास्त्र सुरक्षित राखेका कुरा सर्वविदितै छ । त्यसबेला बुद्धधर्म प्रति त्यस्तो अविवेकपूर्ण दुखान्त घटना घटेको हुँदा हामी बुद्ध जन्मेको देशका मानिसहरुले बुद्धधर्मवारे गहन अध्ययन, खोजी र अनुसन्धान गर्न परे आज पनि माथि उल्लेखित देशहरुमा जानु परिरहेछ र त्यहाँ विद्यमान प्राचीन ग्रन्थहरुको अध्ययन र अनुसन्धान गर्नु परिरहेछ तथा चीन लगायत अन्य देशहरुका प्राचीन यात्रीहरुले वर्णन गरेका कुराहरुलाई प्रमाण स्वरुप पेश गर्नु परिहेको छ ।

हामीमा यो स्थिति किन आयो र यसको वास्तविक कारण के हो ? के त्यसबारे हामीले एक मिनेट आँखा चिम्लेर सोच्न सक्छौं ? त्यसबेला एउटा सत्यलाई ढाकछोप गर्ने दुस्प्रयास गरिएको हुँदा आजसम्म पनि हामी त्यसबाट पीडित छौं । अब प्रचार प्रसारको आधुनिक साधन भएको बेलामा कुनै किसिमको भ्रम फैलियो भने त्यसले लामो समय नराम्रो असर पार्नेछ । त्यसकारण आज त्यस्तो भ्रम फैलाउन खोज्नु



Downloaded from http://www.dhamma.digital

कदापि उचित होइन। कपिलवस्तु सम्बन्धमा भारतका केही विद्वानहरुले भ्रम फैलाउन खोजेको हुँदा यो लेख लेख्नु परेको हो। उहाँहरुले प्राचीन कपिलवस्तु भारतको पिपरहवा हो भनी केही वर्ष पहिले "कपिलवस्तु दिवस" पनि मनाउनु भयो। विद्वानहरुले प्राचीन कपिलवस्तु यो हो या त्यो हो भन्नु भन्दा पहिले गहिरो अध्ययन र अनुसन्धान गर्नु पर्दछ। भारतीय विद्वानहरुले त्यस्तो अध्ययन अनुसन्धान विना नै आत्तिएर निक्यौंल निकालेकामा केही चिन्ता, केही भ्रम र केही विवाद उत्पन्न भएको छ।

हामीले प्राचीन कपिलवस्तु अहिले यो हो र त्यो हो भन्नु भन्दा पहिले प्राचीन कपिलवस्तुको परिचय लिनु पर्छ, विशेषता खोज्नु पर्दछ र भौगोलिक दृष्टिले त्यसको Location पत्ता लगाउनु पर्दछ।

प्राचीन कपिलवस्तु राजा शुद्धोधनले आज भन्दा करिब २६०० वर्ष पहिले शासन गरेको एउटा गणराज्य हो। त्यस अघि उनका करिब दश पुस्ताले त्यहाँ शासन गर्दै आएको कुरा बौद्ध इतिहासले देखाएको छ। सिद्धार्थ गौतम बुद्धको अभ्युदयबाट त्यो राज्यको महत्व अरु बढ्न गयो।

भौगोलिक दृष्टिले कपिलवस्तु हिमालयको काखमा र वाणगंगा नदीको किनारमा अवस्थित भएको बौद्ध शास्त्रमा उल्लेख छ।

कपिलवस्तु राज्यको ठूलो दरबार थियो। त्यो दरवार ठूलो चौडा सुरक्षात्मक पर्खाल (Defensive wall) ले घेरिएको थियो। पर्खालको चारै दिशामा चारवटा ठूल्ठूला प्रवेशद्वार थिए र पर्खाल बाहिर खाडल र पोखरीहरु निर्माण गरिएका थिए।

दरबार भित्र ५०० जना शाक्यहरु बसेर वैठक गर्ने सन्थागार (शाक्य परिषद) थियो। राजारानीको ठूल्ठूला शयन कक्ष तथा व्यवस्थित दरबारमा हुने सम्पूर्ण कुराहरु निर्मित थिए। त्यो कपिलवस्तुको इतिहासमा स्वर्णिम काल थियो। शुद्धोदनको शेष पछि कोशल देशका राजा



Downloaded from http://www.dhamma.digital

विडुडभको हमलाबाट कपिलवस्तु ध्वस्त प्राय: भयो। त्यहाँका शाक्यहरुको आम हत्या गरियो। कोही अत्यत्र गएर बसे। मगध नरेश आजात शत्रुले कोशल राजाको त्यो घातक आतङ्क सहन नसकेर उनले बिडुडभ माथि हमला गरी कपिलवस्तुवासीहरुलाई निर्भयपूर्वक रहने वातावरण सिर्जना गर्ने प्रयास गरे । तैपनि कपिलवस्तुका अधिकांश शाक्यहरु अन्यत्र गए। तर उनीहरु जहाँ गए आफ्नो धर्म र धर्मशास्त्र लिएर गए र त्यही ब्यवस्थित किसिमले बसे। शाक्यहरु धमाधम अन्य गएका हुँदा कपिलवस्तु निर्जन प्राय भयो ।

त्यो कपिवस्तुको सबभन्दा दुर्दिन थियो ।

त्यसपछि कुषाण र शुङ्गकालमा पनि बौद्ध सम्राटहरु एवं बौद्ध विद्वानहरु कपिलवस्तुमा आएर स्तूप, बिहार आदिको निर्माण गरेका र कतिपय भिक्षुहरु त्यही निर्मित बिहारहरुमा रहने गरेका थिए ।

चिनियाँ यात्री फाहियानले इं. सन् ४०६ मा आउँदा राजा शुद्धोदनको विग्रेको दरबार देखेका र त्यहाँ केही भिक्षुहरु भएको कुरा उल्लेख गरेका छन् ।

अर्का चिनियाँ यात्री हुयन साङले ई.६२९ मा त्यहाँ धार्मिक गतिबिधि भएको कुरा लेखेका छन्। उनको लेखाई बढी प्रष्ट र विस्तृत मानिन्छन् । उनले आफ्नो यात्रा वर्णनमा शुद्धोदनको दरबारको एक भागमा शुद्धोदन बिहार बनाएर भिक्षुहरु बसेका, दरबारको अलिपर शुद्धोदन र महामायादेवीको स्तूप भएको, त्यस्कै वरपर असितमुनि स्तूप , छन्दक स्तूप आदि धेरै बिहार र स्तूपहरु दरबार नजिकै यताउता भएको र अलिपर गोटिहवा र निग्लिहवामा कनकमुनि र कक्रुछन्द बुद्धको जन्मस्थलमा अशोक स्तम्भहरु भएको विस्तृत वर्णन गरेका छन् ।

त्यस्तै ६५१ ई. मा अर्का यात्री ईत्सिङ्गले र १२ औं शताब्दीमा क्रर्णाली प्रदेशका राजा रिपु मल्लले पनि कपिलवस्तुको दर्शन गर्न



Downloaded from http://www.dhamma.digital

गएको कुरा निग्लिहवा स्तम्भमा उल्लेख गरेका छन् ।

प्राचीन तीर्थयात्रीहरुले आ-आफ्नै किसिमले विवरण दिई लेखेका छन् । ती तीर्थयात्रीहरु मध्ये हुयन साङले आफ्नो विवरण विस्तृत र प्रष्टसाथ उल्लेख गरेका छन् । उनले एक ठाउँबाट अर्को ठाउँ के कति टाढा पर्दछ भन्ने नाप र दिशा पनि दिएका छन् । त्यसैले उनको यात्रा विवरणलाई धेरै यथार्थ र प्रामाणिक मानिन्छन् ।

हुयन साङ श्रावस्तीबाट हिंडेर कपिलवस्तु पुगेका थिए । उनले श्रावस्तीबाट कपिलवस्तु ८०० लि. (करिब ७५ मील) दक्षिण पूर्वी दिशामा भएको वर्णन गरेका छन् । उनले कपिलवस्तु नगरका अवशेषहरु २४/२५ लि. को वरपर फैलिएको, कपिलवस्तुबाट ५० लि. दक्षिणमा अशोक स्तम्भ भएको, ककुछन्द बुद्धको स्तूप र त्यो स्तूपबाट ५० लि. दक्षिण पूर्वमा अशोक स्तम्भ भएको कनकमुनि बुद्धको जन्मस्थलमा आफूले दर्शन गरेको कुरा उल्लेख गरेका छन् ।

यी सबै घटना र सम्बद्ध कुराहरुको परिप्रेक्षमा प्राचीन कपिलवस्तुको खोजी हुनु पर्दछ । प्राचीन कपिलवस्तुको खोजीको क्रममा हामीले मुख्यतया तीन कुराहरुमा विचार पुऱ्याउनु पर्दछ । ती हुन् १. बौद्ध धर्मशास्त्र र इतिहास, २. बुद्धधर्म सम्बन्धी अन्य ग्रन्थ, अनुयायीहरु तथा महत्वपूर्ण तीर्थयात्रीहरुको वर्णन र ३. उत्खनन्‌बाट पाइएका वस्तुहरु भग्नावशेषहरुको निष्पक्ष अनुसन्धान ।

यी नै माथि उल्लेखित कुराहरुलाई आधार मानेर भारतको पिपरहवा तथा नेपालको तौलिहवा स्थित कपिलवस्तुको अध्ययन अनुसन्धान गऱ्यौं भने स्थिति प्रष्ट हुन्छ ।

सबभन्दा पहिले भारतको पिपरहवाको अवलोकन गरौं । भारतको वस्ती जिल्लाको पिपरहवामा महत्वपूर्ण उत्खनन् गर्नेहरुमा डब्लु.सी.पेप पहिलो पुरातत्ववेत्ता थिए । उनले १८९८ ई मा खुदाई गरे । श्रीमती देवला मित्रले १९६२ ई. मा र के.एम. श्रीवास्तवले १९७१



Downloaded from http://www.dhamma.digital

मा उत्खनन् कार्य गरेका थिए । त्यसरी उत्खनन् गरी फेला पारिएका पुरातात्विक वस्तुहरु मध्ये केही सिक्काहरु विशाल स्तूप, ठूलो मठ, संघाराम बिहार र केही घरहरुको भग्नावशेषहरुका अतिरिक्त तामाको विर्को भएको ढुङ्गाको बाकस र त्यस बाकस भित्र स-साना बट्टाहरु मुख्य छन् । ती बट्टाहरुमा अस्थिधातु लगायत बहुमूल्य वस्तुहरु पाइएका छन्। साथै त्यहाँ एउटा महत्वपूर्ण अभिलेख पनि पाइएको छ। निग्लिहवाको अशोक स्तम्भ पत्ता लगाउने डा. फुहरर ले त्यसको अनुवाद निम्नानुसार गरेका छन्- यहाँ बुद्धका अस्थिलाई उनका शाक्य बन्धुहरुले आफ्ना स्त्रीहरु, केटाकेटीहरु र बहिनीहरुका अस्थिका साथ सुरक्षित राखेका छन् । ती नै कुराहरुको आधारमा के. एम. श्रीवास्तवले पिपरहवा नै प्राचीन कपिलवस्तु हो भन्नु भएको हो ।

पिपरहवामा भएको त्यो महत्वपूर्ण उत्खनन् कार्य ज्यादै प्रशंसनीय छ । उहाँहरु प्रति म र म जस्ता बुद्धधर्मका अनुयायीहरुको मनमा अपार श्रद्धा र आदरभाव छ । तर उत्खनन्बाट त्यति पाएकै भरमा त्यही नै प्राचीन कपिलवस्तु हो भनेर ठोकुवा गर्न मिल्दैन । मेरो विचारमा के.एम. श्रीवास्तवको भनाई मात्र उत्खनन्मा सीमित छ र त्यो उत्खनन्बाट प्राप्त बस्तुहरुले पनि प्राचीन कपिलवस्तु सिद्ध गर्न सक्दैनन् । फेरि ती पाइएका वस्तुहरुको अध्ययन र अनुसन्धान धर्म शास्त्र र इतिहास अनुसार भएको छैन । प्राचीन कपिलवस्तु पत्ता लगाउन खोज्दा यो विर्सनु हुँदैन कि राजकुमार सिद्धार्थले महाभिनिस्क्रमण गरेर गएपछि कपिलवस्तु राज्यमा महत्वपूर्ण परिवर्तनहरु भएका थिए । ती परिवर्तनहरुलाई वेवास्ता गरी गरिएको अध्ययनलाई पूर्ण मान्न सकिँदैन ।

शाक्य गणराज्य कपिलवस्तु र कोलिय राज्यका बीच रोहिणी नदीको पानीको विषयलाई लिएर बराबर झगडा भैरहन्थ्यो । सिद्धार्थ गौतमको शान्ति प्रस्तावले त्यो झगडा हटाउन सकिएको थियो । सिद्धार्थ



Downloaded from http://www.dhamma.digital

गौतमले बुद्धत्व प्राप्त गरेको केही वर्ष पछि राजा विड्डभले कपिलवस्तुमाथि अमानवीय आक्रमण गरे। उनले शाक्यहरुको आमहत्या गरे। कपिलवस्तुका शाक्यहरुले त्यो आक्रमणको सामना गर्न नसकी अन्यत्र बसाई सर्न गए। तर शाक्यहरु जहाँ गए त्यही उनीहरुले आफ्नो धर्म स्थापना गरी राम्ररी बसोबास गरी बसे। शाक्यहरु जहाँ गएपनि ठूलो सानो चैत्य बिहार आदि बनाएर बस्थे। आफू बसोबास गरिरहेकै ठाउँमा स्तूप आदि बनाएर ती स्तूप बिहार आदिमा अस्थिधातु सुरक्षित राख्ने गर्दथे। त्यस्तो गर्नु उनीहरुको विशेषता हो। वर्तमान पिपरहवामा उत्खनन्‌बाट पाइएको अस्थिधातु त्यस्तै हुनुपर्ने बुझिन्छ। त्यस्तो भएमा पिपरहवा राजा बिड्डभको आक्रमण पश्चात शाक्यहरुले बसोबास गरेको एक महत्वपूर्ण बस्ती हुन जान्छ।

पुरातात्विक दृष्टिले अध्ययन गर्दा पिपरहवामा जुन सिक्काहरु, माटाका भाँडाहरु र घरहरुको भग्नावशेषहरु पाइएका छन्, ती सबै बुद्धकालीन र त्यसपछिका मात्र पाइएका हुन्। त्यति पाइएकै आधारमा कपिलवस्तु भन्न मिल्दैन। प्राचीन कपिलवस्तु राजा शुद्धोदन र उनका करीव दश पुर्खाहरुले शासन गर्दै आएको राज्य भएकोले कपिलवस्तु बुद्धभन्दा कमसेकम ३/४ सय वर्ष पहिले नै एक व्यवस्थित वस्तीको रुपमा विकास भैसकेको बौद्ध इतिहासले देखाउँछ। राजा ओकाक्का निष्काशित छोरा छोरीहरु कपिलमुनिको आश्रममा आई मुनि कै अनुमतिले उनैको नामबाट कपिलवस्तु नामक शहर बसालेर व्यवस्थित किसिमले बसेको कुरा शाक्य वंशको इतिहासले प्रमाणित गरेको छ।

त्यसकारण कतै उत्खनन्‌बाट बुद्धकालीन र त्यसपछिका वस्तुहरु पाइएको आधारमा मात्र त्यो प्राचीन कपिलवस्तु हुन सक्दैन। त्यसै भएर १८९८ मा पिपरहवाको उत्खनन् गर्ने डब्लु.सी.पेप्पले त्यसैबेला ठोस प्रमाणको अभावमा पिपरहवालाई प्राचीन कपिलवस्तु भन्न सकेनन्। त्यसपछि त्यहाँ बढी उपलब्ध वस्तुहरु मध्ये सबभन्दा मूल्यवान्



Downloaded from http://www.dhamma.digital

बुद्धको अस्थि र अभिलेख हुन् जुन् ती दुबै बुद्धकालीन र उनको शेषपछिको अर्थात इं.पूं. २०० देखि ३०० सम्मका हुन् भन्ने प्रष्ट छन् । आज त्यहाँ भवनको जुन भग्नावशेष स्मारक देखिएको छ, त्यो कपिलवस्तु राज्यको राजधानी नभै त्यो ठूलो संघाराम बिहार भएको प्रष्टिन्छ। के.एम. श्रीवास्तवले त्यही संघाराम बिहारलाई राजा शुद्धोदनको राजदरबार भनेर पिपरहवालाई प्राचीन कपिलवस्तु हो भनी प्रचार गर्नु भएको हो। उहाँकै भनाईलाई आधार मानेर त्यहाँ १९७८ मा "कपिलवस्तु दिवस" पनि मनाइयो । त्यसबेला देखि त्यहाँको सरकारले पनि सो ठाउँको ब्यवस्थित विकास गर्नुको साथै तदानुसार प्रचार प्रसार पनि गर्दै आएको छ ।

पिपरहवाको इतिहास पल्टायौं भने डब्लु. सी. पेप र के. एम. श्रीवास्तवले मात्र उत्खनन् गरेका होइनन्। त्यस अघि पनि धेरै विद्वानहरुले प्राचीन कपिलवस्तु पत्ता लगाउने क्रममा त्यहाँ खुदाई गरेका थिए । पिपरहवामा सन् १८५८ मा Lassen नामक पुरातत्ववेत्ताले उत्खनन् कार्य प्रारम्भ गरेका थिए । उनले गोरखपुर देखि उत्तर पश्चिममा प्राचीन कपिलवस्तु हुनु पर्दछ भनेर अनुमान गरी गरेका कार्यमा Julien भन्ने विद्वानले समर्थन गरे । जनरल कनिङ्घमले १८६३ मा श्रावस्ती पत्ता लगाएपछि पुरातत्वविदहरु प्राचीन कपिलवस्तु लगायत अन्य महत्वपूर्ण बौद्ध स्थलहरु पत्ता लगाउने कुरामा अरु उत्साहित भए। अनि उनीहरुले फाहियान र हुयन साङ्गले आ-आफ्ना यात्रा वर्णनमा गरेका दूरी र दिशा अनुसार नेपाल र भारतको सीमाहरुमा नाप्दै उत्खनन्का कामहरु ठाउँ ठाउँमा गरे । त्यसबेला पुरातत्वविद्हरु र इतिहासकारहरुले बौद्ध स्थलहरु पत्ता लगाउने काममा होडबाजी नै गरे झैं गरी अग्रसर भएका थिए ।

वर्तमान भारतको पिपरहवा, गनवारिया तथा नेपालको लुम्बिनी र तिलौराकोट क्षेत्रमा अठारौं शताब्दीको अन्तताका उत्खनन् गर्नेहरुको



Downloaded from http://www.dhamma.digital

नामावली सम्भ्यौं भने जनरल कनिङघम, ए.कार्लाईल, भी. स्मिथ, डा. भोष्ट, जे. फ्लिट, टी.डब्लु. रीडस् डेभिस, डा. होय, जसकरण सिंह, भिक्षु धम्मालोक, ए .फूहरर, पी.सी.मुखर्जी, केशर शम्शेर जबरा, देबला मित्र बाबुकृष्ण रिजाल आदिको नाम अगाडि आउँछ । उनीहरु मध्ये केहीले उत्खनन् गर्दा प्राचीन पुरातत्वका वस्तुहरु एवं भग्नावशेषहरुको आधार नष्ट गरेको पनि ब्यापक गुनासो छ । त्यसो भएकोले पं. भोलानाथ उपाध्याय लगायतका पुरातात्विक वस्तुहरुको महत्व बुभ्ने केही विद्वानहरुले त्यसरी जथाभावी उत्खनन् कार्य नगर्न जोड पनि दिएका थिए ।

वास्तवमा त्यसबेला उत्खनन्बाट पाइएका धेरै वस्तुहरु मध्ये केही टुटफुट भएर नष्ट भए भने केही हराएको कुरा स्वयं ती पुरातत्वविद्हरुले पनि स्वीकारेका थिए । उनीहरुले एकले अर्कोलाई त्यसरी नष्ट गरेको आरोप पनि लगाए । त्यसरी आरोपित हुनेहरुमा डा. फूहरर मुख्य मान्छिन् । उनले कतिपय भग्नावशेषका बनावट नै विगारेको र केही सामानहरु जथाभावी खन्दा विग्रेका र नष्ट भएका थिए ।

Dhamma.Digital

बौद्धशास्त्र अनुसार राजधानी कपिलवस्तुका आफ्नै केही विशेषताहरु छन् । त्यहाँ राजा शुद्धोदनको ठूलो दरबार, दरबारभित्र ५०० जना शाक्यहरु वैठक गर्ने सन्थागार, राजारानीको ठूल्ठूला शयन कक्षहरु र अन्य कक्षहरु तथा दरबार वरपर ठूलो चौडा पर्खाल (Diffenceive Wall) र त्यो पर्खालको चारैतिर ठूल्ठूला चारवटा ढोकाहरु र त्यो पर्खाल बाहिर खाल्डो पोखरी भएको कुरा माथि उल्लेख गरि सकिएको छ । त्यस दृष्टिले पिपरहवामा पाइएको स्मारकको भग्नावशेषलाई प्राचीन दरबार सँग समीकरण गरी हेर्दा प्राचीन दरबारको नाप नक्शा आदि जुन चिनिया यात्रीहरु हुयन साङ्ग र फाहियानले आफ्नो यात्रा वर्णनमा गरेका छन्, त्यो अनुसार पिपरहवांको भग्नावशेष



Downloaded from http://www.dhamma.digital

पटक्कै मिल्दैन । अंग्रेजी अक्षर L आकारको पिप्रहवाको भग्नावशेषमा धेरै कोठाहरु छन् । ती कोठाहरु सबै स-साना छन् । ती कोठाहरु हेर्दा त्यो स्मारक गृहस्थीहरुको लागि भन्दा भिक्षुहरुका लागि निर्मित भएको भैं लाग्दछ । त्यसो भएकोले त्यो ठूलो बिहार धेरै भिक्षुहरुका लागि निर्माण गरिएको हुनु पर्दछ । त्यसको अतिरिक्त, राजदरबारको वरपर जुन डिफेन्सिब वाल हुनु पर्ने हो, त्यो त्यहाँ कतै देखिदैन । त्यस भग्नावशेषको गाह्रो, ढोका कोठाहरुको नाप नक्शा र आकार प्रकार पनि राजदरबारको भैं ठूलो भब्य नभएको र सा-साना भएको हुँदा त्यो कुनै ठूलो घर या बिहारको भग्नावशेष मात्र भएको प्रतीत भएकोले त्यो शुद्धोदनको प्राचीन दरबार होइन भन्ने प्रष्ट हुन्छ ।

त्यो भन्दा छुट्टै, बेग्लै र अभै महत्वपूर्ण कुरा भौगोलिक अवस्थितिको पनि हो । बौद्धशास्त्रमा कपिलवस्तु हिमालयको काखमा रहेको वर्णन छ जसको मतलब कपिलवस्तुबाट हिमाल देखिन्छ भन्ने हो । त्यस हिसाबले पिपरहवालाई हेरौं भने त्यहाँबाट कुनै पनि हिमाल देखिदैन । हिमाल नदेखिएको ठाउँलाई हिमालको काखमा भन्ने प्रश्न नै उठ्दैन । त्यस दृष्टिले हेर्दा पिपरहवा प्राचीन कपिलवस्तु हुनै नसक्ने प्रष्ट छ । त्यसको अतिरिक्त, बौद्ध वाङमय अनुसार कपिलवस्तुको सिमानामा नदी अवस्थित थियो । चिनिया यात्री हुयन साङ्गले पनि त्यो कुरा लेखेका छन् । तर पिपरहवा गनबरियामा त्यस्तो नदी कतै भेटिंदैन । नेपालको इतिहासकार भुवनलाल प्रधानले करिब डेढ दशक पहिले पिपरहवा गनवरिया छेउमा कतै नदी नभएकोले त्यो प्राचीन कपिलवस्तु हुन सक्दैन भनेर भन्नु भएको थियो । उहाँले Piparahawa Verses Tilaurakot भन्ने आफ्नो लेखमा लेख्नु भएको छ -Piparawa totally fails to fulfill necessary conditions. The absences of any stream beside Piparahawa or Ganawaris which the concerned archaeologist carefully avoids speaking of also deserve mention in this connection.



Downloaded from http://www.dhamma.digital

उहाँले आफ्नो लेखमा अर्को रोचक कुरा पनि थप्नु भएको छ। उहाँ लेख्नु हुन्छ -

When one of my articles published in the Mahabodhi, vol.85 No. 2-3-1977 March, Culcutta, pointed out this weekness of this, he later on cleverly made an artificial streamlet run by the Piparahawa site, since then he managed to make a lot of new aditions to the site, apparently of simulcrums, of course, including what he says to be the both and bone relics of lord Buddha himself.

प्राचीन कपिलवस्तुको नजिकै सम्राट अशोकले कनकमुनि र क्रकुछन्द को जन्मस्थलको स्तम्भहरु गाडेका थिए । ती स्तम्भहरु पिपरहवा गनवारिया वरपर नभै तिलौराकोट नेर भएको र शुद्धोदनको स्तूप, छन्दक स्तूप आदि पनि पिपरहवामा भेट्टाउन नसकिएकाले पिपरहवा प्राचीन कपिलवस्तु हुन नसक्ने प्रष्ट छ। इतिहासकारहरु र प्राचीन तीर्थयात्रीहरु कपिलवस्तुको दर्शनका लागि कहिल्यै पिपरहवा गएनन् । कुनै तीर्थयात्रीले पनि पिपरहवाको वर्णन गरेका छैनन् । पिपरहवा प्राचीन कपिलवस्तु भएको भए ती यात्रीहरु त्यहाँ नगई छाड्ने थिएनन् र त्यहाँ तिनीहरुले अहिले देखा परेका बिहार र स्तूपको वर्णन नगरी छाड्ने थिएनन् । ती यात्रीहरुले पिपरहवामा देखिएको बिहारको कतै वर्णन गरेको पाइदैन। सम्राट अशोकदेखि रिपु मल्ल सम्मका कुनै पनि प्राचीन तीर्थयात्रीहरु पिपरहवा तिर जाँदै नगएकाले त्यो ठाउँ त्यसबेला त्यति महत्वपूर्ण स्थान थिएन भन्ने प्रष्ट हुन्छ।

माथि उल्लेखित विवरणहरुबाट भारतको पिपरहवा प्राचीन कपिलवस्तु होइन भन्ने कुरा प्रष्ट भएकोले प्राचीन कपिलवस्तुको



Downloaded from http://www.dhamma.digital

खोजीको लागि तिलौराकोटको अध्ययन गर्नु प्रासंगिक हुन्छ ।

तिलौराकोट वर्तमान वाणगङ्गा नदीको किनारमा अवस्थित छ । त्यहाँ सानो जङ्गल छ । यताउता खण्डहर धेरै छन् । प्राचीन घरहरु र स्तूपहरुको भग्नावशेषहरु यत्रतत्र देखिन्छन् । ती स्तूपहरु मध्ये ठूला दुई स्तूपहरु राजा शुद्धोदन र रानी मायादेवीको भएको र अरु सिद्धार्थको प्यारो घोडा, सवार छन्दक र हात्तीको भएको कुरा स्थानीयवासीहरुको भनाई छ । तौलिहवा बजार देखि ३ किलोमिटर उत्तर पश्चिममा ठूलो क्षेत्रफल घेरेको इटाको पर्खाल छ त्यो पर्खाल पूर्व पश्चिम १७०० फीट जति र उत्तर दक्षिण करीब १३०० फीट लामो भएर फैलिएको छ । त्यहाँ राजा रानीको शयनकक्ष देखि अन्य ठूल्ठूला कक्षहरु प्रत्यक्ष देख्न सकिन्छ । त्यो भग्नावशेषको बनोट र गाह्रोको नाप नक्शा र ढोकाहरु आदि हेर्दा त्यही नै शुद्धोदनको दरबार हो भन्ने प्रष्ट हुन्छ ।

त्यो शुद्धोदनको दरबार हो कि होइन भनी नियाल्दा त्यहाँ बौद्ध बाङमयमा उल्लेखित ठूलो चौडा पर्खाल, त्यो पर्खाल बाहिर खाल्डो, ठूल्ठूला पोखरीहरु फेला परेका छन् ।

बुद्धधर्मका प्राचीन किताबहरुमा उल्लेखित कपिलवस्तुको भौगोलिक स्थिति अध्ययन गर्दा वर्तमान तिलौराकोट हिमालयको काखमा, बाणगङ्गाको किनारमा, जङ्गल नजिक, कनकमुनि र ककुछन्द बुद्धको जन्मस्थलको नजिक भएकोले प्राचीन कपिलवस्तु हो भनी सजिलै भन्न सकिन्छ ।

इतिहासकारहरु र पुरातत्ववेत्ताहरुले प्राचीन चिनिया यात्री फाहियान र हुयन साङ्को वर्णनलाई दिग्दर्शनको रुपमा लिएका छन् । फाहियानले लुम्बिनीबाट कपिलवसतु ९ माइल दक्षिण र हुयन साङ्गले १५/१६ माइल दक्षिण भएको उल्लेख गरेका छन् । त्यसो हुँदा १/२ जना विद्वानहरुले शुरुमा अर्थात सय वर्ष पहिले दुईवटा कपिलवस्तुको सिद्धान्त पनि प्रतिपादित गरेका थिए । भी. स्मिथले शुरुमा पिपरहवालाई



Downloaded from http://www.dhamma.digital

फाहियानको तथा तिलौराकोटलाई हुयन साङ्गको कपिलवस्तु अनुमान गरेका थिए । जे.ल्फीटले पनि त्यसैको अनुसरण गरे । तर टी. डब्लु. रीट्स डेभिसले महत्वपूर्ण उत्खनन् र अनुसन्धान गरेपछि तिलौराकोट नै प्राचीन राजधानी कपिलवस्तु हो भनी निर्णय गरे । जसलाई जनरलले कनिङ्घम लगायत सबै पुरातत्व वेत्ताहरुले समर्थन गरे । यत्तिसम्म कि भी.स्मिथ, जो ल्फीट र डब्लु.सी. पेपले पनि त्यो निर्णयको हार्दिक समर्थन गरे र तिलौराकोटको विवाद त्यसैबेला समाप्त भयो ।

तिलौराकोटको अरु अध्ययन गर्‍यौं भने त्यहा धेरै प्राचीन कुराहरु पाइएका छन । त्यहाँ नर्दन ब्लैंक पोलिस्ड वेयर (Nothern Black Polished ware N.B.P.) पनि पाइएका छन् । जसले मौर्यकालीन समयलाई इङ्गित गर्दछ । त्यस्तै त्यहाँ फेला पारिएका रेड वेयर (Red ware) भाडाले शुङ र कुषाणकाल जनाउँछ । तिलौराकोटमा अत्यन्त रमणीय माटाका देवी र नरनारीहरुका साथै जनावरहरुका मूर्तिहरु पनि पाइएका छन् । पुरातत्ववेत्ताहरुले मुद्राको जखीर (hords of coins) र केही विशेष चिन्ह अङ्कित माटाका मुद्राहरु Stamped seals, अस्थि धातु भएको चुनढुङ्गाका मञ्जुषाका विर्कोहरु (Lids of the relice cascate ashet made of soap) आदि पाइएबाट पुरातात्विक दृष्टिले तिलौराकोट धेरै पुरानो र समृद्ध देखिन्छ ।

भौगोलिक दृष्टिले तिलौराकोट वर्तमान नदीको किनारमा भएको त्यहाबाट हिमाल देख्न सकिने र नजिकै कनकमुनि र ककुछन्द बुद्धको जन्मस्थल भएकोले तिलौराकोट नै प्राचीन कपिलवस्तु हो भन्ने प्रष्ट हुन्छ ।

प्राचीन चिनीया तीर्थयात्रीहरुले आफ्नो कपिलवस्तुको भ्रमणमा देखेका कुराहरु जुन उनीहरुको यात्रा वर्णनमा उल्लेख छन् ती सबै कुरा- शुद्धोदन र मायादेवीका स्तूपहरु, शुद्धोदनको दरबार जुन



Downloaded from http://www.dhamma.digital

बिहारमा परिणत भएको थियो, त्यो बिहार, दरबारको नाप नक्सा आदि सबै वर्तमान तिलौराकोटमा पाइएको भग्नावशेष दरबारको नाप नक्शा सँग मिल्न आएको, दरबारको पर्खाल बाहिर खाल्टो र ठूलो पोखरीहरु पनि फेला पारिएकाले शुद्धोदनको  दरबार र राजधानी कपिलवस्तु तिलौराकोट नै हो भन्ने स्पष्ट रुपमा प्रमाणित गर्दछन् ।

उता भारतको पिपरहवा गनवारियामा त्यति प्राचीन वस्तुहरु फेला पार्न नसकिएको, जे जति फेला पारिए, ती बुद्धकालीन र त्यसपछिको मात्र भएको, त्यहाँ फेला पारिएको ठूलो स्मारक दरबार भन्ने प्रमाणित नभएको हुँदा त्यो ठाउँ राजा बिडुडभको हमला पश्चात शाक्यहरु र भिक्षुहरु बसेको महत्वपूर्ण बस्ती हो भन्ने धेरैको विश्वास छ ।

विश्व प्रसिद्ध विशेषज्ञहरुले तिलौराकोट र पिपरहवा दुबै ठाउँमा उत्खनन् गरी उत्खनन्बाट पाइएका वस्तुहरुको र स्मारकहरुको बौद्धशास्त्र, प्राचीन तीर्थयात्रीहरुको यात्रा वर्णनको आधारमा विस्तृत अध्ययन, अनुसन्धान र अन्वेषण गरेर तिलौराकोटलाई नै प्राचीन कपिलवस्तु हो भनी सय वर्ष भन्दा पहिले निर्णायक घोषणा गरेका हुन् । के हामी ती पर्याप्त प्रामाणित कुराहरुको आधारमा सत्य र धर्मको लागि तिलौराकोटलाई नै प्राचीन कपिलवस्तु मान्न सक्दैनौं ? के गौतम बुद्धले आफ्नो तरुण अवस्थाको २९ वर्ष त्यहाँ या यहाँ विताएका थिए भनी विवाद गर्नु भन्दा बुद्धले देखाएको कुरा कसले इमान्दारीपूर्वक पालना गर्दछ भन्ने महत्वको कुरा होइन र ? के यसबारे हामीले सोचेका छौं ? किनभने आज समय र धर्मको तकाजा छ कि सत्यको लागि हामीले आफ्नो आग्रह, दुराग्रह र पूर्वाग्रह त्यागी पञ्चशीलको अनुशीलन गरौं र आर्य अष्टाङ्गिक मार्ग अनुसरण गरौं ।

श्रीनगर त्रैमासिक
वर्षः ५ पूर्णाङ्कः १६- २०३३

Downloaded from http://www.dhamma.digital

# चल्ल र मल्ल कालीन कर्णाली प्रदेशमा बुद्धधर्म

आजभोलि कर्णाली प्रदेश भन्दा कर्णाली नदीको आसपास र कर्णाली अञ्चललाई लिने गरिन्छ। तर चल्ल र मल्ल राजाहरुले राज्य गरेको कर्णाली प्रदेशले अहिलेको भन्दा बिशाल भूभाग ओगटेको थियो। त्यसबेलाका शासकहरुले भारतको गढवाल, कुमाउ, तिब्बेतको दक्षिण पश्चिम भूभाग देखि गण्डक क्षेत्रसम्म आफ्नो आधिपत्य जमाएका थिए। कर्णाली प्रदेशका राजाहरुले नुवाकोट राज्य कब्जा गरि काठमाण्डौं उपत्यकामा समेत आक्रमण गरेका थिए। उनीहरु शक्तिशाली थिए। त्यस्तो शक्तिशाली राजाहरुले राज्य गरेको कर्णाली प्रदेशमा बिद्यमान बुद्ध धर्म र त्यसको प्रभाव सम्बन्धमा यहाँ चर्चा गर्ने जमर्को गरिएको छ।

शाक्यमुनि सिद्धार्थ गौतम बुद्धले बुद्धधर्मको प्रतिपादन गरेपछि बुद्ध धर्म वरपरका राज्यहरुमा द्रुततर गतिले फैलिंदै गएको सर्वविदित कुरा हो। नेपालमा कपिलवस्तु र देवदहबाट काठमाण्डौ उपत्यकामा यो धर्म पुगेको थियो। बुद्धको महापरिनिर्वाण पछि उहाँको अस्थिधातु पाउने हकदारका रुपमा आठवटा राज्यहरु -कपिलवस्तु, देबदह, कोलिए, राजगृह, अल्लकप्प, वेथदीप, पावा र कुशिनगर अग्रसर भएको बौद्ध



Downloaded from http://www.dhamma.digital

इतिहासमा उल्लेख छ। ती राज्यहरुले आफूले पाएको अस्थिधातु राखी आ-आफ्नो ठाउँमा चैत्य निर्माण गरेका थिए। ती देशहरुबाट पनि बुद्ध धर्म वरपरका छिमेकी राज्यहरुमा फैलिदै गएको थियो।

त्यसको करिब २०० वर्ष पछि सम्राट अशोकले आयोजना गरेको तेश्रो संगायनाको निर्णय अनुसार टाढा टाढाका ठाउँहरुमा धर्मदूतहरुको नौ समूह बनाएर सद्धर्मको प्रचार प्रसार गरेका थिए। तिनीहरु मध्ये एक समूह भिक्षु मध्यांतिको नेतृत्वमा काश्मीर र गांन्धार प्रदेशमा पुगेको थियो। जहाँबाट कर्णाली प्रदेश ज्यादै नजिक पर्दछ। त्यस्तै धर्मदूतहरुको अर्को समूह भिक्षु मध्येम थेराको नेतृत्वमा हिमवत खण्ड अर्थात वर्तमान नेपाल लगायतको उत्तरी भेगमा पुगेर धर्म प्रचार गरेको थियो। इसाको पहिलो शताब्दीमा सम्राट कनिष्कले काश्मीरमा एक संगायन गरेका थिए। उनले काश्मीर राज्य नै बौद्ध संघलाई समर्पित गरेका थिए। त्यसै बेलादेखि ठूल्ठूला बुद्धमूर्तिहरुको निर्माण गर्न थालियो। आचार्य नागार्जुनको प्रादुर्भाव पनि त्यसै बेला भएको थियो। जसको प्रभाव टाढा-टाढासम्म पुगेको थियो। त्यसको करिव सात सय वर्षपछि तिब्बतमा बुद्धधर्म स्थापित भयो। तिब्बतमा स्थापित बुद्धधर्मको प्रभाव पनि कर्णाली प्रदेशमा पर्याप्त परेको देखिन्छ। यस किसिमले विभिन्न बेलामा कर्णाली प्रदेशको चारैतिरको अवस्था हेर्दा जतातते वातावरण बौद्धमय भएको देखिन्छ। जसको प्रभाव त्यस प्रदेश भित्र पर्नु स्वाभाविक हो।

तर अहिले कर्णाली प्रदेश भित्र पसेर हेर्दा त्यो क्षेत्र विकास र निर्माणको दृष्टिले मात्र पछि परेको होइन, अन्य धेरै दृष्टिबाट पनि उपेक्षित रहेको देखिन्छ। लेखक र इतिहासकारको दृष्टि पनि त्यहाँ खास पुगेको छैन। यसको प्राचीनताका सम्बन्धमा पनि धेरै खोजी, अध्ययन र अनुसन्धान हुन बाँकी नै छ। योगी नरहरिनाथ, धनवज्र बज्राचार्य,



Downloaded from http://www.dhamma.digital

सत्यमोहन जोशी, डा. सूर्यमणि अधिकारी, डा. राजाराम सुवेदी लगायतका केही विद्वानहरुले त्यहाँको कनकपत्र, शिलापत्र, सन्धीपत्र, वंशावली, लोक संस्कृति, भाषाको विषयमा कलम चलाएर त्यहाँको कुरा बाहिर ल्याउने प्रयास गरेका छन्। केही विदेशी विद्वानहरुले पनि यस क्षेत्रमा केही गरेका छन्। इतिहासकारहरुले कर्णाली प्रदेशलाई नेपाली भाषा र संस्कृतिको आदि स्रोत मानेका छन्। त्यस प्रदेशमा बोलिने खस भाषा नै कालान्तरमा नेपाली भाषा भएको हो। संस्कृतिमा पनि त्यो प्रदेश सम्पन्न छ। खस जातिलाई कर्णाली प्रदेशको सर्वाधिक पुरानो जाति मानेका छन्। उनीहरुले त्यस जातिलाई अवैदिक आर्य भनेर वैदिक आर्य जस्ता रीतिथिति र नाटीकुटीमा कट्टरता नभएको वर्णन गरेका छन्। मनुस्मृतिले झल्ल, मल्ल, लिच्छवि, नट , करण, खस र द्रविडहरुलाई व्रात्यक्षत्री भनेको छ। जसले जनै लगाउदैनन्, व्राह्मण पुरोहित मान्दैनन् र मदिरा सेवन गर्दछन्। उनीहरुलाई मतवाली क्षेत्री भन्ने गरियो। उनीहरु मध्ये ठूला वडा र राजघरानाकाहरुले पछि जनै लगाएर तागाधारी क्षेत्री र कोही ठकुरी बनेको इतिहास छ।

शासन सत्ताको हिसाबले कर्णाली प्रदेशका सबभन्दा पुरानो राजा नागराज मानिन्छ। नागराजले स्थापना गरेको राज्यमा चाप, चपिल्ल, चल्ल, मल्ल र बर्माहरुले राज्य गरेका थिए। पालहरुको पनि शासन सत्तामा महत्वपूर्ण भूमिका रहेको देखिन्छ। बर्माहरुको शासन काल पछि बाईसे राज्य र चौबिसे राज्यको उदय भएको थियो। नागराजलाई तिब्बतको एउटा प्रदेशका शासकका रुपमा पनि उल्लेख गरिएको छ। दुल्लुको कीर्ति स्तम्भले पनि उनलाई तिब्बतको खारी प्रदेशबाट आएको बताएको छ। उनी प्रतापी र बिजेता थिए र उनले धेरै सुधारका काम गरेका थिए। गढवाल वाराहाटको एउटा मूर्तिमा तिब्बती भाषा र लिपिमा "भट्टारक नागराज मुनिको (कृति)" भनेर



Downloaded from http://www.dhamma.digital

लेखिएको फेला पारिएको छ। त्यस अभिलेखको आधारमा उनी तिब्बतबाट आएका, बौद्धधर्मावलम्बी भएका र उनको अभिलेखमा पनि बुद्ध मूर्ति अंकित गरिएकाले उनी पक्का बौद्ध धर्मावलम्बी भएको प्रष्ट हुन्छ।

कर्णाली प्रदेशमा शासनगर्नेहरु मध्ये चल्ल र मल्लहरु सर्वाधिक शक्तिशाली र लामो समय राज्य गर्ने मानिएको छ। उनीहरुको पालामा कर्णाली राज्य सर्वाधिक ठूलो क्षेत्रमा फैलिएको थियो। राज्य फैलिए भै त्यसबेला निर्माण गरिएका बौद्ध स्मारकहरु पनि यताउता देखिन्छन्। अछामको कुची विहार स्तूप, विनायकको पञ्चदेवल, मान्मकालिकोटको पञ्चदेवल, दुल्लु पाथरनाउली माथिको पञ्च देवल, पादुकास्थानमा रहेको बुद्धमूर्ति अंकित अभिलेख, सुर्खेत स्थित काक्रे विहारको भग्नावशेष, सिंजा लामांथाडामा प्राप्त बुद्ध मूर्ति अंकित माटाका चक्कीहरु, शिलापत्र आदिको माथिल्लो भागमा लेखिएको "ओम मणि पद्मे हुँ" कनकपत्र, सन्धीपत्र आदिमा रत्न त्रय- बुद्ध, धर्म र संघलाई साक्षी राख्ने गरिएको चलनले त्यहाँ बुद्ध धर्मको प्रभाव के कस्तो रहेको थियो भन्ने प्रष्ट जनाउँछ। तिनीहरु मध्ये केहीको हिन्दूकरण भै अहिले तिनीहरु हिन्दूका मन्दिर भएका छन्। काक्रे बिहारलाई पनि हिन्दू मन्दिर बनाउने चेष्टा भैरहेछ। त्यहाँ शिखर शैलीको मन्दिर भएकोले अनुमान गर्नेहरुले त्यसो भन्न थालेका हुन्। बौद्धहरुको महत्वपूर्ण तीर्थस्थल भारतको बोधगयामा भएको गन्धकुटी मन्दिर आफै शिखर शैलीको छ। काठमाण्डौ उपत्यकामा पनि शिखर शैलीका धेरै बौद्ध मन्दिरहरु छन्। तिनीहरुकै प्रतिकृति रुप कर्णाली प्रदेशमा बनाइएका हुन्। बुद्धधर्मका यस्ता कुरालाई वास्ता नै नराखी शिखर शैलीको भएकाले हिन्दूको मन्दिर हो भन्नु न्यायसंगत होइन।

सुर्खेत उपत्यका त्यसबेला बुद्धधर्मको महत्वपूर्ण स्थल थियो। सुर्खेतमा सारिएको अभिसमयालंकार हस्तलिखित बौद्ध ग्रन्थ तिब्बतको



Downloaded from http://www.dhamma.digital

स्पोनकाङ्ग गुम्बामा पाइएको छ। त्यहाँको शिलालेख र बीरेन्द्रनगरमा प्राप्त बुद्ध, मैत्रेय, लोकेश्वर, ताराका मूर्तिहरु कला र शिल्पको उच्च नमूना मानिन्छन् । तिब्बतका बौद्ध तीर्थयात्रीहरु हिमाल पार गरेर सिंजादुल्लु हुदै सुर्खेतबाट लुम्बिनी, कपिलबस्तु, भारतको सारनाथ र वोधगयाको तीर्थाटन गर्ने गर्दथे। मुस्ताङको मुक्तिनाथलाई बौद्धहरुले लोकेश्वर मानेर पूजा गर्ने गर्दथे। तर आजभोली मुक्तिनाथलाई बौद्धहरुको भन्दा हिन्दूको हो भनेर धेरै प्रचार प्रसार भैरहेको छ।

काठमाडौ उपत्यकाको राजाहरुले आफ्नो नामको साथ बौद्ध उपाधि राखे झैं कर्णाली प्रदेशका ठूल्ठूला राजाहरुले पनि त्यस्तो उपाधि धारणा गरेको हामी पाउँछौं। चल्ल र मल्ल राजाहरु धेरैले आफूलाई "परम सौगत (बुद्धका ठूलो उपासक)" भनेर लेखेका छन्। उनीहरुले आफ्नो कुललाई "जिनिकुल" भनेका छन्। कुमाउ बालेश्वर मन्दिरमा राखिएको ताम्रपत्रमा क्राचल्ल मल्ललाई "जिनिकुल कमलका दिवाकर" भनेर भनेका छन्। उनले मैत्रेय र मञ्जुश्रीका सुनका मूर्तिहरु बनाएर चढाएको तिब्बती वंशावलीमा लेखिएको छ। सुर्खेतको काक्रे विहार उनैले बनाएको अनुमान गरिएको छ।

अशोक चल्लले आफ्नो अभिलेखमा निर्वाण संवत् प्रयोग गरेका छन्। निर्वाण संवत् सिंहली परंपरा अनुसार भगवान बुद्धको परिनिर्वाण पश्चात प्रचलनमा ल्याइएको संवत् हो। उनले आफ्नो राज्यमा वोधगयामा भएको जस्तै शिखर शैलीको गन्धकुटी मन्दिर बनाउनुका साथै भारतको वोधगयामा पनि बुद्ध मन्दिर बनाएका थिए। उनले महावोधिको पूजा चलाउने व्यवस्था समेत मिलाएका थिए। उनले काश्मीरबाट आएका भिक्षु गुपचुपी र पण्डित मुशललाई ठूलो आदर सम्मान गरेर राखेका थिए। उनलाई गोपेश्वरको त्रिशुल लेखमा "अभिनववोधि सत्वावतार" र वोधगयाको दुइटा अभिलेखमा "प्रवर महायानयिन"



Downloaded from http://www.dhamma.digital

भनिएको छ। अशोक चल्लको दुल्लु पादुका स्थानको शिलालेख पनि धेरै चर्चित छ। जसमा ओम् नमो बुद्ध्येय स्री .......... भनेर शुरु गरिएको छ।

कर्णाली राज्यका राजाहरुमध्ये जितारि मल्ल र रिपु मल्लको नाम नेपालको इतिहासमा पनि धेरै ठाउँमा आएको देखिन्छ। जितारि मल्लले तीन पटक काठमाडौं उपत्यकामा आक्रमण गरेका थिए। उनी प्रत्येक पटक काठमाडौ जाँदा स्वयम्भू, रातो मछेन्द्रनाथ र बौद्धको दर्शन गर्ने गर्दथे र कोष चढाउथे। रिपु मल्ल धार्मिक मात्र होइनन्, विद्वान पनि थिए। उनले लघुरत्न त्रय नामको धार्मिक ग्रन्थ अनुवाद समेत गरेका थिए। उनले अछाम कुची गाउँमा बनाउन लगाएको नाउली र त्यसमाथिको लघु चैत्य अहिले सम्म पनि देख्न सकिन्छ। सुर्खेतबाट सारी भोटमा लगिएको अभिसमयालंकार बौद्ध ग्रन्थमा उनलाई "राजराजेश्वर लोकेश्वर" भनिएको छ। उनले भगवान बुद्धको पवित्र जन्मभूमि लुम्बिनी र कपिलवस्तुमा गएर त्यहाँको मायादेवी मन्दिर र चैत्यको दर्शन गरि अशोक स्तम्भमा आफ्नो नाम पनि कुँदेका छन्।

Dhamma.Digital

राजा आदित्य मल्ल बालक कालमा भोटको शाक्य मठमा गएर भिक्षु नै बनेका थिए भन्ने कुरा भोटको बंशावलीमा लेखिएको छ। प्रताप मल्ल बुद्ध धर्ममा यत्ति समर्पित थिए कि उनले राजा हुनुभन्दा भिक्षु हुनु राम्रो भनेर भिक्षुत्व रोजे र गोर्खाको ताघवाई गुम्वामा गएर ध्यानको अभ्यास गरेका थिए। ताघवाई गुम्बालाई कर्णाली प्रदेशका राजाहरुले विशेष सम्मानको दृष्टिले हेर्ने गरेका थिए। आदित्य मल्ल र पुण्य मल्लले त्यहाँ ताम्रपत्र राखी त्यस गुम्बामा बसेर धर्मशास्त्र बमोजिम पाठपूजा गर्ने लामाहरुलाई कसैले दुःख नदिनु भन्दै युद्धका लागि काठमाडौ जाँदा आउँदा गुम्बालाई घच्च नलगाउनु भन्ने आदेश पनि दिएका



Downloaded from http://www.dhamma.digital

थिए। त्यसपछिका राजाहरु पृथ्वी मल्ल, सूर्य मल्लहरुले पनि बुद्धधर्ममा ठूलो आस्था राखेका थिए। पृथ्वी मल्ल अपेक्षाकृत उदार थिए। उनले भिक्षु, धर्म प्रचारक कलाकारहरुलाई सबै प्रकारका कर माफी दिएर प्रोत्साहित गरेका थिए । पुण्य मल्ल र पृथ्वी मल्लले आफूलाई श्रीधनाराधनाधिग प्राज्य राज्य रक्षानाम् (बुद्धका उपासना गर्नाले ठूला राज्यको रक्षा गर्न समर्थ भएका छौं) भनेका छन् । पृथ्वी मल्लले बनाएको अछामको कुची बिहार, पाथरनाउली माथिको पञ्च चैत्य आदि अहिले पनि देख्न सकिन्छ। जुम्ला उपत्यकामा जन साधारणले बनाएका बौद्ध स्तूपहरु मियागाउँ र भण्डारीवाडामा प्राप्त भएका छन्। डोल्पा गुम्बा, ताराको धाङसा गुम्बाको संरक्षण बाइसे राजाहरुले पछिसम्म गरिराखेको इतिहास प्राप्त भएको छ।

कर्णाली प्रदेशका राजाहरुको यो विशेषता मानिन्छ कि उनीहरुले बुद्धकालमा भगवान बुद्धले जसरी आफ्नो उपदेश आदि सर्वसाधारणले बुझ्ने गरेर चलनचल्तीको भाषा प्रयोग गरेका थिए, त्यसै गरि ती राजाहरुले पनि जनताले बुझ्नुपर्ने सबै कुराहरुमा बोलीचालीको भाषा प्रयोग गर्ने गर्दथे। त्यहाँका राजा र ठूलाबडा मात्र होइन, सर्वसाधारण जनता सबैले रत्न त्रय- बुद्ध धर्म र संघमा आस्था विश्वास राख्दथे । उनीहरुका तमसुक, सन्धीपत्र आदि महत्वपूर्ण कागज पत्रहरुमा साक्षीका रुपमा मानिसको साटो बुद्ध, धर्म र संघलाई राख्ने चलन थियो । त्यसरी बुद्ध धर्म र संघलाई साक्षी राखेपछि त्यो पक्का मानिन्थ्यो । कसैले वेइमान आदि पनि गर्दैनथे। जुन चलन अन्यत्र देखिएको छैन। यी सबैका आधारमा इतिहासकारहरुले बुद्धधर्म कर्णाली राज्यको राज्य धर्म भएको उल्लेख गरेका छन् । तर कर्णाली राज्य कहिले स्थापना भयो, त्यो प्रष्ट छैन । राजा नागराजको तिथि मिति पनि देखिएको छैन । चाप, चापिल्लहरुले के कति शासन गरे त्यो पनि



Downloaded from http://www.dhamma.digital

ठम्याउन सकिएको छैन। क्राचल्लले १२०७ मा राज्यारोहण गरेको देखिन्छ। खस राज्य चौधौं शताब्दीको अन्तसम्म चलेको, पछि वर्माहरु, वर्मापछि बाइसे चौबिसे राजाहरुको उदय भएको देखिन्छ।

बुद्ध धर्म राज्य धर्म भएको सो समाजमा जातिपातीको भेदभाव थिएन। बिवाह आदि गर्नमा जातीय बन्धन थिएन। नारीहरु स्वतन्त्र थिए। उनीहरु हस्तकला लेख्दथे र कपडा आदि बुन्दथे। राजाहरुले शिल्पी, कलाकार र श्रमजीविहरुको संरक्षण गर्दथे। उनीहरुले निर्माण गरेका देवल, धारा, कुवा, चैत्य, स्तम्भहरु कर्णाली प्रदेशमा यत्रतत्र देखिन्छन्। यशो वर्मा, देव वर्मा, मलय वर्मा देखि सर्वसाधारण तारादेवी, साउना कार्की आदिले बनाएका थुप्रै बौद्ध स्मारकहरु आज पनि देख्न सकिन्छ। जसमा "ओम मणि पद्मे हुँ" लेखेर बुद्धधर्म प्रति अपार श्रद्धा प्रकट गरेका छन्। मल्लहरुको हातबाट त्यसबेला सामन्त रहेका वर्माहरुको हातमा शासन सत्ता गएपछि कर्णाली प्रदेशको विघटन शुरु हुन्छ। बाइसे चौबिसे राज्यहरु बनेपछि समाजको बनोट पनि परि वर्तन हुन्छ। भेदभावविहीन समाजमा जातीय भेदभाव शुरु हुन्छ। ठूलो र सानो जात, छुन हुने र छुन नहुने जातीय भेदभावको परंपरा भित्रिन्छ। नारी स्वतन्त्रता हराउँछ र श्रमिक मजदुरहरु शोषित पीडित भै पिल्सिन्छन्। अहिले हामी जुन भेदभाव, शोषण र उपेक्षित ब्यवहार देख्दैछौं, त्यो त्यही परिवर्तनको परिणाम हो। बुद्धधर्म हुनु र नहुनुको अन्तरबोध कर्णाली प्रदेशको इतिहासले राम्ररी देखाएको छ।

नेपाल समाचारपत्र

फागुन २९ गते

२०६२



Downloaded from http://www.dhamma.digital

# पोखराको फ्लोरिङ्ग, फर्निसिङ्मा सबै भन्दा पुरानो नाम

**ETC ELEGANCE TRADE CENTRE**
Chipledhunga, Pokhara




पर्दा, कारपेट, ब्लाङ्केट, सिरक, डसना, तन्ना, फर्निचर र अन्य घर तथा कार्यालयको लागि चाहिने सम्पुर्ण सामाग्रीहरुको लागि
सधैं सम्झनुहोस्

## एलिगेन्स ट्रेड सेण्टर


चिप्लेढुङ्गा, पोखरा, फोनः ०६१-५२०७३७/५३९०३९






Downloaded from http://www.dhamma.digital

# Totel INFOTAINMENT



POKHARA FM 95.8 MHz
Smart Choice

Phone no.:
061-532583
061-533131
061-535237

Downloaded from http://www.dhamma.digital